

कालञ्जर क्षेत्र र गलेश्वर धाम

(पौराणिक विमर्श)

इ. पु.
६४९

डा. जगन्नाथ रेग्मी


Jaljala Rural Municipality
N
BANSBHARYA
1
LEKHPHANT
5
MAJPHANT
2
MAJPHANT
3
MAJPHANT
4
SALUA
6
Jaljala Rural Municipality
DHARING
7
BAHAU
9
MANGLANG
8
Prepared by: Tulsiram Sharma, DCC
Legend
Jaljala_ward_centre
Jaljala_Bz_road
Jaljala Rural Municipality
New_ward
1
2
3
4
5
6
7
8
9
0 0.425 0.85 1.7 2.55 3.4
Kilometer
1:60,000

कालञ्जर क्षेत्र
र
गलेश्वर धाम
(पौराणिक विमर्श)

डा. जगन्नाथ रेग्मी

कृति : कालञ्जर क्षेत्र र गलेश्वर धाम (पौराणिक विमर्श)
लेखक : डा. जगन्नाथ रेग्मी
इमेल : jaganregmi8@gmail.com
प्रकाशक : गाउँ कार्यपालिकाको कार्यालय, जलजला गाउँपालिका. लामाखेत, पर्वत
प्रकाशन वर्ष : २०७६ श्रावण
संस्करण : प्रथम
प्रकाशित सङ्ख्या : ३००१ प्रति
सर्वाधिकार : लेखक/ प्रकाशकमा
ISBN : ९७८९९३७०-६२८६-२
आवरण : कालञ्जरको पृष्ठभूमिमा हिमश्रृङ्खला, कालञ्जर पर्वत र गलेश्वरधाम
कम्प्युटर सेटिङ : गोविन्दप्रसाद रेग्मी, पोखरा
मूल्य रु. : ३०१/-
व्यवस्थापन/वितरण: गण्डकी गोपाल गौशाला, धाइरिङ्, पर्वत
मुद्रण : बन्धु अफ्सेट प्रेस
पोखरा-९, नयाँबजार
फोन नं. : ०६१-५३२३४४
ईमेल : bandhupress@gmail.com

SANSKRIT UNIVERSITY
वाल्मीकि विद्यापीठ
ACC. 32598
32598

३.५.३२७४३

शुभेच्छा का केही शब्द

कवित्व र विद्वत्ता को राम्रो प्रतिभा लिएर जन्मेका डा. श्री जगन्नाथ रेग्मी ले लेख्नु भएको **'कालञ्जर क्षेत्र र गलेश्वर धाम'** (पौराणिक विमर्श) नामक प्रस्तुत कृति सरसरती पढ्न पाउँदा मेरो मन अत्यन्त हर्षित भयो । एस कृति मा श्री रेग्मी ले विविध ग्रन्थहरू का साथै वैदिक पुराणहरू को राम्रो परिशीलन गरेर तीर्थभूमि कालञ्जर को खोजी र पहिचान गर्नु भएको छ । श्रीमद्भागवत पाठ गर्दा मेरा मन मा पनि धेरै पटक कालञ्जर पर्वत त एतै पो हो कि ? लाग्ने नगरेको होइन, तापनि एसरी विविध प्राच्य ग्रन्थहरू को विस्तृत उद्धरण सहित एसको प्रामाणिकता परिलक्षित हुन पाएको थिएन । आज त्यो कमी होनहार प्रतिभा श्री जगन्नाथ रेग्मी जी ले पूरा गरिदिनु भएको छ र उहाँ नितरां धन्यवाद को पात्र बन्नु भएको छ । एस कृति बाट श्री रेग्मी ले परिश्रम साथ विभिन्न पुराण का अतिरिक्त इतर ग्रन्थहरू को समेत परिशीलन गरेर गण्डकी प्रस्रवण क्षेत्र को हम्पाल पर्वत समूह र तेसका भञ्ज्याङ, देउरालीहरू नै कालञ्जर पर्वत का परिसर हुन् भनेर ठोकुवा गर्न सक्नु भएको छ र गर्न सकिने बलियो आधार हामीलाई खडा गरिदिनु भएको छ ।

मलाई कस्तो लागिरहन्छ भने हिमवत्खण्ड को केन्द्र मा रहेको हाम्रो नेपाल पूर्णतया नै तीर्थभूमि हो । विज्ञजन मा विदितै छ, तीर्थ शब्द का अनेक अर्थ छन् र ती मध्ये तीन अर्थ ले प्रमुख स्थान पाएका छन् । ती तीन अर्थ मध्ये पहिलो अर्थ ले विशिष्ट ज्ञानकेन्द्र वा मठ-मन्दिर आदि भएको ठाउँ, दोस्रो अर्थ ले ईश्वरीय विभूति वा महापुरुष को जन्म र कर्म सँग सम्बन्धित भूमि र तेस्रो अर्थ ले निर्मल जलाशय वा नदीप्रवाह भएको क्षेत्र भनेर लिन सकिन्छ । प्राचीन हिमवत्खण्ड यी तीनवटै अर्थ को संवाहक थियो र आज पनि एसले ज्ञानमय भूमि भन्ने तात्पर्य बाहेक बाँकी सबै तात्पर्य को संवहन राम्ररी गरिरहेको अवस्था छ । ज्ञानमय भूमि भन्ने तात्पर्य चाहिँ अहिले ओझेल मा परेको छ, तर तीर्थ शब्द को यो ज्ञानमय भन्ने तात्पर्य पनि पूज्य ऋषि, महर्षिहरू को जन्म र कर्मभूमि भएका नाता ले ज्ञानभूमि भन्दा इतर थिएन भन्ने कुरा स्वतःसिद्ध छ ।

तर एसका साथै गलेश्वर पुलहाश्रम र कालञ्जर गिरि ले शोभायमान एस पावन भूमि मा कुनै बेला ऋषिगण को विद्यमानता मात्र होइन साधनसम्पन्न शिक्षालय किंवा गुरुकुल विश्वविद्यालय को पनि उपस्थिति थियो र तेसकै कारण यो ज्ञानार्जन का निम्ति उच्चतम भूमि का रूप मा टाढा टाढा सम्म पनि सम्मानित

र चर्चित थियो भन्ने कुरा माथि भने भैं नराम्ररी ओझेल मा परेको छ। अब हाम्रो ध्यान तेता पनि नगई भएको छैन। हुनसक्छ एस क्षेत्र मा कुनै विशिष्ट विश्वविद्यालय नै पो सञ्चालित थियो कि ? यद्यपि त्यो ज्ञानसंस्था तक्षशिला र नालन्दा जति समृद्ध र विशाल अवश्य नै थिएन, तर त्यो ती दुवै भन्दा प्राचीन र निक्कै गम्भीर प्रकृति को हुन असम्भव छैन। अथवा के कस्तो थियो तेसबारे हाम्रो ध्यानदृष्टि पुग्न सकेको छैन। यद्यपि एसको संकेत श्रीमद्भागवत को रहूगण राजा र राजर्षि भरत को संवाद को प्रसंग बाट मात्र पनि हामीले पाइसकेका छौं, तर हामीमा अहिले पनि ठूलो अलमल विद्यमान छ। हामी एस प्रकार को परिकल्पना गर्ने अवस्था मा पुग्न पनि डराइरहे जस्ता छौं। तर सौभाग्यवश प्रस्तुत कृति का लेखक ले प्राच्य महिमा ले मण्डित कालञ्जर लाई चिनाइदिएर उक्त ज्ञानकेन्द्र को सम्भावना लाई खोज्न आँट गर्ने वातावरण लाई निम्त्याइदिनु भएको छ। एस अर्थ मा पनि नवयुवा लेखक श्री रेग्मी हामी सबै को प्रशंसा र साधुवाद का पात्र बन्नु भएको छ।

संस्कृत वाङ्मय का गहन ग्रन्थहरू भित्र पसेर तथा अनमोल रत्न सरह का प्राचीन उक्तिहरू प्रस्तुत गरेर युवा विद्वान् श्री जगन्नाथ रेग्मी ले नेपाल को गौरव बढाउन मा गर्नु भएको सत्कार्य एवं टिपिएका संस्कृत उक्तिहरू को सरल नेपाली भाषा मा आशय पस्कने कार्य ले सर्वसाधारण पाठक लाई सहयोग भएको छ र यो अब आम नेपाली को जानकारी को विषय समेत बन्ने भएको छ। उहाँ को एस सत्प्रयास लाई अवश्य पनि राष्ट्रिय गरिमा का अन्वेषक विद्वान्हरू ले मन पराउनु हुनेछ र आशीर्वाद प्रदान गर्नु हुनेछ। अन्त मा इनै हार्दिक शब्दहरू का साथ ग्रन्थकार मा पुनः पुनः साधुवाद अर्पित गर्दै उत्तरोत्तर उन्नति को शुभेच्छा व्यक्त गर्दछु। धन्यवाद,

मुकुन्दशरण उपाध्याय
श्रीराधाकृष्ण वैदिक गुरुकुलम्,
काठमाण्डू, टंगाल

५.५.७४५

जलजला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लामाखेत, पर्वत

२०७३

प.सं.

च.नं.

गण्डकी प्रदेश नेपाल

प्रकाशकीय

नेपालको गण्डकी प्रदेशअन्तर्गतका जिल्लाहरूमध्ये पर्वत जिल्ला भौगोलिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक र पौराणिक दृष्टिले समेत प्रसिद्ध छ । यसै जिल्लाको उत्तरी भेकमा अवस्थित साबिकका बाँसखर्क, माझफाँट, लेकफाँट, शालिजा, धाइरिङ, नाग्लिवाङ, वनौं गा.वि.स.मिलेर **जलजला** गाउँपालिका बनेको हो । गाउँपालिकाको नामले पनि यस क्षेत्रको प्राकृतिक र पौराणिक महत्त्वको प्रतिनिधित्व गर्दछ । समुद्री सतहदेखि ३३०० मिटरभन्दा माथिको उचाइमा अवस्थित जिल्लाको सबैभन्दा अग्लो **हम्पाल** पर्वत अर्थात् पुराण, महाभारत आदि ग्रन्थहरूमा वर्णित प्रसिद्ध **कालञ्जर** पर्वतका नजिकै रहेको सिमसारक्षेत्र नै **जलजला** हो । यो ताल अन्नपूर्ण धवलागिरि पदमार्गका पर्यटकहरूको विश्राम गर्ने केन्द्र पनि हो । यही स्थल नै देवराज इन्द्रद्वारा निर्मित **देवह्रद** नामक प्राचीन सरोवर हो भन्ने पौराणिक मान्यता र लोककथन छ । त्यसैका आधारमा यस गाउँपालिकालाई **जलजला** नामकरण गरिएको हो । यसलाई मृगतीर्थ पनि भनिन्छ । यसको सन्बन्ध कालञ्जर पर्वतसँग जोडिएको छ । यस पर्वतको मुख्य केन्द्र मोदी गाउँपालिका ४ र जलजला गाउँपालिका ६ मा पर्दछ ।

प्राचीन कालमा तपोभूमि रहेको यो क्षेत्र पर्वत जिल्लाकै गौरव हो भने देवभूमि नेपालको पावन तीर्थस्थल पनि हो । पुराणहरूमा नेपाल र भारतका ठूला ठूला तीर्थभैं यस तीर्थको वर्णन भएर पनि आजसम्म यस भूमिको महत्त्वबोध नहुनु हामीले आफैलाई नचिन्नु जस्तै हो । भूगोल मात्र हाम्रो पहिचान होइन , त्यसभित्र रहेका भाषा, साहित्य, कला, इतिहास, प्राचीन मठ मन्दिर, धर्म, परम्परा आदि हाम्रा विशिष्ट पहिचान र समाजका निधि हुन् । यिनै तत्त्वहरूले समाजलाई जीवन्त बनाउँछन् । समाजमा रहेका त्यस्ता सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रचार प्रसार गर्नु हाम्रो दायित्व हो । यही दायित्वबोधले हामीलाई झक्झकाएको

छ । यसै सिलसिलामा अनुसन्धाता डा. जगन्नाथ रेग्मीद्वारा लिखित **कालञ्जर क्षेत्र र गलेश्वर धाम** नामक अनुसन्धानात्मक कृति प्रकाशन गर्न लागिएको हो । पौराणिक गौरवका रूपमा प्रसिद्ध पुण्यभूमि कालञ्जरको परिचय दिने ग्रन्थको अभावलाई पूरा गर्न प्रस्तुत कृति उपलब्धिमूलक हुनेछ । यस कृतिमा कालञ्जर पर्वतका पौराणिक मान्यताहरूलाई केलाउँदै जलजला गाउँपालिकाभित्रका मात्र नभएर समग्र कालञ्जर क्षेत्रअन्तर्गतका दर्शनीय स्थल, प्राचीन ताल, मठ मन्दिर, आश्रम एवं तपस्थली र त्यागी महापुरुषहरूका रोचक जानकारी उद्घाटित भएका छन् । यस क्षेत्रका विशिष्ट प्रतिभा डा. रेग्मीले आफ्नो अनुभव, ज्ञान, स्थलगत अध्ययन अवलोकन, ऐतिहासिक सन्दर्भ, सम्बन्धित क्षेत्रका व्यक्तिहरूसँगको अन्तरक्रिया एवं तत् तत् स्थानका पौराणिक आधारहरूको अन्वेषण गरी आधिकारिक कृति तयार पारेको हुनाले कालञ्जर क्षेत्र र गलेश्वर धामसँग सम्बद्ध शास्त्रीय रहस्य बुझाउँन यस कृतिको महत्त्वपूर्ण भूमिका रहनेछ ।

कालञ्जर क्षेत्र समृद्धिको अथाह सम्भावना बोकेको क्षेत्र हो । यहाँ घना जङ्गल, दुर्लभ जडीबुटी, वृक्ष वनस्पति पुरातात्त्विक सम्पदा तथा पर्यटकीय महत्त्वका अनेक ठाउँहरू रहेका छन् । तिनीहरूको समष्टि विकासका निम्ति गाउँपालिकाले पर्वत बेनीदेखि कालञ्जरसम्म पुग्ने सर्किट रुट तयार पारिरहेको छ । यसलाई धार्मिक पर्यटन तथा पर्यापर्यटनको केन्द्रका रूपमा विकसित गर्ने लक्ष्य पनि लिएको छ । कालञ्जर क्षेत्रका यिनै विविध पक्षहरूलाई समेटेर कडा मिहिनतका साथ तयार पारिएको प्रस्तुत कृति प्रकाशित गर्ने अवसर दिनुभएकोमा विद्वान् लेखक डा. जगन्नाथ रेग्मीज्यूप्रति हामी आभार प्रकट गर्दछौं । आगामी दिनमा पनि यस क्षेत्रसँग सम्बन्धित महत्त्वपूर्ण कृतिहरू प्रकाशित हुँदै जाउन् भन्ने अपेक्षा राख्दै कृति प्रकाशनमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबै मा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

यामबहादुर मल्ल (रामकृष्ण)
अध्यक्ष

आत्मकथन

पुराणमा वर्णन भएअनुसार गण्डकी उत्पत्तिदेखि गण्डकी र भागीरथी सङ्गमपर्यन्तको भूभाग हरिहरक्षेत्र हो । यस क्षेत्रलाई सर्वदेवमय शालग्राम क्षेत्र भनिएको छ । यसै क्षेत्रभित्रको एउटा उपखण्ड हो कालञ्जर क्षेत्र । यो क्षेत्र सप्तगण्डकीले अभिसिञ्चित गण्डकी प्रदेशको मध्यवेदी पनि हो । स्कन्दपुराण, पद्मपुराण, वाराहपुराण, श्रीमद्भागवतमहापुराण एवम् अन्यान्य पुराण, महाभारतादि ग्रन्थहरूमा वर्णित यो क्षेत्र मुनिहरूको मोक्षभूमि, सिद्धर्षिहरूको साधनाभूमि, दिव्यात्माहरूको दिव्यभूमि कर्मयोगीहरूको कर्मभूमि, पुण्यात्माहरूको पुण्यभूमि, तपस्वीहरूको तपोभूमि, सन्त सज्जनहरूको आश्रय भूमि हो । कालीगण्डकीका पूर्वापर फैलिएर रहेका पर्वतमालाका बीचमा पर्वत जिल्लाको जलजला र मोदी गाउँपालिकाको शीर्षस्थलमा अवस्थित हिमपाल (हम्पाल) पर्वत यसको मुख्य केन्द्र हो । यस पर्वतका पूर्व पश्चिम उत्तरदक्षिणमा सुशोभित अन्य पर्वतहरू यही हम्पाल वा कालञ्जर पर्वतका उपक्षेत्र हुन् । यस क्षेत्रलाई समस्त भारतवर्षकै पुण्यतम भूमिका रूपमा पुराणले व्याख्या गरे पनि बत्तीमुनिको अध्याँरो झै यसको महत्त्वबोध हुन सकेको छैन । कालञ्जर क्षेत्रभित्र पौराणिक महत्त्वका तालतलैया, नदी- नाला, डाँडा- काँडा, गिरि-गुफा छन् भने प्राकृतिक महत्त्वका दुर्लभ वन्यसम्पदा धार्मिक सांस्कृतिक गौरवका देवस्थल, सिद्धस्थल एवं ऐतिहासिक स्थलहरूका अवशेष विद्यमान छन् ।

कतिपय देशहरूले केही नभएको ठाउँमा कृत्रिम संरचना तयार गरेर पर्यटन प्रवर्द्धनका माध्यमले त्यस ठाउँलाई विकासको चरमचुलीमा पुऱ्याइरहेका छन् । हामी आफ्नै जन्मभूमिमा भएका प्राकृतिक सम्पदा र पुराण प्रसिद्ध पावन धामहरूको पहिचान गर्न सकिरहेका छैनौं , भएर पनि नभएजस्तो, माल पाएर पनि चाल नपाएजस्तो गरिरहेका छौं । यही सन्दर्भमा कालञ्जरको महत्त्व प्रकाशनका निमित्त यो प्रयास गरिएको हो ।

यो कृति कालञ्जर क्षेत्र र त्यस क्षेत्रअन्तर्गतको पुलहाश्रम अथवा गलेश्वर धामका पौराणिक महत्त्व प्रकाशनमा केन्द्रित छ । एक अर्कामा अन्योन्याश्रित यी दुई तपोभूमिलाई पुराणहरूमा विशेष गौरवका साथ वर्णन गरेको पाइन्छ । कालञ्जर र पुलहाश्रमै कतिपय प्रतापशाली ऋषि, महर्षि

राजर्षिहरूले परं तत्त्वको खोजी गर्दै आफ्नो जीवन सार्थक भएको प्रमाणित गरे त कतिपयले योग, ध्यान र साधनाका माध्यमले कहिल्यै ननिभ्ने ज्ञानको आलोक छरेर बिसर्जित भए । उनीहरूका लागि धर्तीको कुनै पनि ठाउँ सुलभ थियो तर पनि यही ठाउँ रोजे त्यसैले पनि यस क्षेत्रको महत्त्व बढेको देखिन्छ। यस कृतिमा उल्लिखित विषयहरूका साथै धार्मिक सांस्कृतिक, पर्यटकीय महत्त्वका सन्दर्भहरूलाई प्रस्तुत गरिएको छ । पौराणिक वाङ्मय, इतिहास प्रमाण, किंवदन्ती एवं स्थलगत अध्ययनका आधारमा यो कृति तयार पारिएको हो ।

प्राज्ञिक कामका अति व्यस्त समयलाई पर सारेर प्रस्तुत कृतिको गम्भीर अध्ययन गरी शुभकामनाका शब्द लेखिदिनुहुने नेपाली भाषाको विश्वव्यापी एकरूपताका अथक अभियन्ता, भाषाविद्,कविवर प्राज्ञ मुकुन्दशरण उपाध्यायज्यूमा सविनय कृतज्ञता प्रकट गर्दछु । कृति तयारीका क्रममा गहिरो चासो लिएर प्रकाशनमा प्रेरित गर्नुहुने विद्यामन्दिर मा.वि. बागलुङका पूर्व प्र.अ.जगन्नाथ आचार्य, प्रकाशनको अभिभारा लिने जलजला गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्ल, उपाध्यक्ष सीमा पुन, प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्मा, सबै वडाध्यक्ष, वडा सदस्यहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आवश्यक सामग्री र सूचना उपलब्ध गराउनु हुने कृष्णप्रसाद रेग्मी (लेकफाँट टिमुरावोट), पं मेघनाथ पौडेल (माझफाँट), कृष्णप्रसाद पराजुली (शालिजा दीप), प्रेम शर्मा पौडेल (अध्यक्ष मोदी गाउँपालिका) तुलसीराम शर्मा (कार्यक्रम अधिकृत मोदी गाउँपालिका) तीर्थराज सुवेदी (देउपुर), अम्बरबहादुर बरुवाल(पोखरा), महेश पराजुली (पोखरा), नाराणाचार्य स्वामी (सहश्रधारा) एवम् फोटाहरू उपलब्ध गराउनुहुने घनश्याम जि.सी.,सन्तोष थापा (कुस्मा), क्या. हर्कबहादुर पुर्जा (पोखरा), राजु आचार्य (धाइरिङ), डम्बरबहादुर जि.सी, दलबहादुर जि.सी (पूर्णगाउँ) , कवीन्द्र जोशी (बेनी) र अन्य सहयोगीहरूले देखाउनुभएको सौहार्दताको मधुर स्मरण गर्दछु । यसै गरी छोटो समयमै कम्युटर टंकण गरेर महत्त्वपूर्ण सहयोग गर्ने सहधर्मिणी अमृता शर्मालाई सुभाशीष एवं छिटो छरितो मुद्रणका लागि बन्धु अफसेट प्रेस नयाँबजार पोखराका गोविन्दप्रसाद रेग्मीलाई हार्दिक साधुवाद प्रकट गर्दछु ।

भवतु सर्वमङ्गलम् ।

विषयसूची

भाग १ कालञ्जर क्षेत्र

परिचय	१
कालञ्जर शब्द र अर्थ	२
भौगोलिक अवस्थिति	३
पौराणिक सन्दर्भ	४
कालञ्जर क्षेत्रका सिद्धस्थलहरू	१७
गिद्धेश्वर शिवालय	१७
भगवती मन्दिर	१९
चन्द्रेश्वर शिवालय	२१
शिवालय गुफा	२३
देवीस्थान र भूमे	२५
राममन्दिर	२७
वेंकटेश मन्दिर	२९
भूमे ठाकुर	३०
गण्डकी गोपाल गौशाला	३६
शुक्लेश्वर शिवालय	३८
कालञ्जर क्षेत्रका वराहतालहरू	४१
नागीवराह	४१
वराहताल (पूर्णगाउँ)	४४
सहस्रधारा वराह	४६
ज्येष्ठ वराह(दीप)	४७
पार्वतीजन्मभूमि (पाङ)	४९
कालञ्जर क्षेत्रका अन्य देवस्थलहरू	५२
कालञ्जर सिद्धतपस्थली	५५
फुतुङ्गे महाराज	५५
दण्डीस्वामी महाराज	५८
स्वामी शालग्रामाचार्य	५९

त्रिदण्डी स्वामी पराङ्कुशाचार्य ६२
कालञ्जरका अन्य तपस्वीहरू ६६
धार्मिक सांस्कृतिक महत्ता ६७
वर्तमान अवस्था ६८
पर्यटकीय विशेषता ७०
विकासका सम्भावना ७१
निष्कर्ष ७२

भाग २ गलेश्वर धाम

परिचय ७७
भौगोलिक अवस्थिति ७८
पौराणिक सन्दर्भ ७९
नामकरण ८५
गलेश्वर क्षेत्रका देवस्थलहरू ८८
शिवालय क्षेत्र ८८
गायत्रीघाट ९२
राममन्दिर ९३
साझा समन्वयको भूमि ९३
यज्ञभूमि ९४
तपस्थली ९५
गलेश्वर धामका महापुरुषहरू ९५
गलेश्वर बाबा ९६
दण्डीस्वामी महाराज ९८
स्वामी श्रीधाराचार्य ९९
मुक्तिनाथ बाबा १०१
गलेश्वर क्षेत्रको विकासमा सक्रिय व्यक्तिहरू १०३
धार्मिक सांस्कृतिक महत्त्व १०४
पर्यटकीय विशेषता १०७
विकासका सम्भावना १०९
निष्कर्ष ११०
सन्दर्भस्रोत १११

कालञ्जर क्षेत्र

कालञ्जर क्षेत्र

१. परिचय

आध्यात्मिक र भौतिक जगत्मा कालीगण्डकीको विशेष चर्चा भएको पाइन्छ । पौरस्त्यवाङ्मयमा कालीगण्डकीलाई कतै देवनदी, कतै चक्रनदी, कतै कृष्णगण्डकी, कतै कृष्णाभा, कतै शालग्रामनदी, कतै महानदीको संज्ञा दिइएको छ। शालग्रामका रूपमा सारा देवताहरूलाई धारण गर्ने कालीगण्डकी देवतात्म गिरिराज हिमालयबाट उत्पत्ति भएर आफ्ना पवित्र प्रवाहद्वारा नेपालका अनेक भूखण्डलाई अभिसिञ्चन गर्दै देवनदी त्रिशूलीलाई आफूमा एकाकार गराई पुण्यसलिला नारायणीसँग सहयात्रा गरेर भगवती भागीरथीसँगसँगै महासागरसम्म पुग्दछिन् । पौराणिक ग्रन्थहरूको अनुशीलन गर्दै जाँदा भारतका गङ्गा, यमुनाझैँ नेपालका कोशी, गण्डकीको समान महत्त्व प्रकटित भएको पाइन्छ। त्यसमा पनि पुराणहरूले गण्डकीका सातवटा धाराहरूमध्ये कालीगण्डकीलाई विशेष रूपले वर्णन गरेका छन्। कालीगण्डकी मात्र यस्ती नदी हुन् जहाँ विश्वमा अन्यत्र कतै नपाइने शालग्राम शिला पाइन्छन् । यति सम्म कि यहाँका हरेक पाखा पर्वतहरू शालग्राममय छन् । यहाँ सौभाग्यले मात्र जन्मन पाइन्छ र यहीँ देहविसर्जित हुँदा प्राणीलाई मुक्ति मिल्दछ । यिनै कालीगण्डकीका किनारै किनार यात्रा गर्दै जाँदा पाइलैपिच्छे कुनै न कुनै तपस्थली, मठ मन्दिर, आश्रम वेणी र घाटहरू भेटिन्छन् । यहाँ कतिपय तीर्थहरू यस्ता छन् जसको पुराणहरूले मुक्तकण्ठले प्रशंसा गरेका छन् तर प्रकाशमा आउन सकिरहेका छैनन् । तिनै सिद्ध तपस्थलीमध्येको पुण्यतम तीर्थ हो कालञ्जर मृगतीर्थ । यो पौराणिक कालीन कालञ्जर मृगतीर्थसँग चक्रनदी कालीगण्डकी, पुलहाश्रम, गलेश्वर धामका प्राचीन प्रसङ्गहरू पनि जोडिएका छन् । पुराण वाङ्मयका अनुसार यी दुवै तीर्थस्थलहरूसँग राजर्षि भरतका पावन उपाख्यान र उनका तीन जन्मका रोमाञ्चकारी इतिवृतसमेत जोडिएका छन् । अहिलेको प्रशासनिक विभाजनले यी तपोभूमिलाई भिन्न भिन्न जिल्लाका अलग अलग सिमानामा छुट्टाए पनि वस्तुतः पौराणिक कालमा यी दुवै क्षेत्रको पहिचान एउटै थियो भने एउटै तीर्थधामका नामले

चिनिन्थे । भौगोलिक विभाजनका सीमारेखा जे जस्ता भए पनि यिनीहरूको धार्मिक आध्यात्मिक महत्त्व अहिले पनि समान छ र यी पावन क्षेत्रहरू एक अर्कोसँग परिपूरक छन् तसर्थ यस कृतिमा यी दुवै स्थानको पौराणिक महत्त्वको अनुशीलन गर्दै यिनीहरूसँग सम्बद्ध पर्यटकीय सम्भावनाको खोजी गर्ने प्रयास गरिएको छ ।

२.कालञ्जर शब्द र अर्थ

सामान्य अर्थमा काल शब्दले समयलाई बुझाउँछ भने विशेष अर्थमा मृत्यु, मृत्युका देवता यमराज र मृत्युञ्जय शिवलाई पनि जनाउँछ । यही बहुअर्थक काल शब्दमा जृ+णिच्+अच् प्रत्यय लगाएर कालञ्जर शब्द बन्दछ । व्याकरणगत व्युत्पत्तिअनुसार **कालेन जीर्यति** अर्थात् कालले जीर्ण वा बूढो हुनु हो भने **कालं मृत्युं जरयति** जसले काल अथवा समय र मृत्युमाथि विजय पाउँछ त्यो कालञ्जर हो । प्रवृत्ति अर्थात् व्यवहारमा कालञ्जर भन्नाले एउटा पौराणिक पर्वत र सिद्ध तपस्थली वा तीर्थभूमि भन्ने बुझिन्छ । आधुनिक शब्द कोशहरूमा यस शब्दको कतै उल्लेख नभए पनि **वाचस्पत्यम्** (पृ. १९९८) र **शब्दकल्पद्रुम** (पृ. १०९) जस्ता विशाल शब्दकोशहरूले कालञ्जर भनेर पर्वत र तीर्थस्थानलाई सङ्केत गरेका छन् । विभिन्न पुराण र महाभारतमा पनि पौराणिक पर्वत र तीर्थलाई बुझाइएको पाइन्छ ।

वाचस्पत्यम्ले भूमध्यरेखादेखि पूर्वतर्फ र चित्रकूटनजिकै कालञ्जर पर्वतको अवस्थिति देखाएको छ भने **अग्निपुराण, विष्णुपुराण** र **श्रीमद् भागवतमहापुराणा**दिले राजर्षि जडभरतको तपस्थली र उनका तीन जन्मसँग सम्बद्ध कथासँग जोडेर चक्रनदी कृष्णगण्डकीको सान्निध्यमा रहेको पवित्र भूमिलाई सङ्केत गरेका छन् । कतिपय भारतीय शब्दकोशहरूले कालञ्जरको समानार्थी कलिंजर शब्द प्रयोग गरेका छन् । **भारतीय संस्कृति कोश**मा उत्तर प्रदेशको बाँढा जिल्लामा रहेको धार्मिक ऐतिहासिक दुर्गलाई कलिंजर भनेको पाइन्छ । त्यहाँ भगवान् नीलकण्ठ र काल भैरवका दर्शनीय मूर्तिहरू रहेको उल्लेख छ । राजनीतिक परिवर्तनका क्रममा त्यहाँका राजाहरूले त्यस दुर्गको आश्रय लिने गरेका ऐतिहासिक तथ्यहरू पनि भेटिन्छन् । **भारतीय संस्कृति कोश** (पृ.२०४) **आदर्श हिन्दी शब्द कोश** (पृ.१४५) र **संस्कृत नेपाली बृहत्**

शब्दकोश (पृ.२९२) ले पनि कलिंजर भनेर यही पूर्वोक्त दुर्गलाई सङ्केत गरेका छन् । तिनीहरूले निर्दिष्ट गरेका ठाउँ भारतको बाँढा जिल्लामा पर्दछ। तर पुराणहरूले जुन अर्थमा कालञ्जर पर्वतको वर्णन गरे त्यो पवित्रभूमि कालीगण्डकीकै तटवर्ती क्षेत्र हम्पाल, (हिमपाल पर्वत) माधवी (मोदी) नदी र पुलहाश्रमतर्फ फैलिएको भूभाग हो भन्ने कुरा जडभरतको उपाख्यान, चक्रनदी कृष्णागण्डकीको वर्णन र मृगतीर्थका प्रसङ्गहरू नै पर्याप्त छन् । यिनीहरूको चर्चा यथा स्थानमा गरिनेछ ।

३. भौगोलिक अवस्थिति

राजनीतिक र प्रशासनिक विभाजनअनुसार सात प्रदेशमा विभाजित नेपालको गण्डकी प्रदेशमा पर्ने धवलागिरि अञ्चलका चार जिल्ला मध्येको पर्वत एउटा जिल्ला हो । गण्डकी प्रदेशको केन्द्र रहेको कास्कीसँग जोडिएको यो जिल्ला पोखराबाट नजिकको जिल्ला हो । पूर्वमा कास्की र स्याङ्जा, पश्चिममा म्याग्दी र बागलुङ, दक्षिणमा गुल्मी र स्याङ्जा, उत्तरमा केही म्याग्दीका, केही कास्कीका गाउँहरू यसका छिमेकी सिमाना हुन् । २ नगरपालिका ५ गाउँपालिका गरी जम्मा ७ स्थानीय तहमा विभाजित यस जिल्लाले नेपालको कूल क्षेत्रफलमा ५४१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । विश्वमानचित्रअनुसार २८°००, १९ देखि २८° २३,५९ उत्तरी अक्षांश र ८३° ३३° ४० देखि ८३° ४९' ३० पूर्वी देशान्तरसम्म यस जिल्लाको व्याप्ति छ (जि.वि.स.पर्वत २०७० : पृ.४) ।

पर्वतराज हिमालय र उनकै पुत्री पार्वती अनि उत्तुङ्ग पर्वतमालाहरूसँग जोडिएर सार्थक नाम रहेको यो जिल्ला नेपाल एकीकरण हुनुपूर्व ऐतिहासिक चौबीसे राज्यअन्तर्गतको पर्वत राज्यमा पर्दथ्यो । मल्लाजकोट, दुर्लुङकोट, खौलाकोट, धूवाँकोट, पैयूँकोट, देउपुरकोट, पाङ्राङ्कोट, वाहाकी कोटजस्ता ऐतिहासिक कोटहरूको अवस्थिति, कालञ्जर, धाइरिङ भूमे, पञ्चासे, मल्लाज बेनी, मोदीबेनी, सहस्रधारा, गुप्तेश्वर गुफा, डहरे देउराली, महाशिला, सेतीबेनी, त्रिवेणीजस्ता पुण्यतम क्षेत्रहरूको प्रसिद्धि र विस्मयकारी अग्ला अग्ला पुल अनि कालीगण्डकी, मोदीजस्ता ठूला नदी र लुङ्दी, लस्ती, पुङदी, मल्याङ्दी लगायतका जलधाराका प्रवाहले सिञ्चित पर्वत जिल्ला प्राकृतिक,

भौगोलिक, धार्मिक ऐतिहासिक विशेषताले युक्त छ। यही वैविध्यको अभिन्न पाटो हो कालञ्जर पर्वत। पौराणिक वाङ्मयका विशाल ग्रन्थहरूमा बारम्बार वर्णित यो पर्वतको भौगोलिक अवस्थितिलाई पूर्वमा मोदी नदीदेखि उत्तर पश्चिम म्याग्दीका केही भूभाग र दक्षिणमा बागलुङसम्म फैलिएको जनाइएको छ। यसको मुख्य केन्द्र पर्वत जिल्लाको जलजला र मोदी गाउँपालिकाको शीर्षस्थानमा रहेको हिमपाल पर्वत (हम्पाल) हो। यो ठाउँ समुद्री सतहबाट ३००० मिटरभन्दा माथिको उचाइमा रहेको छ। पौराणिक गौरव र गरिमा बोकेर पनि पहिचान र प्रचार प्रसारका अभावमा रहेको यो ठाउँ जनचाँसो बढेसँगै बिस्तारै विकासका गतिमा अगाडि बढिरहेको छ।

४. पौराणिक सन्दर्भ

पौरस्त्य वाङ्मयका पौराणिक ग्रन्थहरूमा सिद्धभूमि कालञ्जर क्षेत्रको विशेष वर्णन भएको पाइन्छ। यहाँ तिनै पौराणिक सन्दर्भहरूको उल्लेख गरिन्छ -

४.१ अग्निपुराण

अग्निपुराणमा पृथ्वीतलका पुष्कर, प्रयाग, काशी, सोमनाथ, गङ्गा द्वारका, गोमती, पिण्डारक, पञ्चनद, कुरुक्षेत्र, गङ्गाद्वार, गोदावरी, कावेरी, नर्मदा, नैमिषारण्यजस्ता तीर्थहरूका गणनामा कालञ्जरको उल्लेख गरेर तिनै तीर्थसमानको प्रसिद्ध तीर्थको रूपमा चर्चा गरिएको छ -

तीर्थं राजगृहं पुण्यं शालग्राममघान्तकम् ।
वटेशं वामनं तीर्थं कालिकासङ्गमुत्तमम् ।।
कालञ्जरं मुञ्जवटं तीर्थं सूर्पारकं परम् ।
अवन्ती परमं तीर्थमयोध्या पापनाशिनी ।
नैमिषं परमं तीर्थं भुक्तिमुक्तिप्रदायकम् ।।

(अग्निपुराण १०९/२०,२३,२४)

४.२ श्रीमद्देवीभागवतमहापुराण

श्रीमद्देवीभागवतमहापुराणमा सर्वस्वरूपा भगवतीद्वारा हिमालय पर्वतलाई भूमण्डलका प्रसिद्ध देवी तीर्थहरूको र ती स्थानमा अधिष्ठित देवीहरूको वर्णन गर्ने क्रममा कालञ्जर पर्वतमा भगवती काली विराजमान

भएको प्रसङ्ग उल्लेख छ -

कुरण्डले त्रिसन्ध्यास्यान्माकोटे मुकुटेश्वरी ।
मण्डलेशे शाण्डकी स्यात्काली कालञ्जरे पुनः ।।

(श्रीमद्‌देवीभागवत ७/३८/२९)

दक्ष प्रजापतिका घरमा पुत्रीका रूपमा अवतीर्ण सतीले आफ्नै पिताका यज्ञमा योगाग्निद्वारा देह त्याग गरेपछि उहाँको विप्रयोगले व्याकुल बनेका भगवान् शिवले सतीको शरीरलाई बोकी हिँड्दा अङ्गपतन भएर उत्पत्ति भएका १०८ शक्तिपीठमध्ये कालञ्जर शैलको शक्तिपीठ पनि मुख्य पीठ भएको तथ्य प्राप्त हुन्छ -

वराहशैले तु जया कमला कमलालये ।
रुद्राणी रुद्रकोट्यां तु काली कालञ्जरे तथा ।।(पूर्ववत् ७ / ३० / ६२)

श्रीमद्‌देवीभागवतको यसै अध्यायमा वर्णन गरेअनुसार देवीका शक्तिपीठहरूमा साधना गर्ने साधकले सिद्धि प्राप्त गर्दछ भने पितृकर्ममा यी शक्तिपीठहरूको पठन र स्मरणले पितृहरू तृप्त भएर परंगतिमा पुग्दछन् भन्ने मान्यताले पनि कालञ्जरको विशेष महत्ता सिद्ध हुन्छ ।

४.३ गरुडपुराण

गरुडपुराणले प्रयाग, गङ्गासागर, वाराणसी, कुरुक्षेत्र, केदारनाथ, बदरिकाश्रम, पुष्कर, अयोध्या, चित्रकूट, रामगिरि, उज्जयिनी, मथुरा आदि तीर्थहरूमा झैँ कालञ्जर क्षेत्रमा गरिएका पुण्यकर्महरूको अनन्तफल मिल्दछ भन्ने सङ्केत गरेको छ -

एतेषु च तथान्येषु स्नानं दानं जपस्तथा ।
पूजा श्राद्धं पिण्डदानं सर्वं भवति चाक्षयम् ।।
गोकर्णं परमं तीर्थं, तीर्थं माहिष्मती पुरी ।
कालञ्जरं महातीर्थं शुक्रतीर्थमनुत्तमम् ।।

(गरुडपुराण आ.का.८१/१४, १९)

४.४ कूर्मपुराण

कूर्मपुराणमा जैमिनि आदि ऋषिहरूसहित भगवान् वेदव्यासले प्रयागादि मुख्य तीर्थहरूको यात्रा गर्ने सन्दर्भमा कालञ्जर तीर्थको यात्रा गरेको

वर्णन आउँछ -

केदारं तीर्थं मुख्याख्यं कालञ्जरमनुत्तमम् ।

सारस्वतं प्रभासञ्च खेटकर्णाहरं शुभम् ।। (कूर्मपुराण ३५/१२)

कूर्मपुराणमै सूतजीले शौनकादि ऋषिहरूलाई रुद्रकोटी तीर्थ अन्तर्गतका पवित्र स्थलहरूको महिमा बताउँदै कालञ्जरक्षेत्रको उपाख्यान जोडेका छन् । पुराणका अनुसार यही कालञ्जर पुण्यभूमिमा श्वेत नाम गरेका राजर्षिले भगवान् रुद्रको स्थापना गरी शतरुद्रीय मन्त्रको जप गर्दै थिए, तपः साधनाकै बीचमा उनलाई कालपाशले बाँध्यो तर पनि उनी अविचलित भई अनन्य शरण भगवान्मै समर्पित भएर शतरुद्रीय जप गर्दै रहे । उनको भक्तिमय पराकाष्ठाबाट प्रसन्न पिनाकधारी कालरूप भगवान् प्रादुर्भाव भएर भक्तको उद्धार गरी गाणपत्यपद प्रदान गर्नुभयो -

कालञ्जरं महातीर्थं रुद्रलोके महेश्वरः ।

कालञ्जरं भजन्देवं तत्र भक्तप्रियो हरः ।।

श्वेतो नाम शिवे भक्तो राजर्षिप्रवरः पुरा ।

तदाशीस्तन्नमस्कारैः पूजयामास शूलिनम् ।

संस्थाप्य विधिना रुद्रं भक्तियोगः पुरस्सरः ।।

इत्येतत् परमं तीर्थं कालञ्जरमिति श्रुतम् ।

गत्वाभ्यर्च्य महादेवं गाणपत्यं स विन्दति ।।

(कूर्मपुराण रुद्रकोटी कालञ्जरतीर्थवर्णन ३६ / ११,१२,३८)

४.५ वाराहपुराण

वाराहपुराणले कालञ्जर तीर्थमा रहेका भगवान् शिवको दर्शन मात्रले कृष्णगङ्गाको स्नानको फल मिल्दछ भन्दै कालञ्जर क्षेत्रलाई शिवको प्रिय निवास स्थलका रूपमा वर्णन गरेको छ –

कालञ्जरे महादेवं तत्र तीर्थपतिं शिवम् ।

यस्य सन्दर्शनादेव कृष्णगङ्गाफलं भवेत् ।। (वाराहपुराण १७५/६)

४.६ स्कन्दपुराण

स्कन्दपुराणको काशीखण्डअन्तर्गत अगस्त्य लोपामुद्रा संवादमा पृथिवीतलका मुक्तिप्रदायक मुख्य तीर्थस्थलहरूमा कालञ्जर क्षेत्रको महिमा

व्यक्त गरिएको छ -

कालञ्जरं प्रभासञ्च तथा बदरिकाश्रमः ।
महालयस्तथोंकारक्षेत्रं वै पौरुषोत्तमम् ।।
गोकर्णो भृगुकच्छश्च भृगुतुङ्गश्च पुष्करम् ।
श्रीपर्वतादितीर्थानि धारातीर्थं तथैव च ।।

(स्कन्दपुराण काशीखण्ड ६/२४-२५)

स्कन्दपुराणकै काशीखण्डको ६९ अध्यायमा स्कन्दले अगस्त्य ऋषिलाई अन्यान्य तीर्थहरूभैं कालञ्जर तीर्थबाट पनि नीलकण्ठेश्वर भगवान् काशीमा पुगेको वर्णन गरेका छन् -

कालञ्जरान्नीलकण्ठस्तिष्ठेदत्र स्वयं विभुः ।
गणेशाद्वन्तकूटाख्यात्समीपे भवनाशनः।।
नीलकण्ठेश्वरं लिङ्गं काश्यां यैः परिपूजितम् ।
नीलकण्ठास्त एवास्यु त एव शशिभूषणः।। (पूर्ववत् ६९/५९-६०)

४.७ शिवमहापुराण

शिवमहापुराण कोटीरुद्रसंहितामा श्रुतिस्मृतिहरूले वर्णन गरिएका नीलकण्ठ भगवान् महेश्वर कालञ्जर पर्वतमा लिङ्गरूपले रहनुहुन्छ र त्यहीं नीलकण्ठेश्वर तीर्थमा स्नान गर्नाले सकल पाप नष्ट हुन्छन् भन्ने उल्लेख छ -

कालञ्जरे गिरौ दिव्ये नीलकण्ठो महेश्वंरः ।
लिङ्गरूपः सदा चैव भक्तानन्दप्रदः सदा ।।
महिमा तस्य दिव्योऽस्ति श्रुतिस्मृतिप्रकीर्तितः ।
तीर्थं तदाख्यया तत्र स्नानात्पातकनाशकृत् ।।

(शिवमहापुराण कोटीरुद्रसंहिता ५/१-२)

४.८ श्रीमद्भागवतमहापुराण

श्रीमद्भागवतमहापुराणमा शुकदेव स्वामीले राजा परीक्षितलाई भूगोलको उपदेश दिँदै जम्बूद्वीपका नौ खण्डहरूका माझमा रहेको इलावृत्त खण्डको माझमा सुमेरु पर्वतको अवस्थिति बताएका छन् र त्यसै सुमेरु पर्वतका चारैतिर कमलका गट्टाका केसरझैं रहेका बीसवटा मुख्य पर्वतहरूका गणनामा कालञ्जर पर्वतको गणना गरिएको छ -

कुरुङ्ग-कुरर-कुसम्भ-वैङ्कक-त्रिकूट-शिशिर-पतङ्ग-रुचक-निषाध-शिनीवास -कपिल-शङ्ख, वैदूर्य-जारुधि-हंसर्षभ-नाग-कालञ्जर नारदादयो विंशति गिरयो मेरोः कर्णिकाया इव केसरभूता मूलदेशे परित उपक्लृप्ताः ।। (श्रीमद्भागवतमहापुराण ५/१६-२६)

ऋषभदेव पुत्र राजर्षि भरतले शालग्राम क्षेत्रको पुलहाश्रममा तपस्या गर्दा मृगशिशुको आसक्तिले मृग भै जन्मिएका र मृगजन्ममा यही कालञ्जर क्षेत्रलाई आश्रय बनाई अन्तमा शालग्राम क्षेत्रको पुलहाश्रममा शरीर त्याग गरेको वर्णन आउँछ -

इत्येवं निगूढनिर्वेदो विसृज्य मृगीं मातरं पुनर्भगवत्क्षे-
त्रमुपशमशीलमुनिगणदयितं शालग्रामं पुलस्त्यपुलहाश्रमं
कालञ्जरात्प्रत्याजगाम । (श्रीमद्भागवतमहापुराण ५/८/३०)

४.९ पद्मपुराण

पद्मपुराणमा भगवान् महादेवले पार्वती मातालाई पृथिवीतलका तीर्थहरूको माहात्म्य वर्णन गर्ने सन्दर्भमा जम्बूद्वीपमा रहेका गुप्त तीर्थहरूमध्ये कालञ्जरलाई पनि पवित्रतम तीर्थका रूपमा उपस्थापन गरिएको छ । यी तीर्थहरू विशेष गरेर पितृहरूको सद्गतिका लागि प्रसिद्ध रहेको र यिनीहरूको स्मरण मात्रले पापकर्म विलय हुन्छन् भन्ने कुराको उल्लेख छ -

जम्बूद्वीपं महापुण्यं यत्र पुण्यं विवर्धते ।।
तत्रार्याख्यं महापुण्यं सर्वकामफलप्रदम् ।।
नीलकण्ठमिति ख्यातं तीर्थं नन्दह्रदस्तथा ।
तथा रुद्रह्रदस्तीर्थं पुण्यं रुद्रमहालयम् ।।
धूम्रामित्रपदं तद्वद् वैजनाथं दृषद्वरम् ।
क्षिप्रानदी महाकालं तथा कालञ्जरो गिरिः ।।

(पद्मपुराण उत्तरखण्ड १३५/६०,६१,६३)

पद्मपुराणमै कालञ्जर तीर्थको माहात्म्य प्रकट गर्ने उपाख्यान मिल्दछ । पाञ्चाल देशको ब्रह्मघाती विदुर/विद्वल, मगध देशको गुरुघाती चन्द्र शर्मा, त्यस्तै अगम्य गमन गर्ने वेदशर्मा र सुरापायी गोघाती वंजुल वैश्य यी सबै पात्रहरू आ-आफ्ना जघन्य कर्मका कारण समाजबाट परित्यक्त भई

दुःख कष्ट भोग्दै घुमिरहेका र अन्तमा दुःख मुक्तिका लागि कालञ्जर क्षेत्रमा आएको प्रसङ्ग विस्तार गरिएको पाइन्छ -

एवम् दुःखसमाविष्टा नानातीर्थेषु वै गताः ।
तेषां तु पापका घोरा न नश्यन्ति च नन्दनः ।।
सामर्थ्यं नास्ति तीर्थानां महापातकनाशने ।
विदुराद्यास्ततस्ते तु गताः कालञ्जरं गिरिम्।। (पूर्ववत् भू.ख.९१/३९-४०)
कालञ्जरं समासाद्य निवसन्ति सुदुःखिताः ।
महापापैस्तु संदग्धा हाहाभूता विचेतनाः ।। (पूर्ववत् भू.ख.९२/१)

श्राद्ध तर्पणादि गर्दा पितृप्रसन्नताका लागि गरिने प्रार्थनामा कालञ्जर मृगतीर्थको वर्णन आउँछ। जसअनुसार कौशिक ऋषिका पुत्रहरू गोहत्याको पाप मोचनका निमित्त कालञ्जर पर्वतमा मृग भएर घुमेका थिए -

सप्त व्याधा दशार्णेषु मृगाः कालञ्जरे गिरौ ।
चक्रवाका शरद्वीपे हंसाः सरसि मानसे ।।
ये विप्रमुख्याः कुरु जाङ्गलेषु जातास्तथा दासकुले मृगाश्च ।
कालञ्जरे सप्त च चक्रवाका ये मानसे तेऽत्र वसन्ति सिद्धाः ।।
(पद्मपुराण सृष्टिखण्ड १०/९९,११४)

पद्मपुराणको सृष्टिखण्डमै भीष्म र पुलस्त्य ऋषिको संवाद प्रसङ्गमा कौशिक ऋषिका पुत्रहरूको कथा र तीर्थस्थलहरूको वर्णन गर्दा कालञ्जर तीर्थको महत्त्व प्रस्तुत भएको छ -

सञ्जाता मृगरूपास्ते सप्त कालञ्जरे गिरौ ।
प्राप्तविज्ञानयोगास्ते तत्त्यजुस्तां निजां तनुम् ।। (पद्मपुराण सृ.ख.१०/६१)

यसैगरी पद्मपुराणकै सृष्टिखण्डमा पितृहरूको श्राद्धकर्मका लागि निर्देश गरिएका उत्तम तीर्थहरू गङ्गासागर, ब्रह्मसर, शतद्रु, नैमिषारण्य, गोमती, कोकामुख, इक्षुमती, गङ्गा, यमुना, कुरुक्षेत्र, नीलकण्ठ, भद्रसर, मानसरोवर, मन्दाकिनी, अच्छोद, विपाशा, सरस्वती, वैद्यनाथ, क्षिप्रा नदीका साथै कालञ्जर तीर्थलाई उत्तम पितृतीर्थका रूपमा उल्लेख गरिएको छ -

कोकामुखं परं तीर्थमिन्द्रमार्गोऽपि लक्ष्यते ।
अत्रापि पितृतीर्थं तु ब्रह्मणो व्यक्तजन्मनः ।।

पुष्करारण्यसंस्थोऽसौ यत्र देवः पितामहः ।
विरिञ्चीदर्शनं श्रेष्ठमपवर्गफलप्रदम् ।।
कृतं नाम महापुण्यं सर्वपापनिषूदनम् ।
यत्राद्यो नारसिहंस्तु स्वयमेव जनार्दनः।।
तीर्थमिक्षुमती नाम पितृणां च शुभावहा ।
तुष्यन्ति पितरो नित्यं गङ्गायमुनसङ्गमे ।।
कुरुक्षेत्रं महापुण्यं यत्र मार्गोऽपि लक्ष्यते ।
अद्यापि पितृतीर्थं तु सर्वकामफलप्रदम् ।।
नीलकण्ठमितिख्यातं पितृतीर्थं नराधिपाः।
तथा भद्रसरः पुण्यं सरो मानसमेव च ।
मन्दाकिनी तथाच्छोद विपाशा च सरस्वती ।।
सर्वमित्रपदं तद्वद्वैद्यनाथं महाफलम् ।
क्षिप्रानदी तथा पुण्या तथा कालञ्जरं शुभम् ।।
तीर्थोद्भेदं हरोद्भेदं गर्भभेदं महालयम् ।
एतानि पितृतीर्थानि सर्वपापहराणि च ।
स्मरणादपि लोकानां किमु श्राद्धप्रदायिनाम् ।।(पूर्ववत् ११/१०-१७)

४.१० बृहन्नारदीयपुराण

बृहन्नारदीयपुराणअन्तर्गतको पुरुषोत्तममाहात्म्यमा कालञ्जरतीर्थको वर्णन आउँछ । त्यस माहात्म्यमा कुनै चित्र शर्मा नामक कदर्य (कन्जुस) ब्राह्मणलाई जन्मान्तरका कर्मले प्रेत योनिका कष्ट भोग्दै अन्तमा बाँदरको जन्म लिन परेको र त्यही जन्ममा कालञ्जर तीर्थको मृगकुण्डमा तीन दिनको स्नान मात्रले मुक्त भएको रोचक उपाख्यान प्रस्तुत भएको छ (पुरुषोत्तममाहात्म्य अ. २७-२८) । यही पुराणमै दैत्यबाट सन्त्रस्त देवताहरूले मृगरूप धारण गरी कालञ्जर पर्वतको विशाल जलाशयमा स्नान गर्ने गरेको हुँदा यस ठाउँलाई मृगतीर्थ भनिएको प्रमाण मिल्दछ। यही कुण्डमा श्रद्धादि कर्म गर्नाले पितृहरूले सद्गति प्राप्त गर्दछन् भन्ने पुराणको वचन छ -

दिव्ये कालञ्जरे शैले जम्बूखण्डमनोहरे ।
सुशीतलजलच्छाये फलपुष्पसमन्विते ।।

तत्रासीद्देवराजेन निर्मितं कुण्डमुत्तमम् ।।
मृगतीर्थमिति ख्यातं सुराणामपि दुर्लभम् ।
यस्मिन् कृत्येन श्राद्धेन पितरो यान्ति सद्गतिम् ।।
तत्र दैत्यभयाद्देवा मृगा भूत्वा निरन्तरम् ।
अभिसस्नुर्निरातङ्का मृगतीर्थमतो विदुः ।। (पूर्ववत् २८/७-१०)

४.११ लिङ्गपुराण

लिङ्गपुराणका अनुसार तेइसौं द्वापरका अन्तमा तृणविन्दु नामका व्यासका पालामा स्वयं भगवान् शिव महाकाय मुनि पुत्रका रूपमा श्वेत नामबाट अवतीर्ण भएर कालीगण्डकी क्षेत्रको पूर्वी तटमा रहेको उत्तुङ्ग पर्वतमा काल व्यतीत गरेको हुनाले यस पर्वतको नाम कालञ्जर रहन गएको प्रमाण मिल्दछ -

परिवर्ते त्रयोविंशे तृणविन्दुर्यदा मुनिः ।
व्यासो हि भविता ब्रह्मस्तदाहं भविता पुनः ।।
श्वेतो नाम महाकायो मुनिपुत्रस्तु धार्मिकः ।
तत्र कालं जरिष्यामि तदा गिरिवरोत्तमे ।।
तेन कालञ्जरो नाम भविष्यति स पर्वतः ।। (लि.पु. पूर्वभाग २४ / १०७-९)

४.१२ मत्स्यपुराण

नैमिषारण्य क्षेत्रको ब्रह्मसत्रमा दीक्षित अठासी हजार ऋषिहरूलाई श्री सुतजीले उत्तम पितृतीर्थहरूको वर्णन गर्दै हरिद्वार, हृषीकेश, मित्रपद, केदार, गङ्गासागर, ब्रह्मसर, नैमिषारण्य, रुद्रसर, मानसरोवर, वैद्यनाथ, महाकाल आदि तीर्थहरूझैं कालञ्जर तीर्थ पनि उत्तम पितृतीर्थ भएको वर्णन गरेका छन् । यी तीर्थहरूमा श्राद्ध गर्दा गयामा पिण्डदान गरे तुल्य फल मिल्छ भन्ने उल्लेख छ-

पूर्वमित्रपदं तद्वद् वैद्यनाथं महाफलम् ।
क्षिप्रानदी महाकालस्तथा कालञ्जरं शुभम् ।।
गयापिण्डप्रदानेन समान्याहुर्महर्षयः ।
एतानि पितृतीर्थानि सर्वपापहराणि च ।।(म.पु.२२/२४-२६)

४.१३ महाभारत

महाभारत वनपर्वअन्तर्गतको तीर्थयात्रा पर्वमा ऋषि पुलस्त्यले

भीष्मपितामह र युधिष्ठिरादिलाई तीर्थहरूको माहात्म्य बताउँदै जाँदा गङ्गासागर, अयोध्या, चित्रकूट, प्रयाग आदि तीर्थहरूकै समानस्तरमा कालञ्जरको महत्ता रहेको स्पष्टाएका छन् । त्यही कालञ्जरमा अवस्थित देवह्रद मृगतीर्थ नाम गरेको पावन सरोवर छ । त्यसमा स्नान गर्नाले हजार गाईदान गरे बराबरको पुण्य मिल्छ भने यस ठाउँमा साधना गर्ने व्यक्तिले स्वर्गलोक प्राप्त गर्दछ भनिएको छ -

अत्र कालञ्जरं नाम पर्वतं लोकविश्रुतम् ।

तत्र देवह्रदे स्नात्वा गोसहस्रफलं लभेत् ।।

यः स्नातः साधयेत् तत्र गिरौ कालञ्जरे नृपः।

स्वर्गलोके महीयेत नरो नास्त्यत्र संशयः ।।

(महाभारत वनपर्व ८५/५६-५७)

महाभारतकै वनपर्वमा धौम्य ऋषिले महाराज युधिष्ठिरलाई पावन तीर्थहरूका वर्णन गर्ने सन्दर्भमा अगस्त्य, कुण्डोद आदि पर्वत शिखरहरू र त्यहाँका तपस्थलीहरूको महत्त्व बताउँदै कालञ्जर गिरिशिखरको महिमा उल्लेख गरेका छन् -

हिरण्यविन्दु, कथितो गिरौ कालञ्जरे महान् ।

अगस्त्यपर्वतो रम्यः पुण्यो गिरिवरः शिवः ।।(महाभारत वनपर्व ८७/२१)

हस्तिनापुरको राजपाट छाडेर महाप्रस्थानतर्फ लागेका पाण्डवहरू हिमालयको यात्रा गर्ने क्रममा कालीगण्डकीका किनारै किनार मुक्तिक्षेत्रतर्फ बढेका थिए । त्यसबेला उनीहरू कालञ्जर पर्वतमा पनि आएको हुन सक्ने अनुमान गर्न सकिन्छ । त्यहाँ भेटिने ठूला ढुङ्गा अनि भीमपाइला, भीमगुफा आदि नामले यसको सङ्केत गर्दछन् ।

महाभारतमै राजा युधिष्ठिरलाई भीष्मपितामहले महर्षि गौतम र अङ्गिराको संवादका माध्यमबाट पृथिवीतलका पवित्र तीर्थहरूको महत्ता बताउँदै कालञ्जर तीर्थमा एक महिनामात्र स्नान गर्नाले दश अश्वमेध यज्ञ गरे बराबरको पुण्य लाभ हुने स्पष्टाएका छन् -

गङ्गायमुनयोस्तीर्थे तथा कालञ्जरे गिरौ ।

दशाश्वमेधानाप्नोति तत्र मासं कृतोदकः।। (महाभारत अनु.२५/३५ ।)

४.१४ देवभूमि भारत एवम् आध्यात्मिक नेपाल

कालञ्जरसँगै रहेको हम्पाल पर्वत पौराणिक मान्यताले युक्त पर्वत हो भन्ने कुरा इतिहासविद् योग गुरु योगी नरहरिनाथको अनुसन्धानले पनि प्रष्ट पारेको छ । योगीजीका अनुसार वातपित्त आदि रोग शमन हुने तप्तकुण्डतीर्थ (भुरूङ् तातो पानी) उत्तरगङ्गा (घारखोला) को शिरो भागको विशाल पहाड हम्पाल पर्वत हो । यही बाटो भएर सन्त, योगी, महात्माहरू मुक्तिनाथको यात्रा गर्दछन् । यही हम्पालकै काख शक्ति स्वरूपा दुर्गा, शारदा जयाको तपस्थली पनि हो ।

अत ऊर्ध्वं कियद्दूरे जलेश्वर महेश्वरः ।
स्वयम्भूः सङ्गमे भाति कालिकोत्तरसङ्गयोः ।।
भोलानाथः समाधिस्थः सिद्धः सिद्धाश्रमे निजे ।
भोलानाथतपः कुण्डं तप्तकुण्डं शिलातटे ।।
पाङ्गपर्वतमार्गेण शिखा हम्पालवाटतः ।
जायते सङ्गमश्चात्र मुक्तिनाथस्य यात्रिणाम् ।
तपस्यन्ति चिराद्यत्र दुर्गाद्याः शारदा जया ।
मार्जयन्ति रुजः सर्वा मनुजास्तप्तकुण्डगाः ।।(योगी, २०३८, पृ-५८)

योगी नरहरिनाथले बताएका प्रमाणअनुसार पनि कालञ्जर पर्वत र हम्पाल प्राचीन तीर्थस्थल प्रमाणित हुन्छन् । कालञ्जर पर्वतका शिखरमा रहेको भोलानाथ सिद्धको प्रसङ्गले नीलकण्ठेश्वर महादेव र त्यहाँको तपस्वीको सङ्केत मिल्दछ भने यहाँ पाइने जडीबुटीको महत्ता र तप्तकुण्डका लागि मात्र नभएर निरोगी जीवन चाहने व्यक्तिहरूका लागि समेत सेवनीय छ । शालग्रामक्षेत्र र कालञ्जर भूमि उत्तराखण्डका शीर्षस्थ तपस्थली हुन् भन्ने स्पष्ट्याउँदै योगी नरहरिनाथले कालञ्जरको बृहत् सीमाभित्र समस्त शालग्रामभूमि समेटिएको उल्लेख गरेका छन् –

"मुक्तिनाथधाम से दामोदर कुण्डपर्यन्त, देवदेश हिमालयकी देवमयी भूमि में, संयुक्त शालग्रामशैल संज्ञा है और जल–स्थल सर्वत्र शालग्राम हैं । कालीगण्डकी कालञ्जरका सारा क्षेत्र शालग्राममय है । ३३ कोटि देवी देवता शालग्रामशिला रूपमें विद्यमान हैं ।..... जयन्ती, मङ्गला, काली, भद्रकाली, कपालिनी, आदि मार्कण्डेयपुराण में शक्तिरूपेण वर्णित नदीयां तथा

उत्तरा, धवला, सीता, कामधेनु गङ्गा मेघदा (म्याग्दी) आदि पुण्यतोया सभी नदीयां मिलकर कालीगण्डकी का जल –बल बढाती है और सङ्घे शक्ति का उपदेश देती हैं । इसके अतिरिक्त शत सहस्र हिमनिर्झर युक्त और अनेक सहायक नदीयां भी आकर काली मे मिलती है उक्त समस्त पवित्र नदियों के दोनों तटोंपर असंख्य तीर्थगुम्बा तथा ऋषि–मुनि–योगी जनोंके आश्रम है । इस कालञ्जर क्षेत्र के मुक्तिक्षेत्र मुक्तिनाथ में आकर उक्त त्रिगुणज्वालामूर्ति मुक्तिनाथ को शैवलोग शिवकी भावनासे वैष्णव लोग विष्णुकी भावनासे तथा बौद्धलोग बुद्धकी भावनासे उपासना करते हैं "(योगी, २०३८ :पृ.५९–६०) ।

४.१४ श्रीरहस्यरत्नमाला

यसै गरी त्रिदण्डी श्री पराङ्कुशाचार्य स्वामीजीद्वारा सङ्कलित पुराणवाङ्मय, स्तोत्रसाहित्य, भक्तिग्रन्थहरूका गूढतम रहस्यहरूको सूक्ष्मचिन्तन रहेको **श्रीरहस्यरत्नमाला**मा शालग्राम उपलब्ध हुने कालीगण्डकीतटीय पौराणिक महत्त्वका स्थलहरूको वर्णन गरिएको छ । यसमा कालीगण्डकीका शीतल जलकणले सिञ्चित भूमि, कोइली, सारिका, मैना, रानी चरी आदि पर्वतीय पंक्षीहरूको मधुर गुञ्जन हुने, कृष्णसार मृग सञ्चरण गर्ने, गोब्रे, सल्लो,गोकुलधूपलगायत सुगन्धमय वृक्षवनस्पतिका सौन्दर्यले पूर्ण, कालिका मालिका, देविका, लस्ती, लुङ्दी आदि नदीहरू प्रवाहित हुने मृगतीर्थ जलजलाको स्वच्छ सरोवरले सुशोभित कालञ्जर पर्वत मुक्तिकामी सिद्धयो गीहरूको तपस्थली एवम् स्वयं भगवान् श्रीहरिको प्रिय भूमि हो भन्ने उल्लेख गरिएको छ -

ह्रस्वरात्रिर्दिवा दीर्घरात्रिर्दिवा ते उभे ते हरे स्तः सदा मङ्गले ।
पश्चिमे गोधरः पूर्वकालञ्जरः, दक्षिणे गण्डकी रम्यपारस्कर : ।।
गण्डकीशीकरैर्घर्मतापं हरे राजसे त्वं हरे भद्रकालञ्जरे ।
कोकिला–पीकसारीमुखैः सुस्वरे मोदसे श्रीहरे मुक्तिकालञ्जरे ।।
खञ्जरी सुन्दरी पीतरक्ताम्बरी शान्तिदा भूदरी यत्र मोदङ्करी ।
सज्जलाजल्जलापुष्करस्योपरि तत्र कालञ्जरे भ्राजसे त्वं हरि ।।
कानने सौरभं सर्वतः सञ्चराः, गन्धनाभिं धरामर्त्यचित्तहरा ।
कृष्णसाराश्चराश्चित्रकाः सुन्दराः,वन्यगावो वरा हुङ्कराः सुस्वराः ।।

चित्रनानासुमैर्गुग्गुलैःसौरभे तापसैर्मुक्तिकामैः सदा गौरवे ।
मालिका-कालिका-देविका-सङ्गमे मोदसे त्वं हरे लस्तिकालञ्जरे ।।

(पराङ्कुशाचार्य, २०७२ः पृ.६-९) ।

उल्लिखित पद्यहरूमा आएका गोधर, कालञ्जर, पारस्कर आदि पर्वत, गण्डकी, कालिका, मालिका, देविका, लस्ती आदि नदी एवम् जलजला ताल र त्यस क्षेत्रमा उपलब्ध वन्यसम्पदा एवम् प्राचीन कालदेखि लोकप्रचलनका भौगोलिक नामहरूले समेत पुराणवर्णित कालञ्जरक्षेत्र मोदीनदीदेखि उत्तरतर्फ विद्यमान हम्पाल पर्वत र त्यस वरपरको विशाल भूमि हो भन्ने प्रमाणित हुन्छ । यो क्षेत्र भारतवर्षका काशी, मथुरा, हरिद्वार, गया, मधुवन जस्तै एउटा महनीय तीर्थस्थल हो । यो एउटा सिद्धभूमि पनि हो । यहाँ पिण्डदानादि कर्म गर्नाले पितृहरूले सद्गति प्राप्त गर्दछन् भने साधकलाई सिद्धि मिल्दछ, प्राणीलाई जन्मान्तरका प्रारब्धबाट उन्मुक्ति मिल्छ भन्ने पौराणिक वाङ्मयको आशय हो ।

सिद्धक्षेत्र कालञ्जरको महिमा प्रस्तुत गरिएको कृष्णप्रसाद पराजुली द्वारा विचरित अप्रकाशित **कालञ्जरवर्णनम्** भन्ने लघु कृतिमा कालञ्जरलाई धौम्य, भृशुण्डी, मार्कण्डेय आदि ऋषिहरूको तपस्थलीका रूपमा चिनाइएको छ –

उत्तरस्यां दिशि भाति ख्यातः कालञ्जरो गिरिः ।
अधस्ताद् रोहिणीनाम्ना सुप्रसिद्धः सरोवरः।।
मार्कण्डेयो मुनिर्यत्र त्रिसन्ध्यास्नानतत्परः ।
विधिज्ञः शास्त्रसारज्ञः आसीत् लोकेषु विश्रुतः ।।
भृशुण्डीऋषिणा पूर्वं लोककल्याणहेतवे ।
प्रवाहिता नदी रम्या शीतला निर्मलोदका ।।
सन्ति कल्पद्रुमा नैके मृगकालञ्जरे वने ।
मुह्यन्ति मुनयो ह्यत्र ब्रह्मकर्मणि संस्थिताः ।।
सुरम्यो मृगकुण्डोऽस्ति मृगकालञ्जरे गिरौ
निर्मितं देवराजेन लोककल्याणहेतवे ।।(कालञ्जरवर्णनम् अप्र.)

यी पद्यहरूमा आएका मृगकुण्डले हम्पाल नजिकैको जलजला ताल भृशुण्डी भन्नाले भुरुङ्दी खोला र मार्कण्डेयका प्रसङ्गले मार्कन्ने खोला तारे

भन्दा पूर्वपट्टि लुङ्दी खोलाको उत्पत्तिस्थल र मार्कन्ने खोलाका बीचमा रहेको तप्कने भन्ने ठाउँले मार्कण्डेय ऋषिको तपस्थलीलाई सङ्केत गर्दछन् भने रोहिणीले रोहिणीदह आदिलाई बताउँछन् र तिनै तपस्थलीका आधारमा लोकमा यी नाम प्रचलित भएको बुझिन्छ ।

कालञ्जरभूमिको ऐतिहासिक स्थल मल्लाजको ठकुरी वंशमा जन्मिएका मोहनबहादुर मल्ल (वि.सं.१९६८-२०३५) कालञ्जर भूमिका प्रतिभाशाली व्यक्ति हुन् । उनका **उजेली छामा**, **मायारानी**, **पञ्चायत**, **समयको हुरी**, **भुमरी**, **बहादुर नजर**, **जेली**, **रामछायाँ** (आदि उपन्यास), **बाइसी चौबीसी राज्यको इतिहास**, **सिञ्जा इतिहासको डोरेटो**, (इतिहास), **पागल दुनियाँ** (नाटक), **स्वदेश परिचय** (निबन्ध) **त्रिफला** (कथासङ्ग्रह) लगायतका कृतिहरू प्रकाशित छन् भने कतिपय अप्रकाशित छन् (पौडेल, २०७२: पृ १७) । उनका नाममा वि.सं. २०६० मा स्थापित मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठानले कालञ्जर भूमिकै सर्वपक्षीय विशेषतालाई प्रस्तुत गर्ने उद्देश्यले यस पर्वतकै नाममा **कालञ्जर** अर्धवार्षिक अनुसन्धानात्मक तथा साहित्यिक पत्रिका प्रकाशन गर्दै आएको छ र अहिलेसम्म ११ अंक प्रकाशित भइसकेका छन् (लीलानाथ असन्तोषी) ।

जगन्नाथ रेग्मीद्वारा प्रकाशित **कालञ्जर क्षेत्रका अनुद्घाटित रहस्यहरू** (वि.सं.२०७२) नामक शोध लेखमा कालञ्जर क्षेत्रका भौगोलिक स्थानहरूको विवेचना गर्दै पुराणप्रमाणका आधारमा भगवान् श्रीहरिका अंशावतार ऋषभदेव पुत्र राजर्षि भरतले यही कालञ्जर क्षेत्रको पुलहाश्रम, चक्रनदी कालीगण्डकी र हम्पालका लेकमा तपस्या गर्दै तीन जन्म (राजर्षि भरत, मृग भरत र जड भरत) बिताएको हुँदा यो क्षेत्र सिद्धभूमि हो भन्ने निष्कर्ष निकालिएको छ ।

हिरालाल रेग्मी र सरोज पन्तद्वारा जिल्ला समन्वय समिति पर्वतबाट तयार पारिएको **ऐतिहासिक तथा पौराणिक कालञ्जर हम्पाल पर्वत** (वि.सं.२०७४) नामक लघु अनुसन्धानमा यस पर्वतका स्थलगत विशेषता र जनश्रुतिका आधारमा कालञ्जर पर्वत यही हो भन्ने मान्यता अघि सार्दै यसका ऐतिहासिक विशेषताको उल्लेख गरिएको छ ।

कालञ्जर पुण्यभूमिमा जन्मनुको गौरवबोध गर्दै त्यसक्षेत्रबाट वसाइँ

सरेर आएका मल्लाजीहरूले कालञ्जरकै इतिहास प्रकाशमा ल्याउनका लागि **कालञ्जर सेवा समाज पोखरा** (वि.सं.२०७२) को स्थापना गरेका छन् र यस संस्थामार्फत विभिन्न सेवामूलक कार्यहरू सञ्चालनमा आएका छन् ।

५.कालञ्जर क्षेत्रका सिद्धस्थलहरू

कालञ्जरक्षेत्रमा प्राचीन इतिहास बोकेका अनेक मठ मन्दिर, देवालय, शिवालय, कुण्ड, पोखरी, गुफा, नदीनाला, आश्रमलगायतका अनेक सिद्धस्थलहरू छन् । यहाँ तिनीहरूको संक्षिप्त चर्चा गरिन्छ -

५.१ गिद्धेश्वर शिवालय

गिद्धेश्वर शिवालय कालञ्जर क्षेत्रअन्तर्गतका पुण्यस्थलहरूमध्येको एउटा प्रसिद्ध मन्दिर हो । यो मन्दिर जलजला गाउँपालिका ५, मल्लाज लेकफाँटमा अवस्थित छ । यो पुण्यस्थल आदिकालदेखि नै श्री स्वस्थानीको व्रत पूजा गरिने ठाउँ हो । पर्वतराज हिमालयकी पुत्री पार्वतीले यही ठाउँमा भगवान् शिवको उपासना गरेकी थिईन् । उनका उपासनाबाट प्रसन्न भएका शिवले यस ठाउँको नाम गिरिजेश्वर रहोस् भनी वरदान दिएको हुँदा गिरिजेश्वर रहन गएको र कालान्तरमा त्यसको अपभ्रंश भई गिद्धेश्वर हुन पुगेको हो भन्ने सुनिन्छ । यही ठाउँमा मध्यकालीन युगमा सुदेव ब्राह्मण र गौतमी ब्राह्मणीको तपस्याबाट प्रसन्न हुनुभएका गरुडवाहन भगवान्बाट पुत्र प्राप्ति गरेकोले सिद्धि क्षेत्रका रूपमा रहेको यस ठाउँको नाम गरुडेश्वर राखिएको भन्ने अर्को कथन छ । जनविश्वासअनुसार यस ठाउँमा शिवरात्रिलगायतका शिव उपासनाका पर्वहरूमा गिद्धहरूको भीड लाग्ने र तिनीहरू नजिकैको पोखरीमा नुहाउँदै उड्दै गर्दथे । गिद्धहरू पनि गरुड जातिकै पंक्षी भएका र तिनीहरूले भगवान् शिवप्रति आस्था भाव दर्शाएका कारण यिनीहरूकै नामबाट सम्बोधन हुने गरी यहाँको समाजले यस ठाउँलाई गिद्धेश्वरको संज्ञा दिएको किंवदन्ती पाइन्छ (पं.डिलनाथ रेग्मी) । वर्तमानमा पनि अन्यत्र भन्दा यस ठाउँमा गिद्धहरूको हुलै देखिने हुँदा उक्त कुरा यथार्थ भएको अनुभूत हुन्छ ।

यसको प्राचीनता कति हो ठ्याक्कै भन्न सकिने प्रमाणहरू भेटिँदैनन् । तर पनि आजभन्दा दुई शताब्दी पूर्व नै यस मन्दिरको स्थापना भएको हो भन्ने कुरा दुर्गाबहादुर मल्लले चढाएको घण्टले

बताउँछ । स्थानीय वृद्ध पुरुषहरूको भनाइअनुसार मल्लाज लेकफाँट देवपूजामा जन्मिएका च्यामे सवेदीका उपनामले चिनिने स्व. छविलाल सुवेदीले वि.सं. १८७५-८० तिर शिवालयको निर्माण गरी पूजा आजा चलाएका थिए। यस मन्दिरको निर्माण सम्बन्धमा एउटा किंवदन्ती प्रसिद्ध छ। जसअनुसार सुवेदीहरू देउपूजे भन्ने ठाउँमा बसोवास गर्दथे कृषि र पशुपालन उनीहरूको मुख्य पेशा थियो । उनीहरूले चरनको सुविधाले गर्दा लोप्रे, कुवापानीका खर्कहरूमा गाइगोठ बनाएर दिनहुँ गोठघर गर्दथे। छविलाल सवेदीले एक दिन खाना खान घरमा आउँदै गर्दा गिद्धेश्वर नजिकैको पोखरी छेउमा अजिंगरलाई देखेर डरले भाग्दै गाउँलेलाई खबर गरे। त्रसित गाउँलेहरूले कुनै न कुनै दिन विपत्ति आउँछ भनी अजिंगरलाई मारिदिए । त्यही दिन बेलुका गाईगोठमा सुतेका छविलाल सुवेदीलाई सपनामा अजिंगरले आफू मारिएकोमा दुःख पोख्यो "म भगवान् शिवको स्वरूप हूँ। कुनै पनि निरपराध प्राणीलाई मार्नु जघन्य अपराध हो। धर्तीमा हरेक जीवलाई आ-आफ्ना प्रकृतिअनुसार बाँच्न पाउने अधिकार छ । तिमीहरूले सोच विचारै नगरी मलाई मारेको हुनाले यसको फल भोग्ने पर्दछ । यदि कल्याण चाहन्छौ भने त्यस ठाउँमा शिव मन्दिरको निर्माण गरी विधिवत् पूजा आराधना गर"। स्वप्नबाट ब्यूँझिएका गोठाला छविलाल थरथर काँप्दै नित्यकर्म सकेर गाउँ झरे अनि सपनाका सारा वृत्तान्त गाउँलेहरूलाई बताए । गाउँले हरूको लामो छलफल पछि उनै ले निजी लगानीमा शिवालयको निर्माण गरेर पाँच रोपनी बराबर को खेत गुठ समेत राखेका हुन् (कृष्णप्रसाद रेग्मी)।

दुई सय वर्ष पहिला काठमाडौंबाट दक्ष कालीगढ

झिकाइ ५ वर्ष लगाएर निर्माण गरिएको यो मन्दिरले नेपाली प्यागोडा शैलीको नमूना प्रस्तुत गर्दछ । कालो ढुङ्गामा कला भरेर कडा मिहिनतका साथ तयार पारिएको यस मन्दिरलाई देख्दा एकातिर विकट ठाउँमा पनि कसरी यस्तो कलात्मक मन्दिर बने होला भन्ने कौतूहल सिर्जना गर्छ भने अर्कातिर एकै साथ नेपालीहरूको आध्यात्मिक आस्था र अनमोल शिल्पकर्मलाई सम्झाएर गौरवको अनुभूति गराउँछ । स्थापना कालदेखि नै श्रद्धा र आस्थाको केन्द्र बन्दै गएको यस मन्दिरका परिसरमा अन्य संरचना पनि बन्दै गएका देखिन्छन् । पञ्चायतकालीन सञ्चार राज्यमन्त्री डम्बरबहादुर मल्ल तथा साहित्यकार मोहनबहादुर मल्लका अग्रज दुर्गाबहादुर मल्लद्वारा अर्को शिवमन्दिरको निर्माण गरी ३ रोपनी खेत गुठ राखेको बुझिन्छ । साउन महिना, हरितालिका तीज, बालाचतुर्दशी, शिवरात्रिजस्ता विशेष तिथि पर्वहरूमा भक्तजनहरूको भीड बढ्दै जाँदा यस क्षेत्रको विकास विस्तार गर्नुपर्छ भन्ने जनआवाजलाई सम्बोधन गर्दै यहाँ विभिन्न समयमा साना र ठूला यज्ञहरूको आयोजना हुँदै आएको छ ।

स्व. मधु सवेदीका पुत्र गुरुदत्त सुवेदीबाट एक सत्तल निर्माण भएको छ भने हाल चितवन निवासी चन्द्रदत्त सत्यरूपा सुवेदीका सुपुत्रहरू चक्रपाणि सुवेदी र श्रीलाल सुवेदीद्वारा सात लाख बराबरको खर्चमा प्रवचन हल निर्माण भएको छ । यही पुण्य परिसरमा मल्लाज क्षेत्रमा छरिएर रहेका रेग्मी बन्धुहरूको सक्रियता र अन्य श्रद्धालु भक्तहरूको सहयोगमा भगवान् गणेशको मन्दिर निर्माण गरी दक्षिणभारतबाट कलात्मक मूर्ति झिकाएर (वि.सं.२०७२ भाद्र ३१-आश्विन ५) गणेशपुराण महायज्ञको सन्दर्भमा सिद्धिविनायक गणेशको प्राणप्रतिष्ठा गरिएको छ । यस यज्ञको प्रमुख वाचक हुने अवसर पङ्क्तिकारले प्राप्त गरेको थियो ।

५.२ भगवती मन्दिर

कालञ्जर क्षेत्रको काख मल्लाज माझफाँटको मध्य विन्दुमा अवस्थित भगवतीको मन्दिर यस क्षेत्रको प्राचीन मन्दिर हो । नेपालको इतिहासमा बाइसे चौबीसे राज्यकालमा समेत विशेष प्रसिद्धिमा रहेको मल्लाज मल्लराज्यको एउटा केन्द्र थियो । जतिबेला यो एउटा राज्यको अस्तित्वमा रह्यो त्यतिबेला

देखि नै यो ठाउँ शक्ति उपासनाका लागि प्रसिद्ध थियो । भारतमा मुगल राज्य हुँदा यवनाक्रान्त ऋषिहरू आफ्ना कर्म, संस्कार र साधनाहरूलाई जोगाउन र कतिपय यो उत्तराखण्ड भनौं अथवा हिमवत्खण्डका पवित्र पर्वत केन्द्रहरूका वैशिष्ट्यले आकर्षित भएर यतातिर भित्रिएका थिए । त्यही क्रममा परापूर्वकाल देखि नै उनीहरूले यो पावन भूमिमा बस्ती बसाएर वर्णाश्रम व्यवस्थालाई धानेका थिए । स्वसंस्कृतिको संरक्षण एवं शक्ति उपासनामा लागेका तिनै पूर्वजहरूले

यस ठाउँमा देवी भगवतीको आराधनका निम्ति मन्दिर निर्माण गरेको बुझिन्छ । त्यसो त मल्लाज क्षेत्रका डाँडाकाँडाहरूमा ठाउँठाउँमा देवीका स-साना मन्दिरहरू थिए । यिनीहरू आ-आफ्नै पद्धतिबाट सञ्चालित हुन्थे । जतिबेला यहाँ पर्वत राज्यअन्तर्गतको एउटा केन्द्र बन्यो त्यति बेला देखि नै राज्यको सीमा सुरक्षाका निम्ति अग्ला अग्ला पर्वत टाकुरामा दुर्ग वा किल्लाको निर्माण हुन थाल्यो । जहाँ सैन्य बलका खरखजाना हात हतियार राखिने गरिन्थ्यो तिनै ठाउँहरूलाई कोतका रूपमा विकसित गरियो । त्यस्ता कोतले त्यस ठाउँका विभिन्न समुदायहरूको साझा पहिचान बोक्तथे । त्यस्तै कोत मध्येको एउटा कोत थियो मल्लाज कोत । राज्यको आवश्यकताअनुसार यो कोत वि.सं. १२४६ तिर बाँसखर्कमा त्यसपछि १४५० तिर लेकफाँटको

गैरीगाउँको मैदान डाँडामा अनि वि.सं. १९०३ पछि मल्लाजको माझफाँटमा स्थापना गरिएको हो भन्ने इतिहास भेटिन्छ (थलबहादुर घर्ती क्षत्री)।

पूर्वमा हम्पाल पर्वत, पश्चिममा पवित्र कालीगण्डकी, उत्तरमा पुङ्दी खोला र पूर्व दक्षिणमा लस्तीखोला भित्रको भौगोलिक सीमा जसअन्तर्गत साबिकका लेकफाँट, बाँसखर्क, शालिजा, माझफाँट र धाइरिङ्ग गा.वि.स. पर्दथे भने हाल जलजला गा.पा.का १-७ वडाहरू यसैभित्र समेटिएका छन्। यी सबैको केन्द्रविन्दु मल्लाज कोत भगवती मन्दिर हो। यहाँ अद्यापि सबैको साझा मौलोको पूजा हुन्छ र मल्लाजीहरूको एकत्वको विशिष्ट पहिचान झल्कन्छ। सबैको साझा गन्तव्य र आस्थाको केन्द्र रहेको यस मन्दिरको संस्थापना र विकासमा पौडेल ब्राह्मण, घर्ती क्षत्री, लामिछाने र कार्कीहरूको विशेष योगदान छ। २०१४ तिर प्यागोडा शैलीमा ढुङ्गामाटोबाट निर्मित यस मन्दिरलाई समयक्रममा पूर्वोक्त पाँच गा.वि.स.का अमाली, द्वारे, मुखिया, जिमुबाल र बिर्ताबालाहरूले जे जसरी चलाए पनि यो मन्दिर वि.सं. २०५६ पछि जनकबहादुर बरुवालको अध्यक्षतामा बनेको सञ्चालक समितिका नामबाट सञ्चालित भएको देखिन्छ। पछि वि.सं. २०७२ मा माझफाँट ३ का शिवकुमार श्रेष्ठका परिवारको ३५ लाख सहयोगमा मन्दिरको पुनर्निर्माण र महायज्ञको आयबाट अन्य बृहत्तर विकास योजना अगाडि बढेका छन्। हाल यस मन्दिर परिसरमा अन्य भौतिक संरचना बनेका छन्। प्रत्येक नवरात्रमा हुने दुर्गाउपासना, श्रीमद्देवीभागवत पाठपारायण, धार्मिक अनुष्ठान, सांस्कृतिक कार्यक्रम, खेलकुद जस्ता धार्मिक सांस्कृतिक र सामाजिक कार्यक्रमहरूले यस ठाउँको महत्त्वलाई बढाइरहेका छन्।

५.३ चन्द्रेश्वर शिवालय

साबिकको लेकफाँट र माझफाँटको मध्यवर्ती क्षेत्र अहिलेको जलजला ५ अन्तर्गगत सर्षकमाएमा चन्द्रेश्वर शिवालय अवस्थित छ। कसैले सहस्रकमाए कसैले सर्षकमाए र कसैले सर्स कमाए भन्ने गरेको यस ठाउँको नाम किन यस्तो रहन गयो खोजीको विषय छ। जे होस् यो कालञ्जर पर्वतअन्तर्गतको एउटा पवित्र तपस्थली हो। प्राचीन कालको जे जस्तो इतिहास भए पनि वि.सं. २००० देखि यता यो शिवालयको

परिसर ध्यानाश्रमका रूपमा प्रसिद्ध छ । यहाँको भूवनोटले पनि यही कुराको सङ्केत गर्दछ। यो शिवालय तलपट्टि र माथिपट्टिको पहराको बीचमा केही फैलिएर रहेको सानो बस्तीको काखमा अवस्थित छ । झ्याम्म परेर रहेका निगालाका गॉज, मौवा, टुनी, उत्तीस, सल्लाजस्ता लेकाली बोटविरुवाले घेरिएको सानो थुम्कोमाथि सुशोभित यस शिवालयमा पुग्दा जो कोहीलाई पनि शान्त एकान्त निकुञ्जमा प्रवेश भएको अनुभूति हुन्छ । यस ध्यानाश्रमको पृष्ठभूमि निर्माणमा एउटा त्यागी महात्मा र अर्का विरक्त बालतपसीको देन स्मरणीय छ ।

वि.सं १९३६ साल कार्तिक शुक्ल द्वादशीमा काठमाडौंको बानेश्वरमा जन्मिएका नारायण गिरि २० वर्षकै उमेरमा गृहस्थाश्रम त्याग गरी देवभूमि नेपालका अनेकौं तीर्थस्थलहरूको भ्रमण गर्दै मुक्तिनाथ क्षेत्र दर्शन गरेर फर्केका थिए । पुराणमा वर्णित कालञ्जर क्षेत्रको महिमाबाट प्रभावित भएका गिरिले यही पर्वतको पवित्र माटोमा देह विसर्जन गर्न सके मुक्ति मिल्दछ भन्ने विश्वास बोकेर शान्त एकान्त स्थलको खोजी गर्ने क्रममा यस ठाउँलाई छानेका थिए भन्ने बुझिन्छ । स्वर्गद्वारी महाप्रभुका त्याग, निष्ठा, समर्पण र सेवा भावबाट प्रेरित नारायण गिरि योग सिद्धि, मन्त्रसिद्धि र वाक्सिद्धि भएका असाधारण क्षमताका महापुरुष थिए भन्ने आप्तवचन सुनिन्छ (सु.शेरबहादुर खत्री/हिराबहादुर जि.सी.) ।

वि.सं. १९७५ साल कार्तिकमा लेकफाँट गिद्धेश्वरमा जन्मिएका नरबहादुर खत्री एकै साथ छोटो समयमै माता पिता र बहिनीको वियोगबाट विरक्तिएर संसार असार सम्झी भोडे ओडारको निर्जन जङ्गलमा गएर एक छाक मात्र खाई कठोर व्रत बस्तथे । उनको साधनालाई सहयोग पुग्ने हिसाबले त्यस ठाउँमा महायज्ञ लगाइएको थियो भने त्यसको दुई वर्षपछि रातो पहरामा अर्को महायज्ञ लगाइएको थियो । पछि स्वामी नारायण गिरिका सत्सान्निध्यलाई प्राप्त गरेपछि उनी पनि यही आश्रममा आएर बस्ने गर्दथे । उनै महापुरुषको आगमन नै यस आश्रमको आधारशिला हो (हीराबहादुर के.सी.) । प्रारम्भमा सानो पर्णकुटी मात्र रहेको यस ठाउँमा उहाँका सत् शिष्य वानप्रस्थी स्वामी नित्यानन्द महाराजले आत्मकल्याण र लोकशान्तिको कामनाका साथ

२००२ सालतिर चन्द्रेश्वर महादेव शिवालयको स्थापना गरेको बुझिन्छ । यहाँ उहाँकै शिष्य प्रशिष्यहरू लेकफाँट सिरुबारीका तप्त ब.क्षेत्री (तत्त्वानन्द गिरि)। ढलेढुङ्गाका मेघानन्द गिरि, महेश्वरानन्द गिरि एवं हेमानन्द गिरि आदिले आफ्नो गुरुपरम्परालाई धानेको पाइन्छ । वि.सं. २०१३/०१४ तिर यसलाई अध्यात्म विद्याको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिएर ज्योतिष, व्याकरण, वेद, वेदान्तको अध्यापन थालिएको थियो । भौगोलिक विकटता आर्थिक सङ्कट एवं उत्तराधिकारीको अभावका कारण विद्याको विकास हुन सकेन । पछि गएर यस आश्रमलाई विस्तार गर्दै माझफाँट निवासी रविलाल पौडेल एवं उनका छोरा भतिजाहरूको दानदातव्य र गैरीगाउँका मानबहादुर कौशिला परिवारबाट गरी १७ रोपनी बराबरको गुठ जग्गाको व्यवस्था रहेको छ (शेरबहादुर खत्री/ कृष्णप्रसाद रेग्मी) । केही गुठीको आय र केही दयालु सज्जनहरूको सहयोगबाट यो आश्रम सञ्चालित भइरहेको छ । जीर्ण हुँदै गरेको शिवालय, यज्ञशाला, गौशाला, र एउटा सानो आवासमात्र रहेको यस चन्द्रेश्वर शिवालयले नवनिर्माणको अवसर खोजिरहेको प्रतीत हुन्छ ।

५.४ शिवालय गुफा

शिवालय गुफालाई माझरानी गुफा पनि भनिन्छ । यसले ११६-११७ वर्षको इतिहास बोकेको छ । यो गुफा मल्लाज माझफाँटको शिरोभाग र लेकफाँटको पुछारमा दुई खोलाको बीचमा उठेको टापुमाथि अवस्थित छ । हाल यो जलजला ४ मा पर्दछ । दायाँ बायाँ दुवैतिर हरियाली वन माथितिर अग्लो पहरो र तलतिर छङ्छङ् गर्ने खोला अनि त्यसको पुछारमा माझफाँटको बाक्लो बस्ती देख्दै मनमोहक लाग्ने यहाँको प्रकृतिले साँच्चिकै तपोवनको झल्को दिन्छ । साना साना मन्दिर र फूलबारी चराचुरूङ्गीको मधुर कलरव, साँझ बिहानको शङ्खध्वनि, कोलाहलरहित वातावरण शिवालय गुफाका आफ्नै विशेषता हुन् । रम्य र सौम्य प्रकृति, तपसाधनाको निम्ति उपयुक्त भौगोलिक अवस्थिति, वर, पीपल, आँप, शमी, रुद्राक्षजस्ता माङ्गलिक वृक्ष वनस्पतिले गर्दा यज्ञभूमिजस्तै लाग्ने यस प्राकृतिक सम्पदाको संरक्षणको उद्देश्यले वि.सं. १९५३ मा दुर्गादत्त मल्लले कालञ्जर पर्वतको हम्पाल लेकमा साधनारत स्वामी खड्ग गिरिलाई अनुरोध गरेर यस

ठाउँमा ल्याएका थिए । स्वामी खड्ग गिरिले पनि यो ठाउँ वास्तवमै सानो कैलाशपर्वत जस्तै छ भनी भगवान् शिवको मन्दिर बनाउन लगाएका थिए । यहाँ वि.सं. १९५९ अक्षय तृतीयाका दिन भगवान् शिवको प्रतिष्ठा गरी नियमित पूजा आजा चलाइएको हो । पछि अम्बा मल्लले वि.सं.

१९९३ को शिवरात्रिको पावन अवसरमा आफ्नो सारा सम्पत्ति अनन्य शरण भगवान् शिवमा समर्पित गर्दै ब्रह्मा, विष्णु र गणेश मन्दिरका साथै आवास भवनको निर्माण गरेको बुझिन्छ । मन्दिर सञ्चालनका लागि अम्बा गिरि द्वारा समर्पित २६ रोपनी, र नर्मदा गिरिद्वारा प्रदत्त १० रोपनी जग्गामध्ये १९ रोपनी खेत र १७ रोपनी पाखो आश्रम सञ्चालनको मुख्य आधार हो । ११६-१७ वर्ष पहिलेदेखि आजसम्म अखण्ड पूजाआजा भजन कीर्तन भइरहेको यो भूमि पवित्र तीर्थस्थल भइसकेको छ । आफ्नै गुरुपरम्परा उत्तराधिकारीबाट संरक्षित हुँदै आएको यो आश्रम २०५३/७/१२ देखि शिवालय गुफा संरक्षण समितिमार्फत सञ्चालित छ । हाल यसका संरक्षक स्व. साहित्यकार मोहनबहादुर मल्लका पुत्रहरू छन् (पं.मेघनाथ पौडेल)। एकातिर बदलिँदो समय परिवेशका कारण वर्तमान समयमा त्यागी सन्त महात्माहरूको अभाव खड्किरहेको हुनाले भविष्यमा यो परम्परा विच्छिन्न हुने स्थिति

देखिन्छ भने अर्कातिर आर्थिक अभावका कारण यी सम्पदा संकटमा पर्ने हुन् कि भन्ने आशङ्का पैदा भइरहन्छ । तसर्थ सम्बन्धित निकाय वा संस्था यसतर्फ सचेत रहनुपर्ने देखिन्छ ।

५.५ देवीस्थान र भूमे स्थान

मल्लाज क्षेत्रको करिब २०० वर्ष पुरानो इतिहास बोकेका केही सांस्कृतिक धार्मिक सम्पदामध्ये जलजला लेकफाँटको गैरी गाउँको बस्ती भन्दा माथि मुकुटाकारमा उठेको टापुमा विद्यमान देवीस्थान पनि एक हो । मानौं सारा मल्लाज र यस वरपरका गाउँ बस्तीहरूको संरक्षण र देखभालका निमित्त पहरा दिएजस्तै लाग्ने यो देवीस्थान ढुङ्गा र माटाको जोडाईबाट बनेको प्यागोडा शैलीको तर सामान्य प्रकृतिको मन्दिर हो भने लेकफाँट टिमुराबोट र भोडे ओडारका नजिकै ठूलाचौरमा अवस्थित भूमे स्थान आकृति मात्र दिइएको अत्यन्तै सानो मन्दिर हो । लगभग १ k.m. को दूरीमा रहेका यी देवस्थलहरूको निर्माणका पछाडि २०० वर्ष पहिले घटेको एउटा सत्य घटना तर नलेखिएको इतिहास साक्षी थियो । यसलाई लोकले किंवदन्तीका रूपमा बुझ्न थालेको हो । कुनै पनि देवालय शिवालय भनौं प्राचीन मठ मन्दिरहरूको निर्माणका पृष्ठभूमि खोज्दै जाँदा कुनै न कुनै आस्था वा विश्वास जोडिएकै हुन्छन् । यी दुवै स्थानहरू त्यस्तै आस्थासँग सन्दर्भित देखिन्छन् ।

विक्रमको १९ औं शताब्दीको पूर्वार्धतिर यही मल्लाज क्षेत्रको राजपरिवारमा रौतला रौतेली अर्थात् कुनै राजकुमार राजकुमारी हुकँदै थिए । जसलाई अर्को शब्दमा मण्डला मण्डली भनिन्थ्यो । संयोग यस्तो पऱ्यो कि उमेर पुगेकी राजकुमारीको विवाहका लागि स्वयं राजाले र दाजुले छुट्टाछुट्टै वाग्दान दिएका थिए । विवाहका दिन एकै समयमा दुईतिरबाट बरियाँत आएको देखी जनसमूह अचम्ममा पऱ्यो । उपस्थित जनसमूह र भाइभारदारहरू अलमलमा परे । यो चाल पाएकी राजकन्याले दरबारबाट भागेर वनमा पसी आत्महत्या गरिन्छन् । उता दाजुले पनि बाबुसँग केही सोधपुछ नगरी बहिनीको वाग्दान गरेकोमा अपराध स्वीकार गर्दै आत्मग्लानिका साथ आत्महत्या गरेछन् । यता राजा रानीले पनि बरियाँत रित्तै फर्कनुपरेको पीडामा बेचैन भई आत्मघात गरेछन् । यसरी सपरिवार सखाप परेपछि राजकुमार राजकुमारीको आत्मा

जागृत भएर कुलगुरुसमक्ष बारम्बार सपनामा आई आफूहरू कठोर आपत् विपत् सही भोकभोकै तड्पिरहन परेको हुनाले उद्धार गरिदिन अनुरोध गरेछन् । आफ्नो उद्धार नभएमा गाउँमा ठूलो अनिष्ट हुने र विधिपूर्वक आह्वाहन गरी पूजा गरेमा शान्त भएर यही गाउँको रक्षक बन्ने बताएछन् । उनीहरूकै प्रार्थना बमोजिम राजकुमारीलाई देवी र राजकुमारलाई भूमिपति अर्थात् भूमे मानेर पूजा गरिँदै आइएको हो भन्ने जनश्रुति छ (अम्बरबहादुर बरुवाल)।

समयको अन्तरालमा स्थानीय केही सज्जनहरूले त्यही राजपरिवारका सन्तान दर सन्तानहरूलाई देवी भूमे र भूमिपति राजपरिवारकै पुर्खा हुन् भनी चर्चा गर्दा राजपरिवारले विश्वास नगरी उल्टै उनीहरूलाई होच्याएछन् । अन्तमा दुवै पक्षका बीच देवी र भूमेको अस्तित्वको सम्बन्धमा परीक्षा गरिएछ । यदि देवी र भूमेको अस्तित्व सत्य हो भने सिमसेरा (अर्थात् हुर्केदेखि पूर्वपट्टि बाटामुनिको खेत) फाँटको ५० मुरी धान फल्ने खेतको धान आजकै दिनमा असिनाले झारोस्, यदि हाम्रो (राजपरिवारको) खेतको बाला कतै अरूको खेतमा पुगेको भए पनि झरोस् र अरूको धान हाम्रोमा आएको भए नझारोस् भनी वाचा गरेछन् । त्यसको १ घण्टा नबित्दै देवी स्थानको माथितिर बादल निस्केर घोर गर्जनका साथ असिना परी सर्त गर्ने राजाका खेतको धान नष्ट भएछ ।

यसै गरी अर्को कुनै समयमा हटिया निवासी गणेश नामक नेवारले आफ्ना घरमा रहेको वर्षौंदेखिको अन्नपात बिक्री होस् भन्ने उद्देश्यले मनमा दुर्भावना लिई यहाँ अनिकाल परोस् र मैले अन्नपात बेच्न सकूँ भनी देवीलाई पाठो बलि दिन भनेर मन्साउन लाग्दा देवीका शक्तिले बादल मडारिँदै गर्जनाका साथ उसका घरमा बज्र परेर आगो लागेछ र सारा अन्नपात नासिएछ । अन्तमा उल्टै गाउँलेकै सहाराबाट प्राप्त अन्न र वस्त्रद्वारा गुजारा गर्नपरेछ भन्ने किंवदन्ती भेटिन्छ । यही किंवदन्तीको पृष्ठभूमिमा देवीस्थान र भूमेस्थानको निर्माण भएको बुझिन्छ । पृष्ठभूमि जे होस् यस ठाउँमा अद्यापि श्रद्धा भक्ति र विश्वासका साथ देवी र भूमेको पूजा हुन्छ भने स्थानीय विद्यालयको नाम पनि देवीस्थानकै नामसँग जोडी देवीस्थान आधारभूत विद्यालय राखिएको छ ।

५.६ राममन्दिर

शालग्रामवाहिनी कालीगण्डकीको पूर्वी किनार र पर्वत मल्लाजको पुछारमा जयँले भन्ने ठाउँमा अवस्थित राममन्दिर कालञ्जर क्षेत्रको अर्को महनीय तीर्थस्थल हो । उत्तरपश्चिमतर्फ म्याग्दीको गायत्री ध्यानाश्रम दक्षिणतर्फ प्रसिद्ध गलेश्वरधाम अनि काली र रहुगङ्गा मिसिएको दोभानको सम्मुखमा यो मन्दिर सुशोभित छ । पुला, राखु र मल्लाजका त्रिकोणात्मक सीमामा रहेका यी तीन पवित्र तपोभूमि एकअर्काका परिपूरक लाग्दछन् । तिनै मध्येको एउटा यस आश्रमले समग्र गलेश्वर धामको सौन्दर्य शोभा र धार्मिक महत्तालाई बढाउन ठूलो टेवा पुऱ्याएको छ । नित्य हवन, प्रतिदिन गुञ्जित हुने **वाल्मीकीय रामायण** र **रामचरितमानस**का भावपूर्ण भक्तिमय रामगाथा अनि महावीर हनुमान्का रोमाञ्चकारी लीला चरित्रले भरिएका हनुमान् चालिसाका श्रुतिमधुर दोहा चौपाईहरू त्यसैमा सुनिने शङ्ख घण्टको लामो अनुरणन नियमित हुने पूजा अर्चना र भगवती गण्डकीको आरती पुष्पाञ्जलिले यहाँ पनि ज्ञानभूमि अयोध्याको भक्ति सङ्गीतमय परिवेशको आभास मिल्दछ भने आश्रम परिसरको बगर र त्यस वरपरका पाखाहरूमा झ्याङ्गिएको बयरको झाडी अनि त्यसैमा लटरम्म फलेका बयरका राता पँहेला स-साना दाना, तिनै दाना टिप्दै गरेका वृद्धा भक्तिनीहरूलाई देख्दा भगवान् रामचन्द्र यही बाटो आउलान् र यिनै बयरका दानाले सत्कार गरौंला भनी प्रतीक्षामा बसेका शवरीहरूको झल्को आउँछ । **जहाँ राम त्यहाँ अयोध्या** वास्तवमा रामकै आदर्श, रामकै चरित्र र रामकै उपासनामा केन्द्रित यो भूमि एउटा सिद्धभूमिका रूपमा परिणत भइसकेको छ ।

पर्वत जिल्लाको खुर्कोट गाउँमा आत्रेय कुलमा जन्मनुभएका केशव पौडेल यस मन्दिरका संस्थापक हुनुहुन्छ । बाल्यावस्थामै भारतवर्षका अयोध्या, वृन्दावन, हरिद्वार, वनारसजस्ता ठाउँमा पुगी पौरस्त्य शास्त्रको अध्ययनमा जुटेका उहाँलाई अयोध्याको भक्तिमय वातावरणले अध्यात्ममा केन्द्रित बनायो । फलतः उहाँ २२ वर्षको उमेरमा रामानन्द सम्प्रदायबाट दीक्षित भई केशवदास ब्रह्मचारी बन्न पुग्नुभयो । त्यसपछि भारत नेपालका पुण्यतम

क्षेत्रहरूका तीर्थाटनमा निस्कनु भयो। उहाँ तीर्थाटनका अन्तमा मुक्तिनाथ यात्राबाट फर्केर यही क्षेत्रमा चतुर्मास व्रत बस्नुभएको थियो । अनुष्ठानका समयमा उहाँलाई बारम्बार यस ठाउँमा देवत्वको आभास भयो । फलतः उहाँले एउटा



सानो कुटी बनाएर यहीं नै जीवन व्यतीत गर्ने निधो गर्नुभयो । यस बीचमा उहाँलाई वीतरागी पुरुष षडाचार्य स्वामी श्रीधराचार्यको सत्सानिध्य प्राप्त हुँदै गयो । संयोग भनौं अथवा ईश्वर इच्छा उहाँको तपोबल, साधना र साधुताबाट प्रभावित बनेका शिख, घार, काफलडाँडा, पाउद्वारलगायतका क्षेत्रमा रहेका धर्मप्राण पुन मगरहरूले उहाँलाई भगवान् रामचन्द्रको मन्दिर बनाउन आग्रह गरे । यसै समयमा जनकपुरबाट मुक्तिनाथको यात्रामा आएका कुनै रामानन्दी वैरागी साधु कुटीमा वास बसेका थिए उनले पनि यस ठाउँमा राममन्दिर हुनुपर्छ भन्ने कुरामा जोड दिए । अन्ततः चारैतिरबाट भएको आग्रह र प्रेरणाका आधारमा गीताको **निमित्त मात्रं भव सव्य साचिन्** भन्ने उक्तिभैं उहाँ आफू निमित्त मात्र बनेर आश्रम निर्माणतर्फ लाग्नुभयो । वि.सं. २०४३ मा प्रारम्भ गरेर २०४५ कार्तिकमा निर्माण सम्पन्न गरी मंसिर महिनामा विशाल धनधान्याचल महायज्ञका बीच अयोध्या, वृन्दावनका रामलीला र कृष्णलीलाका विशेष कलाकारहरूको झाँकी झिकाई अपूर्व महोत्सवका साथ भगवान् राम, जानकी, लक्ष्मण र हनुमान्का मूर्तिहरूको

प्राणप्रतिष्ठा गरिएको थियो । मात्र तीन दशकको उकालोमा लागेको यो आश्रम अहिले धार्मिक पर्यटनको गन्तव्य बनेको छ । स्थापना काल देखि नै सञ्चालक समितिमार्फत सञ्चालित हुँदै आएको यस मन्दिरको मुख्य संरक्षक केशवदास ब्रह्मचारी र सहसंरक्षक पं. कमलनयन गौतम हुन् । सञ्चालनको माध्यम १४/१५ मुरी धान उब्जने खेत र बेलाबेलामा हुने यज्ञ शेष अनि तीर्थयात्रीबाट प्राप्त चढौती हो । पूजाआजाका अतिरिक्त नित्य हवन गौसेवा, अतिथि सेवा, वृद्ध सेवा, हरिकीर्तन आदि यसका दैनिक कार्यहरू हुन् । मूल मन्दिर सत्सङ्ग भवन, आवासगृह र गौशाला यसका भौतिक संरचना हुन् । यहाँ हाल १०/१२ जना आश्रितहरू रहन्छन् । यस मन्दिरमा स्थानीय स्तरमा प्रायः सबैको आस्था रहे पनि गलेश्वरको नजिकै रहेर पनि घुमाउरो बाटाका कारण टाढाटाढाबाट आएका भक्तहरू यहाँको प्रत्यक्ष दर्शनबाट बञ्चित भएका छन् (केशवदास ब्रह्मचारी) ।

५.७ वेंकटेश मन्दिर

वेंकटेश मन्दिर भगवती शैलजा अर्थात् पार्वतीको क्रीडास्थल हिमपाल (हम्पाल) पर्वतको काखमा रहेको मल्लाज शालिजा भोटेडाँडामा अवस्थित छ । हाल यो पर्वत जिल्लाको जलजला गाउँपालिका ६ मा पर्दछ । भारतवर्षको वेंकटाचल पर्वत र त्यहाँका अधिष्ठता भगवान् वेंकटेश्वर जो सारा दुःख, पीडा र दुर्गतिका विनाशक र भक्तका त्राणदाता भनेर शास्त्रमा वर्णन पाइन्छ । उनै जगत् रक्षक भगवान्को प्रतिरूपमा यो मन्दिर निर्माण गरिएको हो । कालञ्जर क्षेत्रका पुराणप्रसिद्ध अभिलक्षणहरूलाई पहिल्याउँदै षडाचार्य स्वामी श्री श्रीधराचार्यको सक्रियता र निर्देशनमा वि.सं. २०३८ मा विशेष अनुष्ठानका साथ मन्दिर निर्माण प्रारम्भ गरी वि.सं. २०४२ चैत्र रामनवमीमा प्राणप्रतिष्ठा गरिएको हो । यस मन्दिरको स्थापना र सञ्चालनमा स्थानीय भक्तिमती हरिप्रिया पौडेलको विशेष योगदान छ । उनै हरिप्रिया भक्तिनीले गरेको भूमिदान र आर्थिक लगानीले यस मन्दिरको पृष्ठभूमि तयार भएको हो । भद्राचल वेंकटेश भगवान्को आविर्भाव सम्बन्धमा यस्तो उल्लेख पाइन्छ ।

गुणाब्धौ शून्यनेत्राब्दे मेषे चैव पुर्नर्वसौ ।

चैत्रशुक्लनवम्यां वै जातः श्रीवेंकटेश्वर : ।।(श्री मुक्तिहरि स्तुतिमञ्जरी पृ.४०)

यहाँबाट पूर्वमा धाइरिङ भूमे पश्चिमोत्तरतर्फ गरुडेश्वर शिवालय, शिरो भागमा हम्पाल पर्वत, दक्षिणतर्फ बागलुङ्का कालिका, मालिका, पञ्चकोटजस्ता धार्मिक प्राकृतिक स्थलहरूको एकैसाथ अवलोकन गर्न सकिन्छ । यस मन्दिरको पुनर्निर्माण भएसँगै एकातिर यस क्षेत्रको महिमा विस्तारित भइरहेको छ भने अर्कातिर यसले पुण्यभूमि कालञ्जरको धार्मिक महत्त्वमा नवीन आयाम थपेको छ । यहाँ पोखरा बेनी राजमार्गमा पर्ने पर्वतको मिलनचोकदेखि सवारी साधनबाट अथवा दुई घण्टा उकालो पैदल यात्रा गरी पुग्न सकिन्छ। अहिले गण्डकी प्रदेशकै धार्मिक पर्यटनको केन्द्र बन्दै गइरहेको कालञ्जर पर्वतको बीच बाटोमा पर्ने हुँदा यस मन्दिरले भविष्यमा थप गौरव बढाउने छ भन्न सकिन्छ ।

५.८ भूमे ठाकुर

कालञ्जर क्षेत्रका प्रसिद्ध सिद्धस्थलहरूमध्ये धाइरिङ्को भूमे स्थान पनि प्रमुख मानिन्छ। पुछारमा कालीगण्डकी, शिर भागमा हम्पाल पर्वत, पूर्वतर्फ लस्तीखोला र पश्चिममा लुङ्दी खोलाको बीच भागको क्षेत्र धाइरिङ् पर्दछ । केही बेंसी, केही लेक, कतै घना बस्ती, कतै छिरोलिएको बस्ती, कतै समथल फाँट, कतै भिरालो पाखो, केही हरियाली जङ्गल, केही खोलानाला यस्तै यस्तै भौगोलिक विशेषताले भरिएको यो ठाउँ पर्वत जिल्लाको साबिक धाइरिङ् गा.वि.स.को समग्र भूमि थियो भने वर्तमानमा जलजला गाउँपालिकाको ७ नं वडामा समेटिएको छ । प्रशासनिक विभाजनले जे जसरी खुम्चन र फैलन परे पनि धाइरिङ्ले आफ्नै पहिचान र इतिहास बोकेको छ । यसका आफ्नै धार्मिक, सांस्कृतिक विशेषता छन् । यही विशेषताको अभिन्न पाटो हो धाइरिङ्को भूमे स्थान । धाइरिङ् भन्दाबित्तिकै कर्मयोगी किसान, कर्मठ पौरखी नवजवान र सादा सरल जनजीवन भएको एउटा सुरम्य पहाडी गाउँको तस्बिर झल्कन्छ । त्यही धाइरिङ् गाउँको सबैभन्दा अग्लो ठाउँमा भूमेठाकुर विराजमान छन् । यिनै भूमेठाकुरले धाइरिङ्को मात्र नभएर यहाँबाट देखिने पर्वत, म्याग्दी र बागलुङ् जिल्लाका दर्जनौं गाउँ बस्तीहरूको देखभाल र संरक्षण दिइरहेको जस्तो प्रतीत हुन्छ । भूमेठाकुरप्रतिको आस्था, गहिरो आध्यात्मिक विश्वास अनि देशविदेशसम्म फैलिएको यिनको ख्यातिले यही सङ्केत गर्दछ। आजभन्दा चार सय वर्ष पुरानो इतिहास बोकेका भूमे ठाकुरको सम्बन्ध

धाइरिङ्को इतिहाससँगै जोडिएको देखिन्छ ।

वंशावली अनुसार १६ औं शताब्दीमा यहाँका आचार्यहरू जुम्लाबाट आएर बस्न थालेका हुन् । धाइरिङे आचार्यहरूका मूल पुर्खा सर्बजीत उपाध्याय अर्थात् सर्बु आचार्य सबैभन्दा पहिला यस ठाउँमा आएका हुन् । उनैले भूमे



ठाकुरलाई पनि साथमै लिएर अएको किंवदन्ती प्रसिद्ध छ । किंवदन्तीअनुसार सर्बु उपाध्याय जुम्लेली राजाका राजपुरोहित थिए । आन्तरिक द्वन्द्वका कारण त्यहाँका मिया नामक ठकुरी राजालाई षडयन्त्र गरी मारिदिए । त्यही घटनामा परी सर्बु उपाध्यायका आफन्तहरू पनि मारिए । आफ्ना आश्रय बनेका राजा र केही आफन्तहरूको हत्या भएपछि आचार्यहरू पूर्वतिर बसाइँ सर्न थाले । त्यही क्रममा सर्बु उपाध्याय पर्वतको बेनी आइपुगे । त्यहाँ उनको ढोलठाने राजासँग भेट भयो । त्यति बेला बेनी पर्वतराज्यको ग्रीष्मकालीन राज्य थियो । त्यहाँ राजाले यज्ञारम्भ गर्दा विनामन्त्र अग्नि उठाएको देखी सर्बु उपाध्यायले वेदमन्त्रद्वारा अरणिमन्थन गरी अग्नि उठाउन सकिन्छ भन्दै मन्त्रद्वारा नै अग्नि प्रज्वलित गराइदिए । अन्ततः उनले यज्ञको जिम्मेवारी पनि प्राप्त गरे । त्यस यज्ञमा उनको सिद्धि र तर्कपूर्ण विद्वत्ताबाट प्रसन्न भएका राजाले उनलाई दिनभर जति हिँड्न सक्छौ त्यति जग्गा बिर्ता प्राप्त गर्दछौ भने । राजाका निर्देशअनुसार सर्बु उपाध्याय बिहान सूर्योदय हुँदाबित्तिकै लुङ्दीखोलाको पुछारबाट यात्रा गरेर सिधै उकालो हिँडी धाइरिङ्को शिरसम्म पुगेर पूर्वतर्फबाट लस्तीखोलाको शिरानबाट झाडी पन्छाउँदै दुई जुवाघाम बाँकी रहैकै बैलामा कालीगण्डकीका तीरसम्म आइपुगेछन् । अझै घाम अस्ताउन बाँकी रहेकाले

कालीको तीरैतीर फर्से तुरतुरे सम्म पुग्दा घाम अस्ताएछन् । उनका पछाडि पछाडि राजाका सिपाहीहरू पनि गएका रहेछन् । साँझ उनीहरूले राजालाई सर्बु उपाध्याय साँच्चिकै घुमेका हुन् भनी निवेदन गरेछन् । राजा खुशी हुँदै उनी पुगेका जग्गाको सीमाअनुसार लस्ती र लुङ्दीखोलाको बीचको भाग बिर्ताका रूपमा दिएका रहेछन् । यसरी घुमेर, धाएर, रिङेर जग्गा प्राप्त भएको हुँदा यस ठाउँको नाम धाइरिङ् राखिएको हो भन्ने किंवदन्ती पाइन्छ (जगन्नाथ शास्त्री) । धाइरिङको नामकरणमा उल्लिखित किंवदन्ती पछाडि प्रचलित भए पनि धाइरिङ पाण्डवका गुरु धौम्य ऋषिले तपस्या गरेको पुण्यस्थली थियो । त्यसै का आधारमा धौम्य धाम भन्दा भन्दै कालन्तरमा अप्रभ्रंशित भएर धाइरिङ भनिएको भन्ने योगी नरहरिनाथको कथन पङ्क्तिकारले सुनेको थियो भने यसै लाई **कालञ्जरवर्णनम्**मा पनि सङ्केत गरिएको छ -

धाईरिङ इति ख्याते धौम्यधाम्नि तपोवने ।

भूमेठाकुर इत्याख्य अष्टाङ्गोपरि राजते ।।(कालञ्जरवर्णनम् अप्र.)

जे होस् किंवदन्तीले जे बताए पनि धाइरिङ्मा सर्बु उपाध्यायबाटै बस्ती बसेको विश्वास गरिन्छ । यो ठाउँ प्रायः उनकै शाखा सन्तानले भरिएको छ । आचार्यहरूले यज्ञयागादिमा रुद्री गर्नका लागि पाङबाट पौड्याल र हवन गर्नका लागि राखुबाट रिजाल ल्याएको बताइन्छ । अहिले पनि हवन गर्ने भएकोले रिजाललाई हुम्यान भन्ने गरेको सुनिन्छ । सर्बु उपाध्यायले बाजा बजाउन दमाइँ, डोली बोक्न मगरहरू ल्याएको प्रसङ्ग जोडिएको हुनाले यस ठाउँमा आचार्य, पौडेल, रिजाल, मगर र दमाइँहरूको समावेशी बस्ती बसेको छ ।

सर्बु उपाध्याय जुम्लाबाट आउँदा उनलाई इष्टदेव भूमे ठाकुरले तिमी जहाँ जान्छौ मलाई पनि त्यहीँ लैजाऊ भनेको हुँदा आफ्ना इष्टदेवलाई डोलीमा राखेर बाजागाजासहित स-सम्मान यहाँ ल्याएर शिर समानको अग्लो ठाउँमा राखी पूजा गर्न थालिएको हो । यसै गरी पूर्वोक्त घटनाका द्रष्टा अर्का पूर्वजले सपनामा आई ढुङ्गा लगेर पूजा गरेमा सबैको कल्याण हुनेछ भनी बताएको हुँदा सोहीअनुसार आचार्यहरूको उत्पत्तिस्थल जुम्लाबाटै निर्देश गरिएकै ठाउँको सात हात अग्लो ढुङ्गा बोकेर ल्याई भूमेस्थानका नजिकै

विधिवत् रूपले स्थापना गरी पूजा गर्न थालिएको हो । त्यहाँ सिद्धस्थान पनि छ । जुम्लामा सिद्धको पूजा आजा गर्ने परम्परा भएकाले यहाँ पनि भूमेको स्थान माथि सिद्धको थान बनाई अपक्व अन्न, सेता, पहेँला धजा र अक्षताबाट पूजा गर्ने गरिन्छ । सिद्धको पूजा नगरेसम्म भूमेको पूजा हुँदैन ।

सिद्ध, साधक योगी थिए । उनलाई सर्बु उपाध्यायले आफूसँगै ल्याएको भन्ने किंवदन्ती छ । सिद्धबाबा सर्बु उपाध्यायकै घरमा बस्तथे । उनी बालतपस्वी थिए । प्रायःउनी ब्रह्ममुहूर्तमै स्नान गरी पूजा आरधनामै व्यस्त रहन्थे । परि आउँदा सर्बु उपाध्यायका सुखःदुःखका सहयात्री बन्दथे । अरू बेला आध्यात्मिक संसारमै हराउँथे, घण्टौं योग ध्यान गर्दथे । ईश्वरको आरधनामै उनको दिनचर्या बित्दथ्यो । उनले यही ठाउँमा अष्टाङ्ग अर्थात् योगसाधनाका **यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि** यी आठ अङ्गमा सिद्धिप्राप्त गरेका थिए । धारापानी नजिकै रहेको आठाङ्गे भन्ने ठाउँले आज पनि उनले प्राप्त गरेको योगसिद्धिको स्मरण गराउँछ । सदाझैं उनी कुनै दिन एकाबिहानै स्नान गर्न कुवामा पुग्दा महिलाहरूको भीड लागेको देखेर टाढाको धारामा गई स्नान गर्दा फर्कन ढिला भयो । फर्केर सर्बुका आँगनमा पुगेका क्षण सर्बुका परिवारबाट जोगीलाई घर राखेर न बेलामा खानु न काममा जानु यस्तै वाक्य सुनेको हुँदा उनी त्यहाँबाट कसैलाई थाहा नहुने गरी भूमे थानका माथि गएर बसेछन् । त्याहाँ २/४ दिन बिताएपछि अलप भएछन् । त्यही स्थानलाई अहिले सिद्धस्थान भनिन्छ । त्यही नजिकै रहेको तालमा भूमिका अधिष्ठाता वराहको थान पनि बनाइएको छ । त्यसैले धाइरिङको भूमे भन्नासाथ, भूमे स्थान, सिद्धस्थान र वराहस्थानको संयुक्त स्वरूप बुझिन्छ । यिनै भूमेठाकुर आचार्यहरूका मात्र नभएर सबैका साझा आराध्य देवका रूपमा पूजिँदै आएका छन् ।

त्यसो त धाइरिङ् कालञ्जर क्षेत्र र धौम्य, मार्कण्डेय आदि ऋषिका पावन सम्बन्धले पुण्यमय छँदै थियो त्यसमा पछि भूमेस्थान, सिद्धस्थान अनि वराहस्थानका प्रसङ्गहरू जोडिँदा यस क्षेत्रको महत्त्व अझै बढ्दै गएको पाइन्छ । एकातिर भूमेस्थानको आध्यात्मिक रहस्य छँदै छ भने अर्कातिर यसका आफ्नै मौलिक रोचक प्रसङ्गहरू पनि छन् ।

तलतिर बाक्लो बस्ती, बस्तीमाथि घना जङ्गल, जङ्गलका बीचमा उच्च टापु भनौं या डाँडो त्यो एउटा सिद्धतपोवन हो । त्यही सिद्धस्थलका बीचमा भूमेस्थान अवस्थित छ । थानको ठीक तल ओडार र थानभन्दा माथि नागराज विराजमान छन् । त्यही स्थानको पूर्वमा शिवालय उत्तरतर्फ जलाशय, नानाथरि गुराँस, बाँझ र सल्ला अनि अनेक प्रजातिका लेकाली वृक्षवनस्पतिका लोभ लाग्दा वनसम्पदा देखिन्छन् । त्यसैले यस ठाउँमा पुग्दा जो कसैको हृदयमा वास्तविक सिद्धभूमिमा आएको अनुभव हुन्छ भने शरीरमा शक्ति वा आध्यात्मिक उर्जा सञ्चार भएजस्तो लाग्छ ।

भूमेस्थानमा कुनै मन्दिर वा भव्य भवन बनाइएको छैन । यसको अवस्थिति र प्रकृति आफैमा नौलो छ । भूमेस्थानको शिरलाई ढाक्नुहुँदैन, ढाके कष्ट हुन्छ भन्ने मान्यता छ । विगतमा पूरा भाग खुला थियो भने अहिले मुख्य भाग अर्थात् गर्भगृह छोडी अरू परिसरलाई पक्की पर्खालले घेरिएको छ । सुरक्षाका निम्ति पर्खाल बाहिरैबाट ढोका खोल्ने लगाउने व्यवस्था गरिएको छ । पुजारीबाहेक अरूलाई प्रवेश निषेध छ । मूल स्थानको भित्रपट्टि एउटा ठूलो प्वाल छ जसलाई सबैले हेर्न र छुन पाउँदैनन्, यहाँ प्राचीन कालका सिक्काहरू भेटिन्छन् । तिनीहरूको यथार्थ अध्ययन र पहिचान गर्न सके नयाँ तथ्य फेला पार्न सकिने सम्भावना देखिन्छ । राष्ट्रमा केही विपत्ति वा अनिष्ट हुन लाग्यो भने त्यहींबाट केही न केही सङ्केत मिल्दछ भन्ने जनश्रुति पाइन्छ (भूमेस्थानका पुजारी) ।

यहाँ केही रोचक प्रसङ्गहरू पनि परम्पराबाटै चलिअएका छन् । यहाँको कुनै पनि पूजामा महिलाको सहभागिता हुँदैन भने यहाँको प्रसाद घर लगेर पनि उनीहरूलाई दिइँदैन । त्यसै गरी यस ठाउँमा मल्ल, ठकुरी, नेवार, सार्कीहरूलाई समावेश गरिँदैन, गरिएमा अनिष्ट हुन्छ भन्ने किंवदन्ती छ । त्यसो हुनुमा जुम्लामा भएको पूर्वजहरूको हत्या घटनामा महिला ठकुरी मल्ल र सार्कीको संलग्नता थियो भन्ने तर्क गरिन्छ । हालसम्म धाइरिङमा ठकुरी र सार्कीको बसोवास छैन । यो ठाउँ घोडाका लागि पनि अशुभ हो भन्ने गरिन्छ । यस विषयमा स्थानीय बुढापाकाहरूले घोडा, सार्की र ठकुरीसँग सम्बद्ध ३ वटा अनिष्ट घटनाहरू घटेको कुरा बताउँछन् (दण्डपाणि रिजाल्) ।

सर्बु उपाध्यायले चार छोरामध्ये जेठा छोरालाई पूजाको जिम्मा लगाएका थिए । त्यसै अनुरूप आज पनि उनका शाखा सन्तानबाटै पुजारी बस्ने चलन छ । यहाँ प्रत्येक हप्ताको शनिवार र मङ्गलवार नित्य पूजा हुन्छ । श्रद्धालुहरूले आ-आफ्ना कर्म र संस्कारअनुसारका पूजा गर्छन् । कसैलै बलि चढाउँछन् भने कसैले सात्विक विधिले फूल, प्रसाद, नरिवल, हविष्यान्न र पक्वान्न चढएर पूजा गर्छन् । बलि पूजा र सात्विक पूजाको छुट्टाछुट्टै व्यवस्था छ । चैत र आश्विनका नवरात्रका सप्तमी अनि त्यस पछिका पूर्णिमामा विशेष पूजा हुन्छ । त्यतिबेला ब्राह्मणहरूद्वारा रुद्री, चण्डी, गीता, भागवत र अन्य पुराण, उपपुराणको पाठपारायण गराइन्छ भने स्वतन्त्र रूपले पनि यस किसिमको पूजापाठ गर्ने भक्तहरूको घुइँचो लाग्ने गर्दछ । यी समयबाहेक अन्य समयमा समेत रुद्राभिषेक गर्ने, एकाह लगाउने जस्ता धार्मिक कृत्यका प्रचलनहरू बढिरहेका छन् । सोह्र श्राद्ध, श्रावण, माघ महिना र पञ्चपर्वबाहेक शनिवार र मङ्गलवारका नित्य पूजामा दिनहुँजसो ३०/४० संख्याको बलि चढ्दछ । एकै ठाउँमा एकै देवताको सात्विक पूजा हुनु र बलि चढ्नु विरोधाभाषी व्यवहार हुन् । त्यसको वास्तविकता के हो अन्वेषण र बहसको विषय बनेको छ ।

भूमे ठाकुरको स्मरण मात्रले पनि अनेकौं मनोव्यथा र शारीरिक पीडाबाट निवृत्त भइन्छ भन्ने लोकविश्वास छ । कसैलाई दुःख कष्ट पऱ्यो वा रोग व्याधिले सतायो, सन्तान बाधा भयो, विद्या स्फुरण भएन, पशुचौंपायाको हानी नोक्सानी पऱ्यो, भाग्यले साथ दिएन, आँटेको पुगेन, वैदेशिक यात्रा रोकियो, विहेबारी भएन, आपत्ति विपत्तिबाट उम्कन सकिएन यस्तै यस्तै पीडा र छट्पटीमा परेका व्यक्तिहरूको दुःख हरणका उपाय यिनै भूमे ठाकुर हुन् । यिनका शरणमा परे सबै कामना पूरा हुन्छन्, भएका पनि छन् भन्ने प्रशस्त उदाहरण भेटिन्छन् र त्यहाँका बासिन्दाहरू पनि यस्तै अनुभव सुनाउँछन् । सन्तान प्राप्ति हुँदा, विवाह, व्रतबन्ध, एकाह, सप्ताह आदि शुभकार्य गर्दा भूमेको पूजा गरेर मात्र अन्य कार्यको थालनी गरिन्छ । गाउँमा केही सामाजिक निर्णय लिन पऱ्यो वा विवाद, झैँ-झगडा सुल्झाउन पऱ्यो भने भूमेलाई साक्षी राखेर टुङ्गोमा पुग्ने चलन छ (जगन्नाथ शास्त्री, प्रकाश आचार्य, हरि आचार्य

र पङ्क्तिकारको प्रत्यक्ष अवलोकन)। यसरी भूमे ठाकुरका प्रति सबैको गहिरो छाप परेको बुझिन्छ ।

भूमे ठाकुर दैवी शक्ति भएका आराध्य देवता हुन् । आध्यात्मिक भाव र आत्मिक विश्वासमा देवत्व रहन्छ यसमा शङ्का हुन सक्दैन । **यादृशीर्जायते बुद्धिःसिद्धिर्भवति तादृशी, भावे हि विद्यते देवस्तस्माद् भावो हि कारणम्** जस्ता उक्तिहरूले पनि यस्तै विषयको सङ्केत गर्दछन् । कुनै पनि भूमि त्यसै पुण्यमय बन्दैनन् त्यसमा ऋषि, महर्षि, सिद्धपुरूष, महात्मा र महापुरूषहरूको साधना, सान्निध्य अनि यज्ञानुष्ठानबाटै ती भूमि पुण्यमय बन्दछन् र तीर्थ कहलाउँछन् । त्यसैले मार्कण्डेय ऋषि, सिद्धस्थान, वराहस्थान भूमेठाकुरको सान्निध्यले गर्दा यो भूमि पुण्यभूमि र सिद्धभूमि हो भन्न सकिन्छ ।

५.९ गण्डकी गोपाल गौशाला

आध्यात्मिक र सांस्कृतिक महत्त्व बोकेको भूमेस्थानको दिगन्त प्रसिद्धिसँग अर्को पक्ष पनि जोडिएको छ त्यो हो गण्डकी गोपाल गौशाला । यो क्षेत्र प्राचीन कालदेखि नै गौचरनको क्षेत्र थियो । यहाँ ऋषिहरूले गाईपालनका साथ गोवंशको रक्षा गरेका प्रसङ्गहरू सुन्न पाइन्छन् ।भूमेस्थान नजिकैको **गोकुल पाखो** आज पनि साक्षी छँदै छ । नेपाली समाजमा गाईविना कुनै पनि धार्मिक कृत्य र संस्कार सम्पन्न हुँदैनन् । **गावो विश्वस्य मातरः** अर्थात् गाई विश्वकै आमा हुन् । गाईको संरक्षण मानव जातिकै संरक्षण हो । गाई लक्ष्मी हुन्, गाईको सेवा देवता, पितृ र तीर्थसेवाकै अङ्ग हो । समय परिवेशले स्थानीय जातका गाईहरू लोप हुँदै गएको अवस्थामा भर्खर मात्र गाईको संरक्षणका उद्देश्यले धाइरिङको गोकुल डाँडामा स्वामी कमलनयनाचार्यको सङ्कल्पमा गौशाला सञ्चालनमा आएको छ । यहाँ स्थानीय जातका २ दर्जन भन्दा बढी गाईहरू छन् । यिनीहरूले प्राचीन कालको गोकुलको स्मरण गराउँदै भूमेस्थानको आध्यात्मिक वातावरणको शोभा बढाइरहेका छन् । साँच्चिकै गोकुलधाम बन्न पुगेको यो ठाउँ गोसंरक्षणका हिसाबले प्युठानको **स्वर्गद्वारी**, काठमाडौंको **गोरक्षकेन्द्र मृगस्थली**, चितवनको **वागीश्वरी** र भारतका **हरिद्वार**, हृषीकेशका गोसंरक्षण केन्द्रजस्तै बन्न सक्ने देखिन्छ ।

मानव सभ्यताको विकाससँगै गाईको महत्त्व बढ्दै गएको देखिन्छ । सनातन परम्परामा क्रान्तदर्शी ऋषिमहर्षिहरूले गाईको बहु उपयोगिता देखेर पूजाआजा गर्दै आएका हुन् । पौरस्त्य जगत्मा लक्ष्मी र माताका उदात्त शब्दले गाईको सम्बोधन हुन्छ । सनातन संस्कृतिका सोह्र संस्कार अनि कुनै पनि धार्मिक अनुष्ठान वा आध्यात्मिक कृत्यहरूमा पञ्चगव्य (गहुँत, गोबर, दूध, दही, घ्यू) को प्राशन अपरिहार्य मानिन्छ । यसको आध्यात्मिक महत्त्वका साथसाथै शरीर शुद्धि र रोग निवारणमा समेत बल पुग्दछ भन्ने मान्यता छ । पञ्चगव्य प्राशनको मन्त्रात्मक उक्तिले यही कुराको सङ्केत गर्दछ -

यत्वगस्थिगतं पापं देहे तिष्ठति तावके ।

प्राशनात् पञ्चगव्यस्य दहत्वग्निरिवेन्धनम् ॥(पराजुली, २०५७:पृ.४)

अर्थात् जसरी अग्निले सुकेको इन्धनलाई सजिलै जलाउँछ त्यसै गरी अभिमन्त्रित पञ्चगव्यको प्राशनबाट शरीरका छाला, हड्डी लगायतका अङ्ग अवयवहरूमा भएका विकारहरू नासिन्छन् भन्ने यसको आशय हो । मानव जीवनका हरेक क्रियाकलापमा साहचर्य सम्बन्ध राख्ने गाई लक्ष्मी र लच्छिनकी प्रतिमूर्ति हुन । गाईको सेवा स्वयं लक्ष्मीको सेवा हो । गाईको सेवाबाट धनधान्य सम्वृद्धिका साथै सन्तति लाभ र वंशवृद्धि पनि हुन्छ । निः सन्तान सूर्यवंशी राजा दिलीपले गाईको सेवाबाटै उत्तम सन्तति प्राप्त गरेको रामायण र उत्तरवर्ती काव्यहरूमा उल्लेख छ । यसै गरी कुलगुरु ब्रह्मर्षि वशिष्ठ र तपोमूर्ति जमदग्नि ऋषिले पनि कामधेनु गाईको सेवनद्वारा शक्ति, सौभाग्य र अपरिमित ऐश्वर्य प्राप्त गरेको कुरा पौराणिक वाङ्मयले स्पष्ट पारेको छ । रसियन शोधकर्ताका अनुसार गाईको गहँतले १४८ प्रकारका रोगको निदान गर्दछ भन्ने रहस्य उद्घाटित भएको छ (गण्डकी दर्शन पृ.४१७) । त्यसै भएका हुनाले पछिल्लो समयमा अमेरिका, युरोपजस्ता महादेशहरूमा भारतवर्षबाट लोकल प्रजातिका गाईहरूको निर्यातको क्रम बढ्दो छ । योगगुरु स्वामी रामदेवले पतञ्जलि पीठ हरिद्वार र अन्य क्षेत्रमा गरेका गौपालनबाट उत्पादित गोमूत्र आज औषधीका रूपमा विश्वभर फैलन थालेको छ ।

नेपाल पनि गौपालनको मुख्य भूमि हो । आर्य सभ्यताले अनुप्राणित यस देशको इतिहासतर्फ सिंहावलोकन गर्दा यहाँको यौटा सिङ्गो वंश नै

गोपालवंशका नामले प्रसिद्ध थियो । तिनीहरूका नाममा गोशब्द जोडिनुले पनि गाईप्रतिको उच्च आदर प्रकट गर्दछ । नव नेपालका निर्माता बडामहाराज पृथ्वीनारायाण शाहका गुरु गोरक्षनाथले गाईको उपासनाबाटै सिद्धि प्राप्त गरेका थिए । गाईको गोबर र गहुतले बन्जर भूमि पनि उर्वर भूमिका रूपमा परिणत गराइदिन्छ भने रासायनिक मलको अत्यधिक प्रयोगले विषमय बनेको बालीनालीको उपभोगबाट रोगग्रस्त मानव समाजले गोमूत्र, गोदुग्ध सेवन गरी नवजीवन प्राप्त गर्दछ । अन्य जनावरमा भन्दा भिन्न प्रकृति र शक्ति रहेको गाईमा हुने सूर्यकेतु नामक नाडीकै कारण गाईमा विशेष शक्तिवर्धक दूध उत्पादन हुने र त्यसले बल, बुद्धि एवं मस्तिष्कमा समेत उर्जा प्रदान गर्ने हुँदा ऋषिहरूले गोदुग्ध सेवनलाई महत्त्व दिएको पाइन्छ । यिनै ज्ञात-अज्ञात विशेषताहरूले गर्दा आर्ष सभ्यतामा गाईलाई सर्वदेवमय लक्ष्मीका रूपमा पूजा गर्ने प्रचलन रहेको ज्ञात हुन्छ -

कपिले सर्वदेवानां पूजनीयासि रोहिणि ।
तीर्थदेवमयी यस्मादतः शान्तिं प्रयच्छ मे ।।
गावो ममाग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः ।
गावो मे हृदये सन्तु गवां मध्ये वसाम्यहम् ।।(पूर्ववत् पृ.११)

५.१० शुक्लेश्वर शिवालय

जलजला गाउँपालिका ७ खनियाघाटमा निर्मित शुक्लेश्वर शिवालय, पर्वत जिल्लाका उत्तरी भेगमा अवस्थित देवस्थलहरूमध्येको प्रसिद्ध मन्दिर हो । पुण्य सलिला कालीगण्डकीको पावन तट पौराणिक महत्त्वको पुण्यभूमि निर्णयघाट लोकव्यवहारमा परि आउने धार्मिक संस्कार, तिथि, पर्व, व्रत, उत्सवका अप्ठ्यारा स्थितिहरूको यथार्थ निर्णय गरिने ठाउँ हो । यो ठाऊँ प्राचीन कालमा ऋषि महर्षिहरूको प्रिय तपोभूमि थियो । यहीं बसेर उनीहरूले धर्मशास्त्रका गाँठाहरू फुकाउँथे भन्ने लोककथन पनि प्रसिद्ध छ । विशाल पर्वतश्रेणीका बीच अविरल बग्ने कालीगण्डकीको पश्चिमतर्फ निरयघाट र पूर्वतर्फ खनियाघाट छन् । निरयघाटको जति नै धार्मिक महत्त्व छ त्यति नै महत्त्व खनियाघाटको पनि देखिन्छ । यी दुवै घाट जीवन विश्रान्तिका स्थल हुन् । यी घाटहरूमा मृत देहको संस्कार गर्नाले जीवले मोक्षगति प्राप्त गर्दछ भन्ने समाजमा गहिरो विश्वास छ । त्यसैले टाढा टाढाका दुर्गम गाउँहरूबाट आई शवदाह गर्ने परम्परा छ । बागलुङतर्फको घाट

परिसरमा केही मठमन्दिर निर्मित छन् । अहिले यहाँ कल्पावास बस्नेको संख्या पनि बढ्दो छ । पर्वततर्फ खनियाघाटमा सानो बस्ती छ त्यही बस्तीका बीच भागमा शुक्लेश्वर मन्दिर सुशोभित छ । यो ठाउँमा मालढुंगाबाट सवारीसाधनमार्फत ५ मिनेट र पैदल यात्रा गर्दा २५ मिनेटमा पुग्न सकिन्छ ।

एउटी सती साध्वी नारीको भक्तिभाव र त्यागको पृष्टभूमिमा शुक्लेश्वर शिवालय निर्माण भएको देखिन्छ । १८ औं शताब्दीको उत्तरार्धमा कर्णाली प्रदेशबाट आएका ज्योतिर्विद् आनन्ददेव जोशीका प्रतापी चार छोराहरू नीलकण्ठ, रश्मिराज, शुकदेव र विचारीमध्येका साँहिला छोरा शुकदेवकी पत्नी पद्मावती जोशीले आफ्ना पतिको स्मृतिमा वि.सं. १८८१ मा यो शिवालय र धर्मशालाको निर्माण गरेको इतिहास भेटिन्छ (छोटा, २०७०: पृ.११५) । यस मन्दिरको दर्शनले एकातिर भगवान् शिवप्रतिको अपार श्रद्धाभाव जगाउँछ भने अर्कोतिर मन्दिर स्थापनाको पृष्ठभूमि र रहस्य खोतल्दै जाँदा पुण्यशील चरित्रले अनुप्राणित नेपाली नारीको अमर पतिप्रेम अभिव्यञ्जित हुन्छ ।

मन्दिरको गर्भगृहमा शिवलिङ्गको स्थापना गरिएको छ । जहाँ लगभग दुई शताब्दीदेखि नै नियमित रुद्राभिषेक भइरहेको छ । यहाँ शिवका अतिरिक्त गणेश, देवी, लक्ष्मी, भैरव आदिका प्रतिमाहरू पनि सजाइएका छन् । सुन्दर आँखीझ्याल, मसिनो गरी कुँदिएका बुट्टादार ढोका, तेलियाईट्टा, शिखरशैलीको दुईतले मन्दिर, मन्दिर परिसरको नेपाली मौलिक धर्मशाला, मनमोहक बगैंचा यस मन्दिरका बाह्य आकर्षण हुन् । यस मन्दिरको निर्माणका निम्ति उति बेला पनि काठमाडौंबाट काष्ठकलाका निपूण कालीगढ झिकाइएको थियो । मन्दिरका चारसुर चौकोणका टुँडालहरूमा भगवान्का पार्षद र देवताहरूका विभिन्न मुद्राङ्कित चित्र कुँदिएको छ भने चार सुरका काठमा कामशास्त्रनिर्दिष्ट नारीपुरुषका रतिक्रिया सम्बद्ध उत्तेजनाजन्य कामुक चित्रहरू अङ्कित छन् ।

मन्दिरको स्थापना मात्र ठूलो कुरा थिएन । त्यसलाई चिरस्थायी बनाउनका निमित्त उनै पद्मादेवीले दूरदृष्टि राखेर तत्कालीन राजा राजेन्द्र विक्रम शाहमा बिन्ती चढाई उनीबाट प्रारम्भामा बिर्ताका रूपमा गुठी व्यवस्थापन गरेको पाइन्छ । मन्दिरका नाममा नाग्लिवाङ् शेरामा ६० मुरी र पाङ् लामीधारामा २० मुरी धान खेतको व्यवस्था रहेको र त्यसैबाट पूजा आजा एवं पुजारीको नित्य खर्च चलाएको पाइन्छ (पूर्ववत् ११८-११९) ।

काठमाडौं उपत्यकाका भक्तपुर, पाटन र वसन्तपुरका कलात्मक

मन्दिरहरूको झल्को दिने यस मन्दिरमा काष्ठकलाको रोमाञ्चकारी नमूना देख्न सकिन्छ । मानसिक एकाग्रता, पूजा आराधना, सात्विक विचार, इन्द्रिय दमन, भावमय भक्तिचिन्तन गरिनुपर्ने शिवालयमा किन यस्ता उत्तेजनाजन्य चित्र कुँदिए होलान् भन्ने दर्शनार्थीहरूमा जिज्ञासा उठिरहन्छ भने कतिपयलाई त्यस्ता दृश्यहरूका कारण मन्दिर जानमा संकोच पनि लाग्न सक्छ । सामान्यतया यस्ता चित्रहरू कोरिएका ठाउँमा चट्याङ् पर्दैन भन्ने लोकविश्वास छ। 'इन्द्रकी कुमारी छोरी यामिनीलाई चट्याङकी देवी भनिन्छ। देवताको मन्दिरमा ऊ पनि आकर्षित हुनु स्वाभाविकै हो । तर कुमारी भएकीले यामिनी अति लज्जाशील छ र मन्दिरकै भित्तामा काम चित्रण गर्ने चित्रहरूका कारणले ऊ यस्ता मन्दिरका नजिक आउन लजाउँछे र मन्दिर चट्याङबाट जोगिन्छ भन्ने मिथक पाइन्छ'(आचार्य, २००६ पृ.४८) ।

अर्को तर्कअनुसार 'प्राचीन समयमा श्रमण संस्कृति मौलाउँदै जाँदा विक्रमशिला र तक्षशिलाजस्ता विश्वविख्यात विद्याकेन्द्रबाट स्नातक भएका विद्यार्थीहरू गृहस्थाश्रममा प्रवेश नगरी सन्न्यासी हुन थाले भने कतिपय युवाहरू सैन्य सेवामा जानपर्दा गृहस्थाश्रममा लाग्ने युवाहरूको संख्या घट्न थाल्यो । अन्ततः युवाहरूलाई सन्न्यासी हुनबाट बचाउन र गृहस्थाश्रम चलाउनका निम्ति कामवासनाका प्रति आकर्षण जगाई घट्दो जनसंख्यालाई सन्तुलित राख्न मन्दिरमा चित्र र मूर्तिहरू बनाइएको बताइन्छ (पूर्ववत् पृ.४९) ।

अथवा जे होस् जुन उद्देश्यले भए पनि यस मन्दिरमा कुँदिएको काष्ठकलाले जो कोहीलाई आकर्षण गर्छ । यो मन्दिर यस क्षेत्रकै नमूना मन्दिर हो । मालढुंगा – बेनी सडक नबन्दै मन्दिरसंगै जोडिएको बाटो भएर दिनहुँ हजारौंको संख्यामा यात्रीहरू ओहोर दोहोर गर्दथे । कतिको त यो आश्रम विश्राम स्थलसमेत थियो । जसका कारणले यस मन्दिरको प्रसिद्धि देश विदेशसम्म पुग्नुका साथै यात्रीहरूकै दानभेटीबाट पनि मन्दिरको नित्य पूजा आजामा सहयोग पुग्दथ्यो । अहिले मोटरबाटो चलेसंगै यो मन्दिर छायामा परेको छ । यति सम्म कि मन्दिर यहाँ छ भन्ने जनाउन साइन वोड आदिको सङ्केतसम्म नहुँदा यसको महत्त्व आफैमा खुम्चिएर रहेको छ। कालीगण्डकीको पवित्र तटमा रहेको दुई शतक लामो इतिहास बोकेको यो मन्दिर केवल धार्मिक दृष्टिले मात्र नभएर नेपाली शिल्पकारिता एवं प्राचीन वास्तुकलाको विशेषता र पर्यटनका हिसावले समेत महत्त्वपूर्ण भएकाले यसको समुचित प्रचार प्रसार र संरक्षणको आवश्यकता देखिन्छ ।

SANSKRIT UNIVERSITY
वाल्मीकि विद्यापीठ
पुस्तकालय
दर्ज 32450

६. कालञ्जरक्षेत्रका वराह तालहरू

वराह, भगवान् विष्णुका १० अवतारमध्ये तेस्रो अवतार हो । पुराणहरूमा रसातलमा पुगेकी पृथ्वीको उद्धार गरी सृष्टिप्रक्रियालाई अगाडि बढाउन भगवान् विष्णुले वराह रूप धारण गरेको वर्णन आउँछ-

नमस्तस्मै वराहाय लीलया धरते महीम्

खुरमध्यगतो यस्य मेरुः खपर्वतायते ।।(वाराहपुराण भूमिका)

अर्थात् जसले आफ्ना सहज लीलाद्वारा पृथ्वीको उद्धार गर्छन् र जसका खुरमा मेरु पर्वत पनि खटखट गरिदिन्छ अर्थात् खण्डित भइदिन्छ त्यस्ता आदि नारायण वराहलाई नमस्कार छ । आफ्ना विस्मयकारी चरित्रद्वारा लोककल्याण गर्ने नारायणको वराह अवतारका विषयमा केन्द्रित भई २४००० श्लोकको वाराहपुराण निर्मित छ भने भगवान् वराह पादुर्भाव भएका प्रतीकका रूपमा नेपाल र भारतका विभिन्न ठाउँमा रहेका स्वतः निर्मित जलाशयलाई वराह कुण्ड वा वराहताल भन्ने गरेको पाइन्छ। कतै कतै वराह रूप लिने विष्णुका शक्तिका रूपमा वाराहीका मन्दिरहरू निर्मित भएका देखिन्छन् । तालवाराही, ढोरवाराही, छाब्दीवाराही यिनीहरूकै प्रतिरूप हुन् । पुराणहरूमा यस्ता जालाधिष्ठात्री शक्तिलाई जलदेवी पनि भनिएको पाइन्छ। देवभूमि कालञ्जर क्षेत्रका विभिन्न ठाउँमा यस्ता प्राकृतिक तालहरू भेटिन्छन्। तिनलाई लोकले वराहताल भन्ने गरेको छ। यहाँ धार्मिक विश्वासले भरिएका त्यस्ता तालहरूको परिचय प्रस्तुत गरिन्छ -

६.१ नागी वराह

नागी शब्दले लेकाली डाँडा, चउर, चौंरी गाई चर्ने हिमाली पाटन आदिलाई जनाउँछ। यस्तै भौगोलिक स्वरूप र वैशिष्ट्यका आधारमा म्याग्दीको एउटा गाउँलाई नागी नामकरण गरिएको छ । नागी गाउँको शिरोभागमा रहेको वराह, नागी वराह हुन् । म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका ८ मा पर्ने नागी वराह जिल्लाकै प्रसिद्ध धार्मिक स्थल हो । जिल्ला सदरमुकाम बेनी नजिकै रहेको पर्वत बेनीबाट जिपको सहायताले मल्लाजको उकाली चढ्दै ३ घण्टाको समयमा त्यस ठाउँमा पुगिन्छ भने म्याग्दीकै बेनी-गलेश्वर-बैसरी-दसले-हिस्तान-रिम-राम्चे हुँदै पनि त्यस ठाउँमा पुगिन्छ। दुर्गम

गाउँका अप्ठ्यारा भीर पाखा, ससाना घुम्तीका साँगुरा बाटाका जटिलतालाई छिचोल्दै नागी पुग्न परे पनि त्यहाँ पुगिसके पछिको मनोरम प्राकृतिक दृश्य, पाटा परेका खर्क, घना मगर बस्ती, कमेरो माटाले पोतिएका स्निग्ध सेता घरहरू अनि त्यसमा म्यागासेसे पुरस्कार विजेता महावीर पुनका पौरखबाट सिर्जित सोलार सिष्टम जडित झलमल्ल बत्ती, नेट इन्टरनेट सुविधा एवं प्राकृतिक हरियालीको मोहकताले यात्रीलाई थकान मेटिएको अनुभव हुन्छ ।

समुन्द्री सतहदेखि २३०० मिटरको उचाइमा अवस्थित नागी गाउँको शिरानमा वराहताल अवस्थित छ । यसले आफ्नै मौलिक विशेषता र फरक

किसिमको पहिचान बोकेको छ । अग्ला अग्ला खर्सु, फलाट, लिस्ने, सल्ला, चाँप, गुराँस, पैंयुजस्ता लेकाली रूखहरूले झ्वाम्म परेको जङ्गलका बीच १५० मिटर लम्बाई र औसत १५/२० मिटर चौडाईमा फैलिएको यस तालालाई स्थानीय भाषामा कसैले वराह ताल कसैले वराइनी ताल भन्छन् । तालको दक्षिण पश्चिम दिशाको मध्यविन्दुमा सिद्ध र वराहका १।१ वटा मन्दिर छन् र एउटा सत्तल निर्मित छ । मन्दिरभित्र नागी आमा समूहद्वारा समर्पण गरिएको वाराहीको मूर्ति स्थापित गरिएको छ । यस ठाउँमा मानव बस्ती बस्नुपूर्व नै यो ताल यही स्वरूपमै रहेको हुँदा यो निकै प्राचीन मानिन्छ र यसको वास्तविक इतिवृत्त खोजीको विषय बनेको छ ।

मानव बस्तीको विकास सँगसँगै यसको धार्मिक आस्था बढिरहेको पाइन्छ। टाढा टाढाका मान्छेहरूलाई यहाँ गरिएका भाकल पूरा हुन्छन् भन्ने गहिरो विश्वासले तानेको छ। ऋषितर्पणी अर्थात् जनै पूर्णिमाका दिन विशेष पूजा हुन्छ भने अरू समयमा भक्तहरूले आफ्ना इच्छाअनुसार कुनै पनि महिनाको पूर्णिमा, पञ्चमी र मङ्गलवार, पूजा गर्दछन् (रमण पुन)। यस मन्दिर परिसरको मुख्य आकर्षण ताल नै हो। जहाँ गएर भक्तहरूले वर माग्दछन्। वर माग्नुभन्दा पहिला ताल छेउमा रहेका वराह र सिद्धको परिक्रमा गरी धूप दीप अक्षता धजा र भेटीका साथै भाकल भए भाकल अनुसारको बलिपूजा र नभए सामान्य पूजा गरिन्छ, सिद्धस्थानमा बलि चढ्दैन। वराह/वाराहीस्थानमा बली चढाउने प्रचलन छ। भाकलमा कसैले जीव हिंसा गर्नुहुँदैन भनेर परेवा उडाउँछन् भने कतिपयले बोका पाठाको बलि दिन्छन्। वास्तवमा वराह पशुबलिका भोक्ता होइनन् तर पनि यहाँ बलि चढाइन्छ यसको वास्तविकताको अध्ययन हुन जरुरी छ। अर्को अर्थमा वराह र जलदेवीको पूजा प्रकृति पूजा हो, प्रकृति पूजामा पनि प्राणी हिंसा उपयुक्त होइन। त्यसमा पनि ऋषितर्पणीका दिन कुन सन्दर्भले बलि चढ्यो यसतर्फ भक्तहरूको ध्यान जान आवश्यक छ। मन्दिरको पूजा सकिएपछि भक्तहरू तालका नजिक जान्छन्। त्यहाँ दुई जना कुमारहरू केवल हाफ पाइन्ट वा कौपीन मात्र लगाएर नग्न बसेका हुन्छन्। उनीहरूका छेऊमा गई फूलपाती, धूपदीप र भेटी समर्पण गरेर भक्तले आफूले चाहेको वर प्राप्तिको निवेदन गर्छन् भने नांगै बसेका व्यक्तिले वराहलाई सम्बोधन गरी भक्तको इच्छालाई उच्च स्वरमा उच्चारण गर्दै अमुकलाई (पुत्र प्राप्ति, विद्याप्राप्ति, रोजगार, वैदेशिक यात्रा, स्वास्थ्यलाभ आदि इत्यादिको) वर देउ भन्दै तालमा हाम फाल्छन् अनि हातमा ढुंगा , माटो, पात, पैसा, फलफूल जे आउँछ त्यो वस्तु दिन्छन्। याचकले सफा रुमाल वा झोलामा थापेर गन्तव्यतर्फ फर्कन्छन्। त्यो वस्तु लिएपछि केही तल रहेको खोला नतरेसम्म पछि फर्किन र बोल्न पनि हुँदैन भन्ने प्रचलन छ। वर्ष दिनसम्म त्यस वस्तुलाई घरमा ल्याएर राखिन्छ र वर पूरा भएपछि फेरि सोही तालमा विसर्जन गरिन्छ। यहाँबाट हजारौंका कामना पूरा भएको स्थानीय बताउँछन् (क्या.हर्कबहादुर पुर्जा)। त्यसै भएको

ले पछिल्ला वर्षहरूमा यस स्थानप्रति जनआस्था बढ्दो छ । झरी, वर्षा र जुकाको केही पर्वाह नगरी जनैपूर्णिमाको अघिल्लो दिन बास बस्ने र राती १२ बजे देखि नै लामबद्ध भएर वराहको दर्शन गर्न पाउँदा आफ्ना अभीष्ट पूरा भएको अनुभव गर्दछन्, यसरी यो वराह ताल कालञ्जरको अर्को धार्मिक गन्तव्यको रूपमा प्रसिद्ध बनेको छ ।

६.२ वराह ताल (पूर्णगाउँ)

पूर्णगाउँको वराहताल, पर्वत जिल्लाको उत्तरी भेग जलजला गाउँपालिका वडा नं. २ पूर्णगाउँमा अवस्थित छ । यो ताल त्यस क्षेत्रको धार्मिक सांस्कृतिक आस्थासँग जोडिएको प्राचीन ताल हो । विक्रमको १२ औं शताब्दीतिर गर्गगोत्रीय घर्ती क्षत्रीहरू जुम्लाबाट बसाइँ सर्दै आउने क्रममा यस ठाउँलाई उपयुक्त ठानी बस्ती बसालेको मानिन्छ । उनीहरूले नै यस तालमा भगवान् वराहको पूजा आराधना गर्ने परम्परा चलाएका थिए ।

वराह सबैका साझा भगवान् भए पनि यस तालको इतिहाससँग यिनै घर्ती क्षत्रीहरूको इतिवृत्त सम्बद्ध छ । उनीहरू पहिला पूर्णगाउँको नजिकै मूल घडेरीमा बस्थे र मल्लाज क्षेत्रको राज्य पनि सञ्चालन

गर्थे । समयक्रममा कास्कीका राक्से नामक रजौटाले यिनीहरूमाथि आक्रमण गरी यहाँको बस्तीलाई लथालिंग पारिदिए । त्यही घटनामा घर्ती क्षत्रीका

आदर्श पुरूष सिंहवीरको दाहिने खुट्टामा चोट लागी गम्भीर घाइते भएछन् । शत्रुबाट मारिनुभन्दा भगवान्कै शरण पर्नु उचित ठानी उनले त्यही तालमा हाम फालेर देहत्याग गरेछन् भने कतिपय कास्कीको लाचोक, घाचोकमा गई बसेछन् । बाँकी अरूले केही समयपछि तत्कालीन ठोलठानका राजा डिम्ब मल्लको सहायता लिई राक्से रजौटालाई लखेटेर पूर्ववत् पूर्णगाउँमा एकत्रित बस्ती बसालेपछि पलायन भएका घर्तीहरू पुनः फर्किएर आफ्नै मूल थलोमा आई बसेको किंवदन्ती भेटिन्छ (टेकबहादुर जिसी, दलबहादुर जिसी) । जतिबेला घर्तीहरू यहाँ आए त्यति बेलादेखि नै वराहनारायणलाई यस ठाउँका अधिष्ठाताका रूपमा पूजा गर्ने गरेको इतिहास भेटिन्छ । वराह तालको परिसरले ५ रोपनी जग्गा समेटेको छ भने यो थान २ रोपनी र ८ आना क्षेत्रफलमा औसत १०० मिटर लम्बाइ ८० मिटर चौडाइको आयतनको जलमय स्वरूपमा फैलिएको छ । तालमा कहिल्यै नसुक्ने पानीको मूल छ । तालका बीचमा भगवान् वराहको कलात्मक थान निर्माण गरिएको छ । त्यहीं ढुंगाको प्राकृतिक मूर्ति रहेको छ । तालको बीचमा पुग्न फलामको पुल बनाइएको छ । वरिपरि गाउँ बीचमा वराह ताल, ताल परिसरमा पैयुँ, बैंस, लालुपाते र निगालाका गाँजहरू सुशोभित छन् । समुद्री सतहदेखि १७०० माथिको उचाइमा रहेको यस ठाउँबाट छिमेकी जिल्ला बागलुङ, म्याग्दीका विभिन्न गाउँ अनि अग्ला अग्ला हिमाली डाँडा काँडाको मनोहर दृश्य देखिन्छ । यहाँ कुनै विशेष मन्दिर छैन तर पनि यस वराहथानका प्रति भक्तहरूमा गहिरो आस्था रहेको पाइन्छ । त्यसै हुनाले प्रतिवर्ष म्याग्दी, बागलुङ, पोखरा, स्याङ्जा, गुल्मी, बुटवल, चितवन देखिबाट आउने हजारौं भक्तहरूको ओइरो लाग्छ । वराहको दर्शन गरेपछि रोग, शोक, भोकका कष्टहरू नासिन्छन् भन्ने जनविश्वास छ । यस थानमा पनि जनैपूर्णिमामा मात्र पूजा गर्ने परम्परा छ । त्यहाँ पुगेका भक्तले पूजा दर्शन गरे पछि इच्छानुसारको वरप्राप्तिका लागि दुनामा अक्षता, फूलपाती, पैसा आदि राखेर मूल मष्टलाई दिन्छन् । मष्टले घण्टी बजाएर याचकको शिरमा हात राख्छन् । शिरमा हात राख्दा मष्टको शरीरमा कम्प पैदा भयो भने भगवान् प्रसन्न भएको मानी वर मागिदिन्छन् । भक्तले वर्षदिनमा आएर भाकल अनुसारको साँढ चढाउँछन् । यहाँ आएर शरण पर्दा सबै किसिमका दुःखहरण हुन्छ भन्ने गहिरो

विश्वास छ। निःसन्तानले सन्तान, रोगीले स्वास्थ्यलाभ गरेका अनेकौं उदाहरण भेटिन्छन् (डम्बरबहादुर जि.सी. मष्ट)।

विगतमा परम्परागत ढङ्गले स्वतन्त्र रूपमा आ आफ्नै किसिमले पूजा हुँदै आएकोमा अहिले व्यवस्थित गरिएको छ। ताल संरक्षण र पूजा प्रबन्धका निम्ति समिति बनेको छ। त्यही समितिले दानदातव्यबाट प्राप्त कोषका माध्यमबाट ताललाई ढुंगाको पर्खालले घेरिएको छ भने मूलथानमा गोलाकारको चौतारी र सत्तलजस्ता भौतिक संरचना निर्माण भएको छ।

वराह तालका नजिकै रहेको घर्ती क्षत्रीहरूको कुल मन्दिरले पनि ताल परिसरको शोभा बढाएको छ। यहाँ हरेक ज्येष्ठ पूर्णिमामा सामान्य पूजा हुन्छ भने प्रत्येक पाँच वर्षमा नेपालभर छरिएर रहेका हजारौं घर्तीहरू जम्मा हुन्छन् र कुल परम्पराअनुसारको पूजा अर्चना सम्पन्न गर्छन्। यो ठाउँ घर्ती क्षत्री, कार्कीहरूको उद्‌गम भूमि पनि भएकाले यसको सांस्कृतिक महत्त्वका साथसाथै सामाजिक विशेषता पनि रहेका छन्।

६.३ सहस्रधारा वराह

कालञ्जर क्षेत्रका प्राकृतिक सम्पदाहरूमध्ये मोदी गाउँपालिका ४ मा अवस्थित सहस्रधारा पनि एक हो। समुन्द्री सतहदेखि २५०० मिटरभन्दा माथिको उचाइमा रहेको पहाडी चट्टानबाट हजारौं जलधारा निस्किरहने हुनाले यसलाई सहस्रधारा भनिएको हो। बर्खा होस् या हिउँद, अतिवृष्टि होस् या अनावृष्टि एकै रूपले अविरल बगिरहने यी जलधाराहरूलाई देख्दा प्रकृतिमा विस्मयकारी शक्ति रहेको जस्तो लाग्दछ। मानव बस्तीको कोलाहल र प्रदूषणबाट मुक्त पहाडी लेकको दुर्गम जङ्गलका बीच रहेको यस ठाउँमा पोखरा बागलुङ राजमार्गमा पर्ने **पातीचौर बाट देवपुर, लाङ्दी-घुरुङ्गा-लेसपार** हुँदै अथवा **पातीचौर-बाजुङकोट-खुइजरी - क्याङ** हुँदै पुगिन्छ भने अर्कोतर्फ मालढुङ्गा बेनी सडकको बीचमा पर्ने मिलन चोकबाट **शालिजा-तारे-सिर्पु** हुँदै पनि त्यस ठाउँमा पुग्न सकिन्छ। शान्त सौम्य त्यस भूमिमा पुग्दा हरेक सहृदय व्यक्तिलाई आध्यात्मिक उर्जा प्राप्त भएको अनुभव हुन्छ। मोदी या माधवी नदीमा मिसिने पातीखोलाको मूलस्रोत यही हो। यहाँबाट उत्पन्न भएको जलमा पार्वतीले स्नान गरेको हुँदा यसलाई पार्वती नदी भनिएको हो-

पुत्री पर्वतराजस्य पार्वती शिवबल्लभा।
जन्मस्नानं यत्र चक्रे सा नदी पार्वती मता।।

सा पुण्या पार्वतीगङ्गा पातीखोलाख्यया श्रुता । (योगी, ३०३८: पृ.५५)

यही सहस्रधाराबाट निस्किएको जलराशि पूर्वबाट बगेर जाँदा पार्वती नदी बनेर मोदी हुँदै कालीगण्डकीमा मिल्दछ भने अर्को धार भूमिगत रूपमा पोखरा बागलुङ राजमार्गमा रहेको पाङको सुख्खा पहरोबाट निस्कन्छ। कहिलेकहीँ यिनै जलधारहरूमा खर्सु, चाँप लगायतका लेकाली रूखहरूका पातहरूसमेत बगेर आएको देखिने हुँदा यो सहस्रधारा र पाङ सहस्रधाराको स्रोत एउटै हो भन्ने तर्क भेटिन्छ (रेग्मी र पन्त, २०७४: पृ.५१)।

सहस्रधाराका नजिक पहराका फेदीमा प्राकृतिक ओडार छ । त्यही ओडारको परिसरमा वराह थान निर्माण गरिएको छ । त्यसैमा वराह र वराहकै शक्तिरूपा वाराहीको पूजा आराधना गरिन्छ । यिनैलाई कसै कसैले भूमेदेव त कतिपयले रत्न पाँडे र कालु पाँडे नामक स्थान देवता हुन् भन्ने विश्वास राख्दछन् (पूर्ववत् ५३-५४) । यहाँ खास गरी ऋषितर्पणीका दिन विशेष पूजा हुन्छ भने अरू समयमा श्रद्धालुहरूले आफ्ना आस्थाअनुसारको पूजा गर्दछन् । भक्तका प्रति वराह वाराहीको विशेष कृपा रहन्छ भन्ने विश्वासका साथ धेरै टाढा टाढाबाट पनि मानिसहरू यहाँ पुग्दछन् र भाकलअनुसार आफ्ना मनोकांक्षा पूरा भएको खुसीयालीमा पञ्चबलि स्थानीय भाषामा पञ्चेवल/पञ्चवल लैजाने परम्परा छ। यो परम्परा प्राय गरेर मगर समुदायका लाहुरेहरूमा प्रचलित छ। प्राचीनकालदेखि धार्मिक आस्थाको धरोहरका रूपमा रहेको यो ठाउँ अहिले आएर प्राकृतिक दृश्यावलोकनको आकर्षणको केन्द्र बन्दै गएको छ । नेपालमा बाह्य पर्यटनका साथसाथै आन्तरिक पर्यटनको विस्तार भईरहेका बेला यस्ता प्राकृतिक सम्पदाहरूको पहिचान गरी समयानुकूलको विकासका लागि स्थानीय तथा प्रदेश सरकारकै पहलकदमी हुनुपर्ने देखिन्छ।

६.४ ज्येष्ठ वराह (दीप)

पर्वत जिल्ला जलजला गाउँपालिका ६ दीप गाउँमा अवस्थित वराहताल प्राचीन ताल हो । नेपालको पश्चिमाञ्चल गण्डकी प्रदेशमा प्रसिद्ध तालवाराही, (फेवाताल) नागीवराह, खयरवराह, कालीवराह, प्यारीवराह, छाब्दी वराहहरूमध्ये यहाँका वराह ज्येष्ठ वराह हुन् भन्ने किंवदन्ती प्रसिद्ध छ (कृष्णप्रसाद पराजुली शिशु)। पुराण तथा स्मृतिशास्त्रहरूमा अनेक कल्पहरूको गणना आउँछ त्यसमध्ये लोकस्रष्टा ब्रह्माजीको पहिलो दिन मानिएको कल्प श्वेतवराह कल्प हो । त्यस कल्पदेखि नै वराहका अनेक रूप देखिएका र तिनीहरूकै आधारमा वराहकल्पको

संज्ञा दिइएको हुन सक्छ। जलका देवता विष्णु हुन्, जल जीवन हो, संसार जलमै अडिएको छ त्यसैले जललाई देवरूप मानेर वराहको पूजा आराधना गरिने परम्परा चलिआएको छ।

ठाउँ ठाउँमा वराह तालका उत्पत्तिका आ-आफ्नै प्रकृति र इतिहास भेटिन्छन्। यो ताल पनि प्राकृतिक ताल हो। यहाँका वृद्ध पुरुषहरूका अनुसार यस तालले आजभन्दा २०० वर्ष पुरानो इतिहास बोकेको छ। वराह तालको परिसर १० रापनी जग्गामा फैलिएको छ भने जल भएको ठाउँलाई कुण्डल आकृतिको गोलाकार पर्खालले घेरिएको छ। कुण्डलभित्र उत्तरी कोणमा केही दबेको जमिन, त्यसैमा वर्तुलाकारको खाल्टो देखिन्छ। त्यहींबाट समय समयमा कुनै विद्युतीय यन्त्रले तानिएको पानीको फोहोराझैं २/३ मिटर अग्लो ठाडीमूल निस्कन्छ। त्यसैका वरिपरि अन्य स-साना मूलहरू पनि देखिन्छन्। यसरी मूल फुट्नुलाई वराह निस्कनु, वराह प्रसन्न हुनु भन्ने अर्थ लगाइन्छ। कुनै पनि समयमा मूल फुट्छ मूल फुटेको बेला वराह थान परिसर र त्यस आसपासको भूभाग जलमय हुन्छ। अचम्म के छ भने जहाँबाट मूल उठ्छ त्यहाँको पानी केही समय पछि पुनः भुमरी पर्दै पृथ्वीको गर्भमा विलीन हुन्छ भने त्यो ठाउँ २/४ दिनमै सुख्खा भूमिमा परिणत हुन्छ। मूल उठेका बेला दर्शनार्थीहरूको भीड लाग्ने गर्दछ। तालको पूर्वीकोणमा वराहनारायणको स्थान बनाइएको छ त्यहीं गएर धूप, धार दिई नजिकै नागको पूजा गर्दछन् र भक्तहरूले आँखा चिम्लेर वर माग्दछन्। अन्य समयमा स्वतन्त्र रूपले आ-आफ्ना इच्छानुसार दर्शन पूजा गरे पनि ऋषितर्पणीका दिन सामूहिक रूपमै विशेष पूजा हुन्छ। श्रद्धालुहरूमध्ये कसैले सात्विक पूजा गर्छन् भने कसैले बलि चढाउँदा आफ्ना कामना सिद्ध भएको मान्दछन्। पहिले पहिले यस तालमा हाँसहरू विहार गरेको रमाइलो दृश्य देखिन्थ्यो तर मानव बस्ती बाक्लिएसँगै तिनीहरूको दर्शन दुर्लभ भएको छ। वराहनारायण यस ठाउँका इष्टदेव मानिन्छन्। उनी सबैका आध्यात्मिक विश्वास र दुःख कष्ट शमनका सहारा बनेका छन्। त्यसै भएका हुनाले नयाँ बाली भित्र्याउँदा, विशेष शुभकार्य गर्दा, वंशवृद्धि हुँदा, वैदेशिक यात्रा गर्दा वराहलाई सम्झेर उनको पूजाको भाग छुट्याएर मात्र कार्यारम्भ गर्ने परम्परा छ। आर्थिक अभावमा यहाँ कुनै भौतिक संरचनाहरू तयार हुन सकेका छैनन्। स्थानीय स्तरमा वराह ताल संरक्षण समिति बनेको छ। त्यसैले नियमित पूजा व्यवस्थापन र संरक्षणका गतिविधिहरू अगाडि बढाएको छ (कृष्णप्रसाद पराजुली)। २०० वर्षभन्दा पुरानो इतिहास रहेको यो वराह ताल अझै पनि प्रचार

प्रसारको अभावमा छायामा परेको देखिन्छ। बेलैमा यस तालसँग सम्बद्ध धार्मिक, प्राकृतिक, सांस्कृतिक महत्त्वको खोजी गरी यसलाई कालञ्जर क्षेत्रको पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्नुपर्ने देखिन्छ।

७. पार्वती जन्मभूमि

देवतात्मा गिरिराज हिमालय र हिमालयबाट निःसृत गण्डकीका पवित्र किनारहरू अनेक देवी, देवता, ऋषि महर्षि, सिद्ध, योगी, महात्माहरूको तपः साधनाका केन्द्र थिए भन्ने कुरा नेपालको प्राचीन संस्कृति र ऐतिहासिक विषयहरूको अनुशीलनबाट प्रमाणित हुन्छ। जस्तै नेमुनिबाट नेपाल, गण्डर्षिबाट गण्डकी, कौशिकबाट कोशी, जनकबाट जनकपुर, द्वैपायन व्यासवाट द्वैपायनौ ली हुँदै दमौली, पाणिनिबाट पणेना, और्वबाट अर्गली, पुलहबाट पुला, भृगुबाट भृगुतुंग, कश्यपबाट कास्की, रहुगणबाट रहुघाट, देवाटबाट देवघाट, चित्रवनबाट चितवन, माण्डव्यबाट माडी, ऋषिश्रृंगबाट रेसुङ्गा, च्यवनबाट चेपे, गोरक्षबाट गोरखा, पार्वतीबाट पर्वत आदि नामहरूले पनि नेपाल परापूर्वकालदेखि नै आर्षभूमि थियो भन्न सकिन्छ। यही देवभूमि नेपालको जनकपुर जगज्जननी जानकीको जन्मभूमि हो भने पर्वतको पाङमा भगवती पार्वती अवतीर्ण भएर भगवान् शिवको प्राप्तिका निमित्त तपस्या गरी लीला विहार गरेको भूमि हो। जानकीको जन्मभूमि जनकपुर आज विश्वभर प्रसिद्ध छ भने समुचित खोजीनीति, प्रचारप्रसारका अभावमा पार्वतीको जन्मभूमि ओझेलमा परेको छ।

आर्यावर्तको उत्तरतिर पूर्वदेखि पश्चिम फैलिएको विशाल हिमश्रृङ्खला भगवान् शिवको प्रिय कैलाशधाम हो। त्यसैको काखमा विद्यमान उत्तुङ्ग कालञ्जर (हम्पाल) पर्वत पनि कैलाश पर्वतकै एउटा अभिन्न पाटो हो। जसलाई हिमपाल, हिमपर्वत, हम्पाल र पर्वतराज पनि भन्ने गरिन्छ। यो क्षेत्र पर्वतराज हिमालयको राजधानी थियो र यही नै पार्वतीको जन्मभूमि हो भन्ने पौराणिक कथन र किंवदन्ती भेटिन्छन्। यिनै पर्वतराजको राजधानी र पार्वतीका जन्म प्रसङ्गका आधारमा यहाँको जिल्लालाई पर्वत नामकरण गरिएको छ। यस क्षेत्र वरपर रहेका पार्वतीचौर (पातीचौर), पार्वतीगङ्गा (पातीखोला), पार्वती गुफा, कुसुमापुरी (कुस्मा) सहस्रधारा, पार्वतीडाँडा (पाङ), गुप्तेश्वर गुफा (कुस्मा) शालिजाजस्ता स्थानीय नाम र त्यस क्षेत्रको

भौगोलिक अभिलक्षणले पनि पार्वतीको जन्मभूमि र क्रीडाभूमि यही थियो भन्ने जनाउँछ । पाङको उत्तरी भेगमा अवस्थित शालिजा पनि पार्वतीका नामसँगै जोडिएको छ । शैलाज्जाता शैलजा अर्थात् शैल भनेको पर्वत र त्यसै पर्वतबाट उत्पन्न भएकाले शैलजा भनियो । शैलपुत्री पार्वतीको अर्को नाम पनि हो । यही शैलजा शब्द नै कालान्तरमा अपभ्रंशित हुँदै शालिजा हुन गयो । शालिजा परिसर र वरपरका वन, कन्दरा, पाखा, पर्वत, जलाशय, मनोरम पाकृतिक दृश्य शान्त एकान्त भूमिले प्राचीनकालको तपस्थलीको झल्को दिन्छन् भने भगवान् नीलकण्ठ विराजमान रहेको शिवपुर शिर्पु पनि यहीं नै छ। यिनै पुरातात्त्विक, भौगोलिक, प्राकृतिक विशेषताले समेत पार्वतीको जन्मभूमि यहीं रहेको बुझिन्छ । यसै प्रसङ्गलाई विभिन्न विद्वान्हरूले प्रमाणीकरण गरेका छन् -

पर्वताः पृथिवीपृष्ठे शातशोऽथ सहस्रशः ।
सन्ति तेषां चक्रवर्ती हिमवान् पर्वताधिपः ।।
राजधानी हिमवतः पर्वतस्य प्रथीयसी ।
कुसुमाख्या पुरी पुण्या काली-मोदी-त्रिवेणीका ।।
मेनावत्याः कुक्षिरत्नं सती साध्वीशिरोमणिः ।
पुत्री पर्वतराजस्य पार्वती शिवबल्लभा ।।
जन्मस्थानं यत्र चक्रे सा नदी पार्वती मता ।
सा पुण्या पार्वती गंगा पातीखोलाख्यया श्रुता ।।
सा जया विजया युक्ता यत्र तेपे तपश्चिरम् ।
शिवमुद्दिश्य तत्रैव दत्वादर्शनमद्भुतम् ।।
शिवो गुप्तो गुहामध्ये गुप्तेश्वर इति स्मृतः।
हरिताल्यां शिवरात्रौ माघसक्रान्तिपर्वणि ।।
पार्वतीशिवयोः स्मृत्यै यात्रा मेला महोत्सवाः ।
शिवधर्मकथा पुण्या शिवाराधनमादरात् ।।
पार्वतीजन्मना पूता तपसा पाविता पुनः ।
अङ्किता पार्वतीभूमि पार्वतीपदपङ्कजैः ।।
पार्वत्या जन्मभूमि किल कुसुमपुरी पार्वती राजधानी

पाङ्गे बागलुङसंगे सकलसुरनरैः सेविता तीर्थसार्थैः ।
ॐकारेशो महेशो गणपति गुहयुग् यत्र गुप्तेश्वराख्यः
काली-मोदी-त्रिवेणी त्रिगुणितमहिमा पार्वतीस्नानपुण्यैः ।।

(योगी , २०३८: पृ.५५)

पर्वतको पाङ पार्वतीको जन्मभूमि हो भन्ने कुरालाई कवि जयदेवले पनि पुष्टि गरेका छन् । उनका अनुसार नेपाल भारतवर्षकै पूण्यभूमि हो । हिमवत्खण्डको शीर्षस्थान शालग्राम क्षेत्रमा रहेका नीलकण्ठ पर्वत (डहरे देउराली) देखि उत्तर व्योमकूट (विहूँकोट) देखि दक्षिणपूर्व, व्याघ्रलुङ (बागलुङ) नगरदेखि पूर्व कृष्णगण्डकीको पावन तटमा रहेको पाङको समतल भूमि पौराणिक कालमा पर्वतराज हिमालयको राजधानी थियो । यही स्थान भगवती पार्वतीको जन्म र लीला भूमि थियो । पाङको नजिक रहेको कुस्मालाई प्राचीन कालमा कुसुमावती भनिन्थ्यो । कुसुमावतीका पुछारमा कालीगण्डकी, माधवी (मोदी) र मंगलदा (मल्याङ्दी) मिसिएर बनेको मोदीवेणीमा स्नान गरी तपस्विनी पार्वतीले भगवान् शिवको आराधना गर्दथिन् । उनको कठोर आराधनाबाट प्रसन्न शिवले पार्वतीलाई दर्शन दिएर गुप्त हुनुभएको थियो । आज पनि त्यस ठाउँको गुप्तेश्वर गुफामा गुप्तेश्वर महादेवको पूजा आराधना चलिरहेको छ। यही मनोहारी प्रसङ्गलाई **गोरखाख्यायिका** महाकाव्यमा उल्लेख गरिएको छ -

नीलकण्ठोत्तरे भागे दूरे समैकयोजने ।
व्योमकूटो हिमाद्रेश्च गृहमासीत् सुशोभनम् ।।
सर्वतेजोमयं दिव्यं रत्नतेजोभिसारितम् ।
तस्य प्राङ्गणके वेदी चतुरस्रसमास्ति वै ।।
अचीक्रीडत् हि तस्यां च पार्वती सखिभिःसह ।
पर्वते कालिकातीरे पार्वती जन्मभूमिका ।
पर्वताधिपतेर्रम्या राजते राजधानिका ।।
साङ्गोपाङ मनोहारि पुरदुर्गा जला चला ।
मोदिका-पार्वतीगंगा-सङ्गता कालिकाम्भसि

(जयदेव, गोरखाख्यायिका भूमिका पृ.ट)

८. कालञ्जर क्षेत्रका अन्य देवस्थलहरू

आरभ्य मुक्तिक्षेत्राच्य क्षेत्रं द्वादश योजनम् ।
शालग्रामस्वरूपेण मया यत्र स्थितं स्वयम् ।।

(गण्डकीमाहात्म्य १०/४२-४३)

मुक्तिक्षेत्र दामोदरकुण्डदेखि १२ योजनसम्म फैलिएको कालीण्डकी प्रस्रवण भूभाग शालग्राम क्षेत्र हो । जहाँका पर्वतहरूमा भगवान् श्रीहरि स्वयं शालग्राम स्वरूपमा रहनुहुन्छ । श्रीमद्देवीभागवत (९/२४/५६) मा पनि यही सङ्केत गरिएको छ । यस शालग्राम क्षेत्रमा गण्डकीपुत्रका रूपमा अवतीर्ण श्रीहरिको नित्य निवास हुने हुँदा यस क्षेत्रमा भगवान् शिव, लोकपितामह ब्रह्मादि देवताहरूका साथ ऋषि, महर्षि, यज्ञ, वेद, तीर्थहरू पनि विभिन्न रूपले निवास गर्दछन् -

त्वयि स्थिते जगन्नाथे तव सान्निध्यकारणात् ।
अहं ब्रह्मा च देवाश्च ऋषिभिः सह केशव ।।
सर्वे वेदाश्च यज्ञाश्च सर्वतीर्थानि चाप्युत ।
वसिस्यामः सदैवात्र गण्डक्यां जगतां पते ।।

(वाराहपुराण १४४/१०७-८)

सर्वदेवमय श्रीहरिको शालग्रामलाई धारण गर्ने कृष्णगण्डकीको यही पवित्रताले यहाँको पर्वत पाखाहरूलाई पनि तीर्थमय बनाएको छ। त्यसैले यहाँका ढुङ्गामा पनि देवत्व रहन्छ भन्ने पौराणिक मान्यतालाई **कृष्णाको तटको ढुङ्गा देवता कहलाउँछ** (नैतिक दृष्टान्त) कविशिरोमणि लेखनाथ पौडेलको भनाइले पनि पुष्टि गर्दछ । यिनै विश्वदुर्लभ पतितपावनी श्रीकृष्णगण्डकीका पूर्वापर फैलिएर रहेको शालग्राम पर्वतको विभिन्न भागमा अनेक पुण्यस्थल रहेका छन् । तीमध्ये पुराणले निर्देशन गरेको माधवी (मोदी) नदीदेखि उत्तर पश्चिम फैलिएको कालञ्जरक्षेत्रमा पौराणिककालीन इतिहास बोकेका मृगतीर्थ, पुलहाश्रम, गलेश्वरधाम, चक्रतीर्थधाम लगायतका तीर्थहरू रहेका छन् । माथि विवेचित तीर्थहरूका अतिरिक्त यही पुण्यभूमिमा विक्रमको १५ औं शताब्दी यता केही देवालय , शिवालय आश्रम एवम् शक्तिपीठहरू बनेका देखिन्छन् । तिनीहरूले पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा कालञ्जर क्षेत्रकै महिमालाई विस्तारित

गर्ने हुँदा यहाँ तिनीहरूको उल्लेख सान्दर्भिक हुने छ -

पार्वती तपोभूमि, (पाङ) गुप्तेश्वर गुफा, (कुस्मा) यतिराज आश्रम सहस्रधारा, (पाङ) गाईखुर, (खुर्कोट) मोदीवेणी नृसिंहधाम, (कुस्मा) धनेश्वर शिवालय, (कुस्मा) पार्वती मन्दिर, (पातीचौर) जहाँ योगी नरहरिनाथले २०५० सालमा कोटीहवन गर्नुका साथै यो क्षेत्र पार्वतीको तपोभूमि भएको प्रमाणित गरेका थिए । गणेश मन्दिर, शिव मन्दिर, (स्वामी चौपारी) ओमकारेश्वर शिवालय, (हरिचौर बाजुङ) १०८ शिवलिङ्ग, (बाजुङ्) बाजुङ्गकोट भूमे, बाजुङ् कोटकालिका, (बाजुङ) लक्सीबोट भूमे, भूकभूमे, (मोदी) शिवमन्दिर, (जुकेपानी देउपुर) देवीमन्दिर, (सालघारी) शिवमन्दिर, (टापु), देवीमन्दिर, (उपल्लोमख), देवीमन्दिर, (तल्लोमख), देउपुरकोट कालिका, (देउपुर) भूमे चण्डी, (देउपुर) गणेश मन्दिर, शिवमन्दिर, (घुरुङसेरा), ओमकारेश्वर शिवालय, (कुडुले देउपुर), भ्रमरकोट भूमे, (भ्रमरकोट) लाङ्दी भूमे, भुरुङ्गा भूमे, (देवपुर) भूमेस्थान, (सहस्रधारा) लेसपार भूमे (लेसपार) ।

शुकलेश्वर शिवालय, (खनियाघाट) शालग्राम आश्रम, (नाग्लिवाङ) शिवालय, (धाइरिङ बाँस्कोट) दण्डीस्वामी आश्रम, (धाइरिङ सल्यान) शिवालय , (भरादुला) शिवमन्दिर, (भिँडावारी) शिवालय, (खोलाखेत) भगवती मन्दिर, (फट्के ढुङ्गा डोवे) विष्णु मन्दिर, (लेकफाँट देउराली), ब्रह्मकपाली थान, (लेकफाँट रातमाटा) ।

यसै गरी म्याग्दी जिल्लातर्फ रहुगण तपस्थली, (रहुघाट) सप्तर्षि तपोभूमि, (रिखार) भगवती मन्दिर, (रहुगङ्गा राखु) परमानन्देश्वर शिवालय, (पात्लेखेत) सिद्धेश्वर शिवालय, (सिद्धाश्रम पात्लेखेत) शिवमन्दिर, (भिँ) शिवालय, (उवाखर्क) स्वर्गद्वारी आश्रम, (टोडके) पुलस्त्यको तपस्थली पुलहाश्रम, (पुला) जगन्नाथ मन्दिर, (गाजने/गान्धे), कन्थराथान, (ज्यामरुककोट) लक्ष्मीनारायण मन्दिर, महारानी स्थान, बालमुक्तेश्वर शिवालय, बौद्धचैत्य (बेनी) ।

बागलुङ् जिल्लामा अवस्थित पुराणवर्णित कालिका, मालिका पर्वततका काखमा अवस्थित लक्ष्मीवेंकटेश्वर मन्दिर, (पञ्चासे) सर्वसिद्धिधाम पञ्चकोट, (भान्सा) रगवेंकटेश मन्दिर, शालग्राम सङ्ग्रहालय, (कुडुले फेदी)

कालिका भगवती, (बागलुङ) जङ्गेश्वर शिवालय, लक्ष्मीनारायण मन्दिर, (निरयघाट) आदि प्रसिद्ध छन् ।यही कुरालाई योगी नरहरिनाथले पनि उल्लेख गरेका छन् –

धवलस्य वृषस्येव ककुदुत्तुङ्गशेखरः ।
खनिगर्भो हिमाच्छन्नो धवलो धवलाचलः ।।
धवलाचल–सम्भूता धवलोदकधारिणी ।
सरस्वती नदी ढोरे जातास्त्युत्तरवाहिनी ।।
रत्न–विद्या–मनु–ग्राम निशिखोलाऽनुकूलगाः ।
भुजेली– जन्मभूम्येषा भुजी पञ्चदशस्थला ।।
माता भगवती पूज्या सर्वबाग्लुङ्गचत्वरे ।
दोविन्दो नाम–सम्भेदे जगन्माता विराजते ।।
दुर्गे शिवालयो भाति नन्दि–स्कन्द–गणेश–युक् ।
कुर्ला–खर्क–स्थले देवी वराहः कमलादयः ।।
अर्थुङ्गस्थायन–क्षेत्रे वरनाथो वरप्रदः।
खनिदण्डे मण्डले स ज्यामृक्कूटे च सिद्धिभाक् ।।
कन्थर–स्थान–भाण्डार–भूमि श्रीवरनाथकः ।
गानस्थाने जगन्नाथ पुलहाश्रम–भूमिपः ।। (योगी, २०३८ :पृ.६१)।

यहाँ कालञ्जर पर्वतका पुण्यस्थल र धवलागिरि हिमालको अन्तः सम्बन्धलाई देखाईएको छ। कतै धवलागिरि, कतै धौलाश्री, कतै धवलशिरा भनिने धवलागिरि हिमाल देवनदी मङ्गला र रहुघाटका साथै अनेक हिमनिर्झणीहरूको उद्गमस्रोत हो । यसका पवित्र जलधाराले सिञ्चित भूमिलाई प्राचीन कालदेखिकै अध्यात्म साधनाको उत्तम क्षेत्र बनाएको छ । यो हिमशिखर केवल हिउँको थुप्रोमात्र होइन यो त अनदिदेखि अनन्तसम्म जगमगाई रहने सौन्दर्य शोभा हो, अपार जलसम्पदाको अजस्र स्रोत हो, कहिल्यै नसिद्धिने नरित्तिने नेपाल भूमिको गौरवमय धन हो । यति मात्र होइन यो त आध्यात्मिक इतिहास बोकेको कैलासकूट पर्वतको एउटा पाटो हो अनि अनेक देवस्थल सिद्धस्थल र शक्तिपीठहरूको समाश्रय भूमि हो । उल्लिखित मन्दिर, आश्रम र शक्तिपीठहरूमा हुने नित्य आराधना शङ्ख

घण्टको ध्वनि, बेलामौकामा लगाइने पूजा , महोत्सव र मेलाहरूले कालञ्जर क्षेत्रको आध्यात्मिक वातावरणलाई जीवन्तता प्रदान गरेका छन् ।

५. कालञ्जर सिद्ध तपस्थली

पौराणिक वाङ्मयका विशाल ग्रन्थहरूको अध्ययन अनुशीलनबाट कालञ्जर भूमिको अपार महिमा बोध गरेका अनि हिमवत्खण्डका पवित्र पर्वत कन्दाराहरूका महत्त्वलाई जाने बुझेका धेरै सन्त योगीहरूले यस ठाउँमा आई तपस्या गरेका प्रसङ्गहरू भेटिन्छन् । भारतवर्षको विशाल राजपाट त्याग गरेर वीतरागी बनेका राजा भरतले यही ठाउँमा तीन जन्म बिताएर मोक्ष प्राप्त गरेको इतिवृत्त अनि संसारमा अन्यत्र कतै शान्ति र मुक्तिको आधार नभेटेर उद्विग्न बनेका कौशिक ऋषिका पुत्रहरू गोहत्याजन्य पापबाट मुक्त हुन यसै तपस्थलीमा आई मृग भएर जन्मान्तरका पापकर्मको प्रायाश्चित्त गरेको प्रसङ्ग पुराणहरूमा र पितृतर्पण सम्बद्ध पुस्तकहरूमा उल्लेख छ । त्यसै गरी कदर्य नामका ब्राह्मण पनि यहीँ नै आएर अनेक पापसञ्चितिबाट मुक्त भएका उपाख्यानहरू भेटिन्छन् । पौराणिक वाङ्मयको पुनरावलोकन गर्दै जाँदा यस्तै अन्य सन्दर्भहरू भेटिने धेरै सम्भावनाहरू देखिन्छन् । प्राचीन कालमा झैँ अर्वाचीन समयमा पनि अनेक सिद्ध महापुरुषहरूले यस भूमिलाई साधनाको आश्रय बनाएका थिए । यहाँ तिनै केही सिद्ध पुरुषहरूको परिचय प्रस्तुत गरिन्छ -

५.१.फुतुङ्गे महाराज

फुतुङ्गे महाराज भारतको अल्मोडाबाट मुक्तिक्षेत्रको यात्राका क्रममा कालञ्जर क्षेत्र कुन हो भन्दै वि.सं. १९७५ मा यहाँ आएर बसेको बुझिन्छ । रागद्वेष, ईर्ष्या, मोह आदिबाट माथि उठेका सुख, दुःख, संयोग वियोग, जन्म मृत्युका कुनै पनि अवस्थाबाट विचलित नहुने लोकोत्तर चरित्रका महात्माहरूका पङ्क्तिमा गनिने फुतुङ्गे महाराजको वास्तविक नाम के हो यथार्थमा बुझ्ने आधार छैन । किनभने

जात न पूछो साध से उससे सीखो ज्ञान ।
मूल्य करो तरबारके पडे रहने दो भ्यान ।।

भन्दै उहाँले आफ्नो जन्म कर्म र उमेर बताउन चाहनु हुँदैनथ्यो भन्ने समकालीन बृद्धहरूको भनाइ भेटिन्छ (पं. डिलनाथ रेग्मी) ।

उहाँ शैवमार्गी त्यागी पुरुष हुनुहुन्थ्यो । उहाँलाई कसैले फुतुङ्गे महाराज कसैले शङ्करनाथ बाबा त कसैले औतारी पुरुष भन्दथे । गर्मी र जाडाको केही प्रवाह नगरी सँधै नाङ्गै रहने केवल कौपीन मात्र लगाउने वनमा जे कन्दमूल भेटिए तिनैका सहारामा भोजनको निर्बाह गर्ने, घना जङ्लमा एक्लै घुम्ने, गुफा ओडारहरूमै रात बिताउने, मान्छेहरूको कोलाहलदेखि टाढा रहने कहिले अलप हुने कहिले देखिने, पत्याउनै नसक्ने गरी वल्लो डाँडाबाट पल्लो डाँडामा पुग्ने, कहिले ब्रह्मचारी त कहिले सन्न्यासीजस्ता देखिने, वन्यजन्तुका आवाज निकाल्ने क्षणभरमै रूप बदल्ने मानौं इन्द्रजालजस्तै मानव आकृति भित्रैबाट सिंहादिको स्वरूपमा परिणत हुने कहिले गोठालाहरूसँगै गोठालो जस्तै बनी रमाउने, सबैलाई भगत शब्दले सम्बोधन गर्ने, लामो समयसम्म ध्यानमुद्रामा रहने, सबैको अन्तरात्मामा एउटै परमेश्वर छन्, कसैलाई हेयत्व गर्नुहुँदैन समभाव हुनुपर्छ भन्ने उहाँका अलौकिक चरित्र र उदार विचार थिए ।

फुतुङ्गे महाराज १९७५ तिर यस ठाउँमा आएको अनुमान गरिए पनि उहाँ धेरै पछाडिमात्र जङ्गलका बीचमै सार्वजनिक हुनुभएको हो । त्यस अगाडि उहाँ कालञ्जर क्षेत्रभित्रकै सिर्पु, वटुवाको लेक, सहस्रधारा, गौरीखर्क, माटे लगायतका ठाउँहरूमा बस्ने गर्नुहुन्थ्यो । आफ्ना पशुधनसहित लेक बस्न गएका गोठालाहरूले वन जङ्गलमै घुमिरहने र भेटिइरहने हुँदा उहाँका असाधारण चरित्रबाट प्रभावित भई सिर्पुमा कुटी बनाएर राखेका थिए । फुतुङ्गे महाराजले त्यतिबेलादेखि नै अखण्ड धुनी जगाएर त्यही ठाउँमा जीवन व्यतीत गर्नुभएको थियो । त्यहाँ दैनिक रुद्राभिषेक हुन्थ्यो । महाराजले गोठालाहरूलाई साँझ विश्रान्तिको बेला सरल भाषामा प्रवचन दिनुहुन्थ्यो, व्यावहारिक ज्ञान सिकाउनुहुन्थ्यो, वर्णाश्रम व्यवस्थाको रहस्य खोल्नुहुन्थ्यो, गृहस्थका कर्महरू सम्झाउनु हुन्थ्यो । उहाँले बेला बेलामा यज्ञ लगाउनुहुन्थ्यो । उहाँ प्रचारमा आउन चाहनुन्थेन तर उहाँको निष्काम कर्म र सेवा भावको प्रसिद्धि धेरै टाढासम्म फैलिसकेको थियो । उहाँ हठयोग र तन्त्र विद्यामा पारङ्गत हुनुहुन्थ्यो । कहीँ कसैलाई आपत् विपत् पऱ्यो सहारा बनिदिनुहुन्थ्यो, कसैका गाईवस्तु हराए वा भीर कोप्चामा खसे वा फसे आश्रममै बसी बसी यस्तो ठाउँमा

यो अवस्थामा छ भनेर बताइदिनुहुन्थ्यो, गएर खोज्दा ती वस्तु त्यसरी नै भेटिन्थे । कसैलाई रोग लाग्यो जडीबुटीका माध्यमले छिनमै ठिक पार्नुहुन्थ्यो । घना जङ्गलमा रहेको उहाँको सानो कुटी अन्नको अक्षय भण्डारजस्तो लाग्दथ्यो, अर्कालाई खुवाएर मात्र आफू खानुहुन्थ्यो, खानुमा भन्दा खुवाउनुको आनन्द फरक छ भन्ने उहाँको मान्यता थियो ।

महाराजको दर्शन गर्न मल्लाज, देउपुर, क्याङ, कुस्मा, पाङ, दुर्लुङ, राम्जा, लुम्लेदेखिका मान्छेको घुइँचो लाग्दथ्यो । त्यस समयमा सिर्पुमा वैशाख शुक्ल पूर्णिमामा ठूलो मेला लाग्दथ्यो । मेला भर्न आएका जो कोही उहाँको रूपाकृति देखेर छक्क पर्दथे, उहाँबाट आशीर्वाद प्राप्त गर्न सके दुःख पीडा नासिन्छन् भन्ने विश्वास थियो । उहाँले देहशुद्धिभन्दा चित्तशुद्धिमा जोड दिनुहुन्थ्यो । **आफू भलो त जगतै भलो** भन्ने उँहाको थेगो थियो । उहाँ विगत, वर्तमान र भविष्यका द्रष्टा हुनुहुन्थ्यो । उहाँले सङ्केत गरेका सम्भावित घटनाहरू घट्दथे । महिनौं अगाडि भावी विपत्तिको सूचना गरी सचेत रहन सिकाउनुकुन्थ्यो । देख्दा सामान्य तर असामान्य व्यक्तित्व भएका बाबाले यस ठाउँमा आधा शतक बिताएको लोक विश्वास छ । उहाँले आफ्नो मृत्युको समय आँफै तोक्नुभएको थियो । त्यही अनुसार उहाँ वि.सं. २०१२ मार्ग १५ मा योगका माध्यमबाटै ऊर्ध्वगमन अर्थात् तालुको ब्रह्मरन्ध्रबाट प्राणोत्सर्ग गरी ब्रह्मलीन हुनुभएको थियो । कतै ब्रह्मरन्ध्रमा प्राण अड्किएको छ कि भनेर तीन दिनसम्म राखिएको थियो । त्यस ठाउँमा आफ्नो परम्पराका उत्तराधिकारी नहुँदा पोखरातिरबाट शैवसन्न्यासी बोलाएर उत्तरकर्म अर्थात् समाधि विधि सम्पन्न गरिएको थियो (पं. डिलनाथ रेग्मी, पं. मेघनाथ पौडेल, धर्मदत्त रेग्मी, दण्डपाणि रिजाल) ।

फुतुङ्गे महाराज ब्रह्मलीन भए पछि उहाँको स्मारक अहिले खण्डहरका रूपमा परिणत भइसकेको छ । त्यो परिसरले पुगेको आगन्तुकलाई सहारा मागेजस्तो अनुभव हुन्छ । त्यसैको यथार्थतालाई पङ्क्तिकारको **धवलागिरि** खण्डकाव्यमा यसरी व्यक्त गरिएको छ -

सुन्दा आश्चर्य लाग्नेछ श्री कालञ्जरको कथा ।
कथा मात्रै कहाँ हो र हो नै वास्तव सत्यता ।।

अहो अद्भुत आनन्द श्री कालञ्जर काखमा ।
कडा प्रयासले मात्र पुगेझैं दिव्य धाममा ।।
अझै अमर आदर्श पुर्खाका पदचिह्न छन् ।
तिनै चिह्न पछ्याएर मान्छे अगाडि बढ्दछन् ।।
फुतुङ्गे नामका सिद्ध थिए तपस्वी भन्दछन् ।
रहस्य उनको सुन्दा मनुष्य छक्क पर्दछन् ।।
कुटी त्यहाँ अझै जीर्ण छँदै छ अवशेष त्यो ।
खोतलेर सबै मर्म यथार्थ बुझ्न सक्छ को ?
उदार दिलका मान्छे फर्केर आउलान् भनी ।
पर्खाइमा बसेजस्तो सहारा मिल्छ कि भनी ।।

(रेग्मी, २०७० : पृ. ५३-५४)

५.२. दण्डीस्वामी महाराज

फुतुङ्गे महाराज ब्रह्मलीन भएपछि लक्ष्मीनन्द ब्रह्मचारी (दण्डीस्वामी) ले यस कुटी र तपस्थलीको संरक्षण गरेको पाइन्छ । स्वामी वेद, पुराण, कर्मकाण्ड, ज्योतिष र योगशास्त्रका ज्ञाता हुनुहुन्थ्यो । योगसाधना र गायत्री उपासना उहाँका नियमित कर्म थिए । उहाँ फुतुङ्गे महाराज, स्वर्गद्वारी महाप्रभु अनि गलेश्वर बाबा (ईश्वरानन्द) का जीवनदर्शनबाट प्रभावित हुनुहुन्थ्यो । उहाँले सिर्पुकै ठाँटीमा अनौपचारिक शिक्षा अर्थात् आफ्नै किसिमले गुरुकुल सञ्चालन गर्नुभएको थियो । देवपुर, मल्लाज, धाइरिङ्, राखुदेखि विद्यार्थीहरू उहासँग पढ्न आउँथे ।



सिर्पुमा बेला मौकामा आउने भक्तजन, खर्कमा गोठ लाने गोठाला अनि शिष्यहरूबाट प्राप्त सिधाबाटै उहाँको दैनिकी चल्थ्यो । उहाँ कतै गाउँबेसीमा जानुपर्दा पिँढीमै बस्नुहुन्थ्यो ।

कसैका घरभित्र जाने चलन थिएन । जाडाका समयमा पर्वत पातीचौरको एउटा सत्तल नै विद्यालयमा परिणत हुन्थ्यो । जुन सत्तल स्थानीय जयबहादुर मल्लले निर्माण गरिदिएका थिए । त्यसैमा १०/१२ जना विद्यार्थीहरू पढ्दथे । गर्मीयाममा उहाँ पुन सिर्पु नै फर्कनुहुन्थ्यो । तीर्थ भ्रमण र देशदर्शन उहाँका वार्षिक क्रियाकलाप थिए । काठमाडौं, मुक्तिनाथ, स्वर्गद्वारी, हरिद्वार, जनकपुर लगायतका क्षेत्रको भ्रमणपछि परदेशी घरमा फर्केर आएझैं अन्तमा यही ठाउँमा आउनुहुन्थ्यो । उहाँको मुख्य तपस्थली यही नै थियो । वि.सं. २०२१-२२ तिर गलेश्वरबाबासँगको सान्निध्य बढेपछि कहिले गलेश्वर कहिले सिर्पु गर्नुहुन्थ्यो । उहाँले यहाँ २५ वर्ष बिताउनुभयो । पङ्क्तिकारले पनि १०/११ वर्षको उमेर मा उहाँको दर्शन पाएको थियो । समयको गतिसँगै खर्कहरूमा गोठ लैजाने चलन हराउँदै गयो, एक्लासको जङ्गल, बसाइको कठिनाइ हो वा वृद्धावस्था अथवा अरु कुनै विघ्नबाधा हो, स्वामी त्यस ठाउँमा जान सक्नुभएन । अन्ततः गलेश्वर बाबाको तपस्थली गायत्रीघाटमा रहन थाल्नुभयो । उहाँकै सङ्कल्पमा गुरु ईश्वरानन्दको कुटी गायत्री ध्यानाश्रमका रूपमा परिणत भएको थियो । अहिले यस ठाउँमा जे संरचना बनेका छन् तिनीहरूको आधारशिला दण्डीस्वामी महाराजबाट तयार भएको हो । योग, ध्यान, स्वाध्यायन र तपस्याका माध्यमबाटै परम्परालाई जीवन्त तुल्याउँदै दुर्गम गाउँबस्तीहरू सम्म आध्यात्मिक जागरण फैलाउनुमा विशिष्ट भूमिका निभाउनुहुने दण्डीस्वामी महाराज वि.सं. २०५५ चैत्र नवरात्र चतुर्दशीका दिन पाशुपत क्षेत्रको मृगस्थलीमा ब्रह्मलीन हुनुभएको थियो (स्वामी कृष्णानन्द गिरि) ।

५.३ स्वामी शालग्रामाचार्य

कालञ्जर पुण्यभूमिलाई आफ्ना उदात्त व्यवहार, ज्ञान, साधना र तपस्याद्वारा पावन बनाउने सिद्ध पुरुष शालग्रामाचार्य वि.सं. १९६७ साल भाद्र शुक्ल आइतवारका दिन माता सरस्वती र पिता काशीराम शर्मा उपाध्यायका ज्येष्ठ सुपुत्रका रूपमा अवतीर्ण हुनुभएको थियो । उहाँका पूर्वजहरू तन्त्रविद्याका साधक थिए । उनीहरूको तपोबल, योगबल, सदाचार र सत्संस्कार देखेर तत्कालीन शासकहरूले उनीहरूलाई मेजर, खरिदार, सरदारजस्ता पद दिएका थिए भने उनीहरूको विद्वत्ता, कार्यकुशलताबाट

प्रभावित भएका राजा महाराजाहरूले नाग्लिवाङको भूमि बिर्ता उपलब्ध गराएका थिए । कालीगण्डकीको पावन तट, हरियाली वनजङ्गल शान्त सौम्य प्रकृति नियमित यज्ञ अनुष्ठानको भक्तिमय वातावरण रहेको नाग्लिवाङको सदाचार सत्कर्म पवित्र कुलमा समुत्पन्न स्वामी शालग्राममा बाल्यावस्थादेखि नै भगवत् सेवा विद्याध्ययन अनि योगाभ्यासका प्रति रुचि रहनु स्वाभाविकै थियो । फलतःउहाँ आफ्ना पूर्वजहरूभन्दा पनि विलक्षण स्वभावका कारणले सबैका प्रिय हुनुहुन्थ्यो । उहाँका सरलता, मृदुभाषिता, कोमलता, उदारता, दयालुजस्ता गुणहरूले हरेक व्यक्तिलाई आकर्षित गर्दथे । उहाँले पाँच वर्षको उमेरमा आफ्ना पितामहसँग अक्षरारम्भ गरेर पाङका प्रसिद्ध ज्योतिषी नन्दलाल र रमाकान्तबाट ज्योतिषशास्त्र अनि कुस्माका दुर्गादत्त पोखरेलबाट व्याकरणशास्त्रको प्रारम्भिक अध्ययन गर्नुभएको थियो ।

कुशाग्र बुद्धि, तीक्ष्ण प्रतिभा अनि जिज्ञासु स्वभावका स्वामी त्यति विद्याले मात्र नपुगेर ज्ञानको पिपासा मेटाउन जनकपुरको ज्ञानकूप र महोत्तरीको मटिहानी आश्रममा पुगी व्याकरण र साहित्य शास्त्रको गहन अध्ययन गरेको पाइन्छ । अध्ययन, अध्यापन कौशल, व्यवहार निपुणताकै कारण उहाँले आबाल ब्रह्मचारी गुरु षडानन्दबाट भोजपुरको दिङ्लामा स्थापित षडानन्द पाठशाला र वीरशाली पन्त, नीलदेव पन्त, सुकृतिदत्त पन्तजस्ता विद्वान्हरूका परम्परामा जोडिँदै बागलुङको गैरी गाउँमा गएर समेत अध्यापन गराउनु भएको बुझिन्छ भने अन्तमा आफ्नै गाउँ नाग्लिवाङमा आई घरलाई गुरुकुलमा परिणत गराउनुभएको थियो । त्यस गुरुकुलका प्रतिभाशाली शिष्यहरूमा श्रीधराचार्य स्वामी (बागलुङ) आचार्य जगन्नाथ कँडेल (चितवन, लंकु) मुकुन्दाचार्य स्वामी (बागलुङ पञ्चासे)



पं. डिलनाथ रेग्मी (पर्वत मल्लाज) आचार्य कमलनयन रिजाल (पर्वत पाङ) स्वामी टीकाराम आचार्य (पर्वत, नग्लिवाङ्) लगायत हुनुहुन्थ्यो ।

राज्यस्तरबाट औपचारिक शिक्षाको सहजता नभएको तत्कालीन अवस्थामा स्वामी शालग्रामाचार्यबाट भएको शैक्षिक योगदान अविस्मरणीय छ। आज पनि उहाँका शिष्य प्रशिष्यहरूले गुरुकुल पद्धतिमार्फत देशका दुर्गम कुना काप्चामा विद्याको ज्योति छरिरहेको देख्न पाइन्छ ।

शालग्रामाचार्य केवल विद्याप्रदाता गुरु मात्र नभएर त्याग, समर्पण, भक्ति, ज्ञान र वैराग्यका प्रतिमूर्ति नै हुनुहुन्थ्यो । उहाँले शास्त्रमा जे अध्ययन गर्नुभयो त्यसलाई जीवन व्यवहारमा समेत लागु गरेको देखिन्छ । वास्तवमै शालग्राम गुरु सन्त हृदय, दयालु स्वभावका हुनुहुन्थ्यो भन्ने कुरा उहाँको जीवन चरित्रले बुझाउँछ । उहाँमा कुनै पनि वस्तुलाई गहिरो तरिकाले बुझ्ने तर्क गर्ने अनि समग्रताको अध्ययन गर्ने बानी थियो । कम बोल्नु, जानेर पनि नजाने जस्तो गर्नु, सदा प्रसन्न रहनु, सुखदुःखका क्षणमा धीर रहनु, सबै मा परमात्माको दर्शन मिल्छ भन्नु उहाँका विशेषता थिए । श्री स्वामीजीमा एउटा साधारण व्यक्तिझैं गाई चराउने, घाँस काट्ने, वनजङ्गलका चराचुरुङ्गी, नदीनाला, छाँगा छहरा, पशुपंक्षीका सामीप्यमा घुम्न रुचाउने सबैलाई समदृष्टिले हेर्ने यस्तै चिन्तनशील हृदय र दार्शनिक विचार थिए। प्रकृतिमा कसरी परिवर्तन हुन्छ ? वृक्षलहराहरू कसरी उम्रिन्छन ? चराचुरुङ्गीहरू कसका सहाराले बाँच्छन् ? बीज कसरी उत्पन्न हुन्छ ? बोटमा कसरी फल लाग्छ ? नदीहरू कसरी उर्लिन्छन् ? कसरी मूल फुट्छ ? कसरी धर्ती हराभरा हुन्छिन् ? यस्तै यस्तै प्रकृति जगत्को विस्मयकारी दृश्यले गुरुलाई चिन्तनशील बनायो । अनि वेदान्तशास्त्रको गूढ रहस्य बुझ्न र ईश्वरीय सत्ताको खोजी गर्दै उहाँ नेपाल भारतका सयौं अनकन्टार गिरि गुफाहरूलाई छिचोल्दै बद्रीनाथको निर्जन जङ्गलमा पुगी धेरै समयसम्मको साधनापछि दिव्यज्योतिको दर्शनपछि गुरु उपदेश र दीक्षाविना सिद्धि सम्भव नभएको ठहर गर्दै वृन्दावनमा रघुनाथाचार्यबाट भगवत् शरणागति हुनुभएको थियो । त्यसै समयमा गुरु शालग्रामले त्यहाँका विशिष्ट विद्वान् कन्हैयालाल र रङ्गनाथाचार्यका सान्निध्यमा भगवत्शास्त्र र विशिष्टाद्वैत सिद्धान्तको अध्ययन गर्नुभएको थियो (हरिप्रपन्न शर्मा कण्डेल) ।

बद्रीनाथ, वृन्दावन, काशी, हरिद्वार आदि तीर्थधामको भ्रमण, वीतरागी सन्तमहात्माको सान्निध्य, वेदान्तशास्त्रको अनुशीलन, सत्संगति र परमार्थ चिन्तनले उहाँलाई एउटा महापुरुष बनाईदियो । अन्तमा उहाँ गुरु आज्ञालाई शिरोपर गर्दै **बलीयसी केवलमीश्वरेच्छा**को भावसहित आफ्नै जन्मभूमि नेपालको पर्वत जिल्ला नाग्लिवाङमा आई आदर्श ऋषितुल्य जीवनचर्यामा रहन थाल्नुभयो। शालग्रामसेवा, गोसेवा, गण्डकी सेवा, अभ्यागत सेवा, माता पिताको सेवा, शास्त्रसेवा र मानवसेवा पनि भगवत् सेवाकै अङ्ग हुन् भन्ने सन्देश फिजाउँदै संसारलाई सरलता, उदारता, सदाचारिता, परोपकारिताजस्ता गुणहरूका माध्यमबाट कहिल्यै ननिभ्ने ज्ञानको उज्यालो आलोक छर्दै शिष्य प्रशिष्य, भक्त भागवत् बन्धुबान्धवहरूलाई आफूले संसार छाड्ने दिनको सूचना गरी सदाझैं सन्ध्यावन्दनादिका नित्यकर्म समापन पश्चात् वि.सं. २०२५सालमा) वैकुण्ठबासी बन्नुभएको थियो । अत्यन्त साधारण परिवारमा जन्मिएर पनि शास्त्र निर्दिष्ट ब्रह्मकर्ममा रमाउँदै लोकलाई आदर्श जीवनको रहस्य खुलाउनुहुने तमोमूर्ति गुरुलाई समाजले आज पनि यसरी सम्झने गर्छ -

प्रकृष्टः श्रद्धावद्बहुजनपदैः सात्विकपथैः
सदा सेव्यं श्रीशे त्रिभुवनपतौ सज्जनगतौ ।
दयासिन्धोः प्रीत्या पुलकितवपुः कौशिककुलम्
भजे शालिग्रामगुरुवरमहं त्वद्गतमतिः ।।
श्रीमत्कौशिकवंशमौक्तिकमणिः शान्त्यादिभूषोज्ज्वलः
शास्त्राभ्यासपरायणो बुधजनैः संसेवितः सज्जनः ।
श्रीरामानुजपादपद्ममधुपः सत्संगनिष्ठायुतः
जीयाद् भक्तिपरायणो गुरुवरः श्रीशालाग्रामो बुधः।।(कण्डेल,२०६८ः पृ.६)

५.४ त्रिदण्डी स्वामी पराङ्कुशाचार्य

शास्त्रहरूमा जङ्गम, मानस र भौम गरी तीन किसिमका तीर्थहरूको चर्चा गरेको पाइन्छ। सदाचार सम्पन्न, ब्रह्मकर्मका नीति नियममा रहेका वेदज्ञ, विवेकी, कर्मनिष्ठ, साधु, सन्त, महात्मा, महापुरुषहरू जङ्गमतीर्थ हुन् । सत्य, क्षमा, दया, तप, सन्तोष, इन्द्रिय निग्रह, पवित्र धृति, आदि मानसिक पवित्रता

मानस तीर्थ हुन् । पृथिवीमा हुने पवित्र जलाशय, कुण्ड, नदी, नदीका सङ्गम भगवान् वा देवी देवताका अवतार भूमि भौमतीर्थ हुन् । कतिपय भूमि ऋषि मनीषीहरूका तपः साधना, यज्ञानुष्ठान, मठ मन्दिरको नित्य पूजा आराधना वेद पुराणदिको पारायण, कथाप्रवचन, महात्माहरूको सान्निध्य आदिबाट तीर्थमय बनेका हुन्छन् । त्यसो त नेपाल भूमि नै भौमतीर्थ हो । त्यसमा पनि कालीगण्डकीलाई पुण्यतमतीर्थका रूपमा लिइएको छ। यिनै कालीगण्डकीका तटलाई प्राचीनकालदेखि नै पुलस्त्य, पुलह, कपिल, जडभरत, याज्ञवल्क्य, भृगु, वशिष्ठ, मार्कण्डेय आदि ऋषिमहर्षिहरूले तीर्थीकरण गरेका छन् । भने अर्वाचीन समयमा पनि अनेक सिद्धमहात्माहरूका ज्ञानबल, तपोबल, योगबलका माध्यमबाट कतिपय क्षेत्रहरू तीर्थमय बनेका छन् । **तीर्थी कुर्वन्ति तर्थानि स्वान्तस्थेन गदाभृता** पुराणवाङ्मयले भनेझै कालञ्जर भूमिलाई महिमामय बनाउने महापुरुषहरूमा अनन्त श्री विभूषित त्रिदण्डी पराङ्कुशाचार्य स्वामीजीको स्मरण हुन्छ ।



श्री स्वामीजी कौडिन्य ऋषिका पवित्र गोत्रमा पुण्यात्मा पिता पूर्णानन्द र माता रमादेवीका कोखबाट वि.सं. १९८६ आषाढ ३० गते शुक्ल अष्टमी शनिवारका दिन सिक्किमको पाचेखानी व्याङथाङमा अवतीर्ण हुनु भएको हो (आचार्य, २०७५: पृ.४५) । सामान्य कृषक तर सदाचार सम्पन्न परिवारमा जन्म ग्रहण गर्नुहुने स्वामीजीको राशिगत नाम प्रभाकर थियो । उहाँ कुलदीपजस्तै बनेर उदाउनुभएको थियो । उहाँमा बाल्यावस्थामा नै देखिने असामान्य चरित्र र भगवद्भक्ति, तत्त्वजिज्ञासा, कर्तव्यपरायणताजस्ता गुणहरूले नाम अनुरूपकै उदाउँदा बालसूर्यको सङ्केत गर्दथे । स्वामीजीमा गाउँ बेंसीका उकाली– ओराली खेती– पाती, वनजङ्गलका दुःख कष्ट छँदै थिए भने अर्कोतिर विद्याप्रतिको अनुराग बढ्दै थियो । तर पारिवारिक विवशता

बद्रीनाथ, वृन्दावन, काशी, हरिद्वार आदि तीर्थधामको भ्रमण, वीतरागी सन्तमहात्माको सान्निध्य, वेदान्तशास्त्रको अनुशीलन, सत्संगति र परमार्थ चिन्तनले उहाँलाई एउटा महापुरुष बनाईदियो । अन्तमा उहाँ गुरु आज्ञालाई शिरोपर गर्दै **बलीयसी केवलमीश्वरेच्छा**को भावसहित आफ्नै जन्मभूमि नेपालको पर्वत जिल्ला नाग्लिवाङमा आई आदर्श ऋषितुल्य जीवनचर्यामा रहन थाल्नुभयो। शालग्रामसेवा, गोसेवा, गण्डकी सेवा, अभ्यागत सेवा, माता पिताको सेवा, शास्त्रसेवा र मानवसेवा पनि भगवत् सेवाकै अङ्ग हुन् भन्ने सन्देश फिजाउँदै संसारलाई सरलता, उदारता, सदाचारिता, परोपकारिताजस्ता गुणहरूका माध्यमबाट कहिल्यै ननिभ्ने ज्ञानको उज्यालो आलोक छर्दै शिष्य प्रशिष्य, भक्त भागवत् बन्धुबान्धवहरूलाई आफूले संसार छाड्ने दिनको सूचना गरी सदाझैं सन्ध्यावन्दनादिका नित्यकर्म समापन पश्चात् वि.सं. २०२५सालमा) वैकुण्ठबासी बन्नुभएको थियो । अत्यन्त साधारण परिवारमा जन्मिएर पनि शास्त्र निर्दिष्ट ब्रह्मकर्ममा रमाउँदै लोकलाई आदर्श जीवनको रहस्य खुलाउनुहुने तमोमूर्ति गुरुलाई समाजले आज पनि यसरी सम्झने गर्छ -

प्रकृष्टः श्रद्धावद्ब्रहुजनपदैः सात्विकपथैः
सदा सेव्यं श्रीशे त्रिभुवनपतौ सज्जनगतौ ।
दयासिन्धोः प्रीत्या पुलकितवपुः कौशिककुलम्
भजे शालिग्रामगुरुवरमहं त्वद्गतमतिः ।।
श्रीमत्कौशिकवंशमौक्तिकमणिः शान्त्यादिभूषोज्ज्वलः
शास्त्राभ्यासपरायणो बुधजनैः संसेवितः सज्जनः ।
श्रीरामानुजपादपद्ममधुपः सत्संगनिष्ठायुतः
जीयाद् भक्तिपरायणो गुरुवरः श्रीशालाग्रामो बुधः।।(कण्डेल,२०६८ः पृ.६)

५.४ त्रिदण्डी स्वामी पराङ्कुशाचार्य

शास्त्रहरूमा जङ्गम, मानस र भौम गरी तीन किसिमका तीर्थहरूको चर्चा गरेको पाइन्छ। सदाचार सम्पन्न, ब्रह्मकर्मका नीति नियममा रहेका वेदज्ञ, विवेकी, कर्मनिष्ठ, साधु, सन्त, महात्मा, महापुरुषहरू जङ्गमतीर्थ हुन् । सत्य, क्षमा, दया, तप, सन्तोष, इन्द्रिय निग्रह, पवित्र धृति, आदि मानसिक पवित्रता

मानस तीर्थ हुन् । पृथिवीमा हुने पवित्र जलाशय, कुण्ड, नदी, नदीका सङ्गम भगवान् वा देवी देवताका अवतार भूमि भौमतीर्थ हुन् । कतिपय भूमि ऋषि मनीषीहरूका तपः साधना, यज्ञानुष्ठान, मठ मन्दिरको नित्य पूजा आराधना वेद पुराणादिको पारायण, कथाप्रवचन, महात्माहरूको सान्निध्य आदिबाट तीर्थमय बनेका हुन्छन् । त्यसो त नेपाल भूमि नै भौमतीर्थ हो । त्यसमा पनि कालीगण्डकीलाई पुण्यतमतीर्थका रूपमा लिइएको छ। यिनै कालीगण्डकीका तटलाई प्राचीनकालदेखि नै पुलस्त्य, पुलह, कपिल, जडभरत, याज्ञवल्क्य, भृगु, वशिष्ठ, मार्कण्डेय आदि ऋषिमहर्षिहरूले तीर्थीकरण गरेका छन् । भने अर्वाचीन समयमा पनि अनेक सिद्धमहात्माहरूका ज्ञानबल, तपोबल, योगबलका माध्यमबाट कतिपय क्षेत्रहरू तीर्थमय बनेका छन् । **तीर्थी कुर्वन्ति तर्थिनि स्वान्तस्थेन गदाभृता** पुराणवाङ्मयले भनेझै कालञ्जर भूमिलाई महिमामय बनाउने महापुरुषहरूमा अनन्त श्री विभूषित त्रिदण्डी पराङ्कुशाचार्य स्वामीजीको स्मरण हुन्छ ।



श्री स्वामीजी कौडिन्य ऋषिका पवित्र गोत्रमा पुण्यात्मा पिता पूर्णानन्द र माता रमादेवीका कोखबाट वि.सं. १९८६ आषाढ ३० गते शुक्ल अष्टमी शनिवारका दिन सिक्किमको पाचेखानी व्याङथाङमा अवतीर्ण हुनु भएको हो (आचार्य, २०७५: पृ.४५) । सामान्य कृषक तर सदाचार सम्पन्न परिवारमा जन्म ग्रहण गर्नुहुने स्वामीजीको राशिगत नाम प्रभाकर थियो । उहाँ कुलदीपजस्तै बनेर उदाउनुभएको थियो । उहाँमा बाल्यावस्थामा नै देखिने असामान्य चरित्र र भगवद्भक्ति, तत्त्वजिज्ञासा, कर्तव्यपरायणताजस्ता गुणहरूले नाम अनुरूपकै उदाउँदा बालसूर्यको सङ्केत गर्दथे । स्वामीजीमा गाउँ बेंसीका उकाली– ओराली खेती– पाती, वनजङ्गलका दुःख कष्ट छँदै थिए भने अर्कोतिर विद्याप्रतिको अनुराग बढ्दै थियो । तर पारिवारिक विवशता

उहाँलाई १३ वर्षको कलिलो उमेरमा गृहस्थाश्रममा प्रविष्ट हुनुपर्‍यो । समय बित्दै गयो, विवाहबन्धनले स्वामीजीको विद्याप्राप्तिको तीव्र अभिलाषा र परमार्थसाधनाको उद्देश्यलाई रोक्न सकेन। किन भने गृहस्थाश्रम भोगको साधन होइन यो त सन्ततिप्राप्ति र पितृ ऋणमुक्तिको माध्यम मात्र हो भन्ने मान्यता राखी शास्त्रविधिअनुसार नै विवेकसम्मत तरिकाले गृहस्थाश्रमका कर्तव्यलाई निभाएर स्वामीजी विद्याध्ययनमै प्रवृत्त हुनुभएको देखिन्छ। उहाँले छोटो समयमै भारतका विभिन्न विद्यालय महाविद्यालयहरूमा अध्ययन गरेर शास्त्रहरूका मर्मलाई छिचोल्दै र पर्गेल्दै वैदिक सनातन धर्मका वैष्णव, शाक्त, शैव, सौर, गाणपत्यका रहस्यहरूलाई बोध गर्दै जानुभयो । अन्तमा उहाँ सद्गुरुको खोजी गर्दै यामुनाचार्य, जगद्गुरु रामानुजाचार्य, वरवरमुनिजस्ता पूर्वाचार्यका गुरुपरम्परामा आबद्ध वृन्दावनधाम रङ्गमन्दिरका अभिनव शुकस्वरूप शुक्राचार्य स्वामीजीबाट दीक्षित बन्नु भएको थियो । वृन्दावनमै दीक्षागुरु श्रीशुक्रचार्यका साथै गोपालाचार्यबाट भागवत शास्त्र, ब्रह्मसूत्र, श्रीभाष्य, रहस्य एवं वाद ग्रन्थहरूको गहिरो अध्ययन र वृन्दावन, बदरीनाथ, हरिद्वार आदि अनेक तीर्थस्थलहरूको दर्शन भ्रमण पछि श्री स्वामीजीले देवभूमि वि.सं. २०१६ मा नेपालको कालञ्जर पुण्यभूमिमा अवस्थित सहस्रधारा श्री गण्डकीसङ्गमलाई सर्वोत्तम तीर्थ मानेर यसैलाई साधना स्थल बनाउनुभएको थियो । सहस्रधारा एउटा आश्चर्य लाग्दो भूमि हो, जहाँ कडा चट्टानलाई फोरेर सबै ऋतुमा समानरूपले जलका सहस्रधारा बगिरहन्छन् । यही पुण्यभूमिको महत्त्व बोध गर्नुभएका स्वामीजीले **रामानुजार्यदिव्याज्ञावर्धताम् अभिवर्धताम्** को मूल उद्देश्यलाई आत्मसात गरी यहींबाटै नेपालमा सार्वभौम वैष्णवागम पद्धतिको विकास र विशिष्टाद्वैत दर्शनको श्रीवृद्धिमा विशिष्ट योगदान दिनुभएको छ।

सानैदेखि वैराग्यभावले भावित श्री स्वामीजीको जीवन त्यागमय देखिन्छ। आकाशवृत्ति वा यथालाभमा सन्तुष्ट हुनुहुने स्वामीजीले अप्रतिहत विद्वत्ता भएर पनि विश्वविद्यालयको प्राध्यापन र वेतनभोगी जीवनबाट टाढा रहेर धर्म, संस्कृति, संस्कारको संरक्षण, तीर्थहरूको महिमा प्रकाशन, शास्त्रानुशीलन, समाजसेवा र परमार्थचिन्तनलाई नै जीवनको लक्ष्य बनाउनु भएको छ । असाधारण विद्वात्ता, तर्कशक्ति, उदार व्यवहार, स्पष्ट विचार, स्वामीजीका

विशेषता हुन् । विद्वान् पुरुष भेटिन्छन् तर शास्त्रको गहिराइमा पुगेर त्यसको मर्मलाई बुझाउने, जिज्ञासुका सन्देह मेटाउने, ज्ञानलाई व्यवहारमा उतार्ने व्यक्ति दुर्लभ छन् त्यस्तै दुर्लभ पुरुषमा स्वामीजीको स्मरण हुन्छ ।

वि.सं २०३९ मा सहस्रधारामा स्थापित **त्रिदण्डी यतिराज आश्रम** श्रीसम्प्रदायको एउटा उत्तम केन्द्र बनेको छ भने यसका अतिरिक्त भागवताश्रम (रिडी गुल्मी) श्रीवैकुण्ठनाथ परम वैदिक विद्याप्रतिष्ठान (लंकु चितवन) शुकदेव भागवताश्रम (गैंडाकोट नवलपुर) लक्ष्मीनारायण आश्रम (रत्नचौर म्याग्दी) आदि स्वामीजीबाट संरक्षित परमार्थ साधना र पौरस्त्य विद्याका केन्द्रहरू हुन् । जहाँबाट हजारौ शिक्षार्थीहरूले विशिष्टाद्वैत दर्शनको उच्चतम शिक्षा प्राप्त गरेका छन् । श्री स्वामीजी नेपाल राष्ट्रमा सशिख त्रिदण्डी सन्न्यास ग्रहण गर्ने प्रथम महापुरुष हुनुहुन्छ (स्वामी नारायणाचार्य)। उहाँका आचारण र जीवनव्यवहारले पनि तदनुकूलका देखिन्छन् । घर, परिवार, धन सम्पत्ति मात्र होइन माथि उल्लिखित मठ, मन्दिर, शिक्षलयहरूसमेत शिष्यहरूलाई सुम्पेर स्वामीजीले सन्न्यास धर्ममा रहेर त्रिकाल सन्ध्यावन्दन, नित्यानुष्ठान, ब्रह्मचिन्तन, अपरिग्रहजस्ता यतिनियमको पालना गर्दै भगवद्भक्तिनिष्ठभई ९० वर्षको वार्धक्य वयमा समेत **अजरामरवत् प्राज्ञो विद्यामर्थञ्च चिन्तयेत्** भन्ने नीतिवचनले निर्दिष्ट गरेझैं शास्त्राभ्यासमा निरत भई लोकलाई आदर्श सन्न्यासधर्मको उदाहरण प्रस्तुत गरिरहनुभएको छ । यस्तै भगवद्भक्ति निष्ठ सन्त महापुरुषहरूलाई जन्मदिने कुल पवित्र हुन्छ, माता कृतार्थ हुन्छिन्, जन्मभूमि पवित्र बन्दछिन् भन्ने वचन स्वामीमा सार्थक बनिरहेको छ -

कुलं पवित्रं जननी कृतार्था वसुन्धरा पुण्यवती च तेन ।
अपारसच्चित् सुखसागरेऽस्मिन् लीनं परे ब्रह्मणि यस्य चेतः ।।

(सूक्तिमुक्ताहार, पृ.१७१)

सहस्रधारा श्री स्वामीजीको विद्यासाधनाको भूमि पनि हो । नेपाल भारतका विशिष्ट विद्वान्का पङ्क्तिमा समादृत सवामीजीका प्राज्ञिक प्रकर्षलाई द्योतन गर्ने ६ दर्जन भन्दा बढी पुस्तकाकार कृतिहरू छन्। तीमध्ये **रहस्यमुक्तावली, अर्चिरादिमार्ग, ब्रह्मविचार, सनातनधर्म परिचय, प्रपन्न पारिजात, श्री भागवत मञ्जरी, नेपाल गौरव, वेदस्तुति व्याख्या, मुमुक्षु कल्पद्रुम, श्री**

रामायण मञ्जरी, गीतोपनिषत्सार, श्री रहस्यरत्नमाला आदि प्रसिद्ध छन् ।

ज्ञान, ध्यान, कर्म, व्यवहार, अनुष्ठान, स्वाध्ययन, त्याग, तपस्या आदिबाट ऋषिकल्प बन्नुभएका विद्यामूर्ति श्री स्वामीजीले सुदूर सिक्किममा अवतीर्ण भएर पनि मुक्तिक्षेत्र कालञ्जर भूमिको सहस्रधारालाई साधनास्थली बनाउनु यस क्षेत्रकै गौरव हो । पहिचान हुन नसकेका नेपालका तीर्थधामहरूको उद्बोधन, आध्यात्मिक चेतनाको जागरण, वैदिक सनातन धर्मको संरक्षण, पौरस्त्य शिक्षाको नवजागरण, हिंसारहित समाजको निर्माण, शास्त्रका गूढतम रहस्यहरूको व्याख्यान, नेपाली राष्ट्रियताको समुन्नयन, श्रुतिस्मृति सम्बद्ध ग्रन्थहरूको प्रकाशनजस्ता कार्यहरूका माध्यमले श्री स्वामीजीले नेपाली समाजको समुन्नतिमा पुऱ्याएको योगदान अविस्मरणीय छ । समयले कुनै बेला समुचित मूल्याङ्कन पनि गर्नेछ। अन्तमा श्री स्वामीजीको जीवन चरित्रसंग सम्बद्ध काव्यमय उक्तिलाई प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ -

भित्री रूप छ शान्त सत्व गुण छन् स्वामी महाराजमा
स्वामीका गुण धर्म कर्म जति छन् सिद्धान्ततः शास्त्रमा ।
स्वामीको पथ यो कठोर तप हो यो ज्ञानको सार हो
छैनन् लोभ र मोह क्रोध जसमा यै धर्मको सार हो ।।
स्वामी धर्म जगाउने मुलुकमा आलोक देख्ने रवि
स्वामीमा शुकदेव व्यास अथवा पूर्वार्यका छन् छवि ।
स्वामी वेद पढाउँदै गुणभिकी वेदान्त लेख्ने कवि
स्वामीका कविता कवित्व जगको हो ज्ञानबाती हवि ।।

(आचार्य, २०७५: पृ. ९२) ।

५.५ कालञ्जरका अन्य तपस्वीहरू

माथि वर्णित फुतुङ्गे महाराज, दण्डीस्वामीजस्ता महापुरूषहरूको असाधारण व्यक्तित्व, लोकोपकारी चरित्र एवम् सादगी जीवनशैलीबाट प्रभावित हुँदै पछिल्लो समयमा पनि अनेकौं त्यागी सन्त महापुरूष र साध्वी नारीहरूले यही सिद्धभूमि कालञ्जर पर्वतका काखमा स-साना कुटी र आश्रम बनाई विभिन्न कालखण्डमा अध्यात्म साधना गरेका प्रमाणहरू भेटिन्छन् । जसमध्ये नारायण गिरि (भोडे ओडार) नित्यानन्द गिरि, तपसी

महाराज, सीताराम बाबा (सहस्रकमाए) खड्ग गिरि (माझरानी गुफा) केशवदास ब्रह्मचारी (जयँले राममन्दिर) का त्यागमय जीवनका अनुकरणीय चरित्रहरूले आज पनि यस भूमिको महत्तालाई बढाइरहेका छन् ।

१०. धार्मिक सांस्कृतिक महत्ता

येन लिङ्गेन यो देशो युक्तः समुपलभ्यते ।

तेनैव नाम्ना तं देशं वाच्यमाहुर्मनीषिणः।। (महाभारत आदिपर्व २/१२)

अर्थात् कुनै देश वा स्थान विशेषको नाम त्यहींका ऐतिहासिक अभिलक्षणका आधारमा राखिएका हुन्छन् । त्यसलाई लोकले त्यसरी नै व्यवहारमा ल्याउँछ भन्ने महाभारतीय कथनअनुसार यस क्षेत्रका केही ठाउँहरूले पनि यस क्षेत्रलाई धार्मिक र ऐतिहासिक महत्त्वका रूपमा चिनाएका छन् । जस्तै श्रीपुबाट सिर्पु, देवपुरबाट देउपुर, शैलजाबाट शालिजा, यवक्षेत्रबाट जौखेत, अक्षोवटबाट ओखरेनी, अन्नचत्वरबाट अन्नेचौर, पार्वतीपुरबाट पाङ्, कुसमपुरीबाट कुस्मा, आदि नाम प्रचलित भएका देखिन्छन् भने हम्पालको मृगकुण्ड रोहिणीदह लोकले बोल्ने गरेको मार्कन्ने खोला (मार्कण्डेयनदी) भृशुण्डी ऋषिको तपस्थली मानिएको भुरुङ्दी खोला र सहस्रधारा, अनि मादी (माधवी) जस्ता नदी, प्राचीन गुफा, ओडार तत् तत् क्षेत्रका शान्त एकान्त भूमि अनि यो क्षेत्र देवस्थल हो भन्ने प्राचीनकाल देखिको लोकविश्वासले समेत यहाँको धार्मिक महत्तालाई प्रकट गर्दछन् ।

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः ।

सं ज्ञेयो याज्ञिको देशः। (मनुस्मृति २/२३)

अर्थात् जहाँ कृष्णसार मृग स्वच्छन्द विचरण गर्छ, त्यो यज्ञ भूमि हो भन्ने मनुको वचनभैं यहाँ प्रशस्त कृष्णसार भेटिनु पुराणवर्णित नीलकण्ठेश्वरको मन्दिर स्थापित हुनु यही ठाउँमा राजा भरतले मृगरूप ग्रहण गर्नु, सिर्पुमाथिको जलजला दहलाई मृगतीर्थ भनेर सदियौंदेखि सम्बोधन गरिनुजस्ता सन्दर्भहरूले समेत यस क्षेत्रको पवित्रतालाई प्रमाणित गर्दछन् । पछिल्लो समयमा यहाँको मृगतीर्थमा आएर श्राद्ध गर्ने श्रद्धालुहरूको घुइँचो लाग्ने गरेको छ । धार्मिक आस्थाका दृष्टिले कालञ्जरको नीलकण्ठेश्वर, सहस्रधाराका वराह वाराही, मल्लाजको गिद्धेश्वर, सहस्रकमाए, माझरानी गुफा,

कोत भगवती, भद्राचलको वेकंटेश मन्दिर, धाइरिङ्को भूमेस्थान, सहस्रधाराको यतिराज आश्रम, खनियाघाटको शुक्लेश्वर शिवालय, कुस्माको गुप्तेश्वर गुफा आदि कालञ्जर क्षेत्रका प्रमुख गन्तव्य स्थल हुन् ।

संस्कृतिका हिसाबले पनि यो क्षेत्रको आफ्नै महत्त्व छ । बाहुन, क्षेत्री, मगर, गुरुङ, नेवार, कामी, दमाइँ आदि जातजातिहरूको समावेशी बस्ती, भिन्न प्रकृति भिन्न स्थिति तर एक आपसको सहिष्णु सहयोगी जनजीवनले सांस्कृतिक एकताको सन्देश दिएका छन् । धर्म र संस्कृति एक अर्काका परिपूरक हुन् भनेझैं यहाँ आ-आफ्नो धर्म र कर्मअनुसार गरिने संस्कारका साथै मेला महोत्सवमा सम्पन्न हुने प्रदर्शनी खेलकूद गीत सङ्गीत, वाद्य वादन, नृत्य नाटकका प्रस्तुतीहरूमा नेपाली मौलिक लोक संस्कृति झल्किएको पाइन्छ । आजभन्दा तीन दशक पहिले कालञ्जरको सिर्पुमा मल्लाज, धाइरिङ्ग, शालिजालगायतका बस्तीहरूबाट मान्छेहरू मेला भर्न आउँथे । यो ठाउँ अनेक जातजातिहरूको सांस्कृतिक गन्तव्यको केन्द्र थियो, त्यो आज इतिहास बनेको छ । सिर्पुमा रहेको मन्दिरमा उधौली, उभौलीका अवसर मा पूजा चल्दथे त्यहाँ गरिएको भाकल पूरा हुन्छ भन्ने लोकविश्वास पनि थियो । विगतको द्वन्द्वकालमा यो क्रम विच्छिन्न भए पनि पुनःयो परम्परा चल्न थालेको छ । गाउँबस्तीका छेउछाउमा बनाइएका कुलमन्दिर, थुम्का थुम्कीमा देखिने चैत्य स्तूप, देउराली स्थान, विभिन्न मठमन्दिर, धार्मिक सांस्कृतिक विविधताका नमूना हुन् ।

११.वर्तमान अवस्था

पौराणिक वाङ्मयले मुक्तकण्ठले प्रशंसा गरेको कालञ्जरको मुख्य केन्द्र विकासका दृष्टिले अझै पनि पछाडि परेको देखिन्छ । समुचित प्रचार प्रसारको अभाव, दुर्गम भौगोलिक अवस्थिति, बाटो घाटोको कठिनाइ, मानव बस्तीदेखि टाढा रहनु, प्राकृतिक, भौगोलिक एवम् पौराणिक पहिचानका अभिलक्षण र स्रोतबाहेक कुनै लिखित दस्तावेज नपाइनुजस्ता कारणले यो क्षेत्रको सही पहिचान र उचित विकास हुन सकेको छैन । यहाँका कतिपय प्राचीन मन्दिर, सत्तल गुफा ओडारहरू संरक्षणको अभावमा नामशेष हुन लागेका छन् । यहाँ विकासका नाममा अहिले जनस्तरबाट सिर्पुमा

रहेको मन्दिरको जीणोद्धार भएको छ भने जलजलामा नीलकण्ठेश्वर महादेवको मन्दिर एवम् पाकशाला निर्मित छन् । यस क्षेत्रलाई पुनरुत्थान गर्ने र यसको पौराणिक महत्तालाई विश्वव्यापी बनाउने उद्देश्य सहित जनस्तर बाटै केही प्रयासको थालनी भएको छ । भर्खरमात्रै जलजला गाउँपालिकाले गुरुयोजनाअनुसार डि.पी आर तयार पारी प्रदेश र केन्द्र सरकारको सहयोगमा यस क्षेत्रलाई नेपालकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्ने योजना तर्जुमा गरेको छ । यसैअन्तर्गत कालञ्जर क्षेत्रका मल्लाज दरबार, कोत भगवती, माझरानी गुफा, सर्सकमाए, पूर्णगाउँको वराहताल, गिद्धेश्वर शिवालय, दीपको वराह स्थान, हम्पाल, सिर्पु लगायतका समग्र पौराणिक, ऐतिहासिक, प्राकृतिक महत्त्वका स्थलहरूलाई समेट्दै सर्किट रुट तयार गरी ३ दिनको पदमार्ग बनाउने लक्ष्य लिएको छ। अन्नपूर्ण पदमार्गका पर्यटकलाई भित्र्याउन हम्पालकै लेकमा रहेको जलजलाको २२ रोपनी क्षेत्रफल बराबरको भूमिमा विशेष किसिमको ताल बनाउने अनि एकैसाथ कालञ्जरक्षेत्र अन्तर्गतका पर्वत, म्याग्दी, बागलुङका सुरम्य गाउँबस्ती अनि अन्नपूर्ण, नीलगिरि, धवलागिरि, माछापुच्छ्रे हिमालका लोभ लाग्दा दृश्यहरू हेर्न सकियोस् भनी जलजला ५ को फलामे डाँडामा विशेष किसिमको भ्यु टावर बनाउने लक्ष्य लिएको छ (कान्तिपुर राष्ट्रिय दैनिक कार्तिक ८, २०७५) ।

कालञ्जरको मुख्य केन्द्र पछाडि परे पनि यसका काखमा रहेका गाउँ बस्तीलाई बिस्तारै सडकसञ्जालले छोएसँगै तिनीहरूको मुहार फेरिदै गएको छ । आधारभूत शिक्षा स्वास्थ्य र विद्युत्को सेवाबाहेक राज्यका तर्फबाट कुनै उद्योगधन्दा खुलेका छैनन् । यहाँका पौरखी किसानहरू कृषिकर्ममै निर्भर छन् भने अधिकांश युवाहरू खाडीमुलुकमा गई गुजारा चलाउन बाध्य छन् ।

यस पदमार्गमा यात्रा गर्ने पर्यटकले कालञ्जरको शीर्षस्थानमा पुगी बागलुङ, म्याग्दी, कास्की, स्याङ्जाका उत्तुङ्ग हरियाली डाँडा काँडा, रमाइला बस्ती, काली, म्याग्दी, र मोदी नदीका नागवेली जलरेखाको अवलोकन गर्न पाउने छन् । यस क्षेत्रलाई केन्द्रित गरेर मल्लाज मिलनचोकबाट लेकफाँट, शालिजा हुँदै र कुस्माबाट दुर्लुङ हुँदै अनि पातीचौरबाट लेसपार हुँदै तीनतर्फी यातायात जोड्ने उद्देश्यसहित मोटरवेल सडक बन्दैछ। यातायातको सुविधासँगै भविष्यमा यस क्षेत्रले काँचुली फेर्ने छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

१२.पर्यटकीय विशेषता

नेपाल विश्वकै पर्यटकीय गन्तव्यको देश हो । बहुल संस्कृति बहुल जातिको साझा फूलबारी नेपाल भौगोलिक र प्राकृतिक वैविध्यले समेत मनोरम छ । यिनै विशेषतासँग जोडिएको पर्यटनले नेपालको अर्थतन्त्रलाई धानेको छ । संसारकै अग्ला हिमशृङ्खला, गहिरा गल्छी, थरिथरिका ताल, दुर्लभ वन्यजन्तु, प्रसिद्ध शक्तिपीठ, पौराणिक महत्त्वका मठमन्दिर, आर्ष सभ्यताका पवित्र तीर्थस्थल ऐतिहासिक कोट, गढी, पुरातात्त्विक सम्पदा आदि पर्यटनका आधार हुन् । पर्यटनका धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, प्राकृतिक क्षेत्रमध्ये कालञ्जर भूमि धार्मिक र प्राकृतिक पर्यटनको सम्भावना बोकेका क्षेत्र हो । समुद्री सतहदेखि ३३०० को उचाइमा रहेको हम्पालको लेक र यस अन्तर्गतका मृगतीर्थ कालञ्जर, सिर्पु, मल्लाज लेकफाँटको गिद्धेश्वर, धाइरिङको भूमेस्थान आदि धार्मिक पर्यटनका मुख्य केन्द्र हुन् । यसको धार्मिक महत्ता र प्राकृतिक सम्पदाका स्रोतहरूलाई सुव्यवस्थित गर्दै लैजान सके पर्वत जिल्लाको मात्र नभई समग्र देशकै पर्यटनमा समृद्धि हुने सम्भावना देखिन्छ । यस ठाउँलाई काठमाडौंको **शिवपुरी**, प्युठानको **स्वर्गद्वारी**; गोर्खाको **मनकामना**, डोटीको **खप्तडलेक**, बागलुङको **पञ्चकोट**, नवलपरासीको **मौलाकालिका**, पाल्पाको **सत्यवती ताल** गुल्मीको **रेसुङ्गा** जस्तै विकास गर्न सकिने आधारहरू छन् । मात्रै खाँचो छ क्रियाशक्तिको । विश्वका कतिपय मुलुकमा सुख्खा बञ्जर भूमिलाई हरियालीमा परिणत गरी कृत्रिम संरचनाद्वारा पर्यटकहरूलाई भित्राइरहेको सुन्न र पढ्न पाइन्छ तर प्रशस्त सम्भावना बोकेका नेपालका प्राकृतिक सम्पदाहरू वनमा फुलेको सुनगाभाझैं त्यसै त्यसै ओझेलमा परेका छन् । त्यस्तै ओझेलमा परको क्षेत्र हो कालञ्जर क्षेत्र । यस क्षेत्रको समुचित विकास गर्ने हो भने एकातिर तेस्रो मुलुकबाट आउने अन्नपूर्ण पदमार्गका पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ भने अर्कातिर मुक्तिनाथका तीर्थयात्रीहरूलाई यहाँ भित्र्याउन सकिन्छ । त्यसैगरी आन्तरिक पर्यटन प्रवर्धनमा समेत यसले महत्त्वपूर्ण भूमिका खेल्न सक्तछ । कालञ्जरक्षेत्रको पर्यटन प्रवर्धनको अर्को पाटो प्राकृतिक सम्पदाको पर्यवलोकन हो । यसलाई पहाडी वन्य आरक्षणका रूपमा विकास

गर्न सकिन्छ । यहाँ हिमचितुवा, कस्तूरी, कृष्णसार, नाहूर, बाघ, भालु, झारलजस्ता जङ्गली जनावरका साथै डाँफे, मुनाल, कालिज, च्याखुरा, गिद्ध, लुईचे, हुकेचरा, दुम्सी, लाटोकोसेरो आदि पशुपन्छी भेटिन्छन् ।

यसका अतिरिक्त नाम नजानिएका र पहिचान गर्न नसकिएका समूहमै उड्न चाहने स-साना छिर्के मिर्के चराचुरुङ्गीको लोभ लाग्दो समूह देख्न पाइन्छ । त्यसै गरी यस ठाउँलाई वनौषधिको खानी नै भने हुन्छ । **नास्ति मूलमनौषधम्** (सुभाषित) भनेझैं यहाँका हरेक वृक्ष वनस्पतिहरू औषधीय गुणले युक्त छन् । बोझो, सतुवा, चिराइतो, अमिली, ब्राह्मी (भोलटाप्रे) खएर, पाषाणभेद, जेठीमधु, पदमचाल्नु, निरामसी, जटामसी, टिम्मुर, सिल्टिमुरजस्ता औषधीजन्य वृक्ष, लता र फरक-फरक किसिमका गुँहेली, ऐसेलु, चुत्रो, जन्मुन्द्रो, सिमल्टो, गोफ्लो, आदि वनस्पति भेटिन्छन् (रेग्मी र पन्त, २०७४, पृ. ३४) । उल्लिखित वनस्पतिहरूका अतिरिक्त यहाँ नाना प्रजातिका फलफूल अनि अल्लो, लोकता, अर्गेलीजस्ता नेपाली कागज र घरेलु कपडा उत्पादन गर्न सकिने बहूपयोगी वृक्षलहरा एवम् काष्ठ उद्योग र विभिन्न काष्ठकलाका लागि प्रयोगमा ल्याउन सकिने ओखर, सिर्मु, सल्लो, गोव्रे, गुराँस लगायतका वृक्षहरू पाइन्छन् । विगतमा देखिने गरेका बाँस र निगालाबाट बनेका कोर्का, धुन्से भकारी, मान्द्रोजस्ता वस्तुहरू ठेकी, चौठी, मुदुस जस्ता काष्ठकलाका सामान क्रमशः लोप हुँदै गएका छन् । यिनको समुचित संरक्षणको आवश्यकता छ। यिनीहरूलाई उचित तरिकाले परिचालन गरी पर्यटन र लघु उद्योगसँग जोड्न सके यस क्षेत्रको समग्र समृद्धिमा टेवा पुग्ने देखिन्छ।

१३.विकासका सम्भावना

समय बित्दै गयो । देशमा धेरै किसिमका राजनीतिक परिवर्तनहरू भए। मान्छे देश विदेश जाँदै गरे आउँदै गरे । तर दुर्गम गाउँ बस्तीहरू र त्यहाँका पाटी, पौवा मठमन्दिरहरूको संरक्षण संवर्धन हुन सकेन हिजो पुर्खाहरूले धानेका सम्पदा संस्कृति र संस्कार अनि उनीहरूले गरेका उत्सर्ग समर्पण र निर्माण गरेका धरोहरहरू वर्तमानमा दीनहीन बन्न पुगेका छन् । यिनीहरूको संरक्षण संवर्धनको कर्तव्य पूरा गर्नुपर्ने आजको आवश्यकता हो । यहाँ यस

क्षेत्रको विकासका लागि अपनाउन सकिने केही सझाव प्रस्तुत गरिन्छ ।

- कालञ्जर क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने,
- हम्पालको लेकलाई पहाडी वन्य निकुञ्जका रूपमा संरक्षण हुनुपर्ने,
- मल्लाज मिलनचोक वा म्याग्दीको गलेश्वर धामदेखि कालञ्जरतीर्थमा पुग्न विद्युतीय रज्जुमार्ग निर्माण गर्नुपर्ने,
- म्याग्दीको गलेश्वरधामदेखि मल्लाजकोत भगवती, मल्लाज दरबार हुँदै हम्पालसम्म र हम्पालदेखि धाइरिङ् भूमे स्थान हुँदै गलेश्वरसम्मको चक्रीय पदमार्ग बनाउनुपर्ने,
- उत्तरपट्टि रहेका धवलागिरि, नीलगिरि, माछापुच्छे, अन्नपूर्ण हिमश्रृङ्खला अनि दक्षिणतर्फ पर्वत, म्याग्दी बागलुङका मनोरम दृश्यावली देखिने ठाउँहरू, फलामे डाँडा र हम्पालको धुरीमा भ्यु टावर बनाउनुपर्ने,
- जलजलाको लोप्रेमा अन्तराष्ट्रिय गुराँस पार्क निर्माण गर्नुपर्ने,
- बाँसखर्क, लेकफाँट, शालिजा र धाइरिङ्मा उत्पादन, हुने सुन्तला, आलु, किबी, ग्राउण्ड एप्पल जस्ता नगदे बालीको बजारीकरण गर्नुपर्ने,
- अल्लो, लोकता र अर्गेलीजस्ता बहूपयोगी वस्तुहरूको प्रवर्धन गरी घरेलु उद्योग खोल्नुपर्ने,
- हम्पालको लेकमा पाइने जडिबुटीहरूको प्रशोधन केन्द्र सञ्चालन गर्नुपर्ने,
- यस क्षेत्रका प्राचीन मठ मन्दिर, गुफा, तालहरूको संरक्षण हुनुपर्ने ।

१४. निष्कर्ष

कालञ्जर क्षेत्र सदियौं देखिको गरिमापूर्ण इतिहास बोकेको पौराणिक र धार्मिक महत्त्वको पवित्र भूमि हो । यो भूमि पर्वतराज हिमालयकी पुत्री पार्वतीको जन्म तथा हिमालय (हिमपाल) नामक उत्तुङ्ग पर्वतसँग सम्बद्ध रहेर सार्थक नाम बनेको पर्वत जिल्लाको उत्तरी भेगमा अवस्थित छ । कालञ्जर पर्वत मुक्तिनाथ देखि त्रिवेणीसम्म, कालीगण्डकीदेखि त्रिशूली नदीसम्मको भूभागमा फैलिएको गण्डकी प्रसवण क्षेत्रको शालग्राम, त्रिकूट, हेमकूट, नीलकण्ठ, व्योमकूट जस्ता पुराणप्रसिद्ध पर्वतहरूमध्येको पर्वत हो भने देवनदी कालीगण्डकीका पावन तटमा अवस्थित प्रसिद्ध तीर्थस्थलमध्येको एउटा महत्त्वपूर्ण तपस्थली हो । पौरस्त्य आर्षग्रन्थहरूका सङ्केतअनुसार कालञ्जरको क्षेत्र विशाल भए पनि

हम्पालको धुरी यसको केन्द्र हो । यस क्षेत्रलाई प्रायः पुराणहरूले पितृमुक्तिका प्रसङ्गसँग जोडेको हुँदा यो भूमि काशी, गया, गोकर्ण, कागबेनीजस्तै पितृउद्धार को पवित्र तीर्थ र अध्यात्म साधनाको सिद्धभूमि हो भन्ने बुझिन्छ । यसलाई कतै **मृगतीर्थ** कतै **कालञ्जर**, कतै **मृगकालञ्जर** भनिएको छ । यो क्षेत्र अनादि कालदेखि नै सिद्ध, महात्मा, सन्तहरूको तपस्थली र आश्रयस्थल थियो भन्ने कुरा पनि ऐतिहासिक सन्दर्भहरूले प्रमाणित गर्दछन् । कतिपय लेखकहरूमा कालञ्जर क्षेत्र अन्यत्र हो भन्ने भ्रम देखिन्छ तर वास्तविक कालञ्जर यही हो भन्ने कुरामा कुनै संशय छैन । कालञ्जर र पुलहाश्रमको सम्बन्ध, चक्रतीर्थ गलेश्वरधाम र चक्रनदी कृष्णगण्डकीको सामीप्य, माधवी (मोदी) नदी र हम्पाल पर्वतको सन्दर्भ, राजर्षि भरतको मृगजन्म र उनको पुलहाश्रममा प्रस्थान यी सबै प्रमाणका आधारमा पनि उपर्युक्त तथ्यलाई पुष्टि गर्दछन् । पक्कै पनि पूर्वजहरूले यिनै आधारहरूलाई मानेर यस ठाउँलाई कालञ्जर भनेका थिए । त्यस किसिमका अभिलक्षणहरू अहिले पनि भेटिन्छन् । यो समस्त आर्यहरूको पुण्यतम क्षेत्र हो । यहाँका पुरातात्त्विक, प्राकृतिक, धार्मिक, पौराणिक, भौगोलिक वैशिष्ट्यले पनि यही सङ्केत गर्दछन् । नजिकै रहेका तीर्थस्थल र प्राकृतिक सम्पदाहरूको पहिचान गर्न नसक्नु हाम्रो आफ्नै कमजोरी हो । अतः नजिकको तीर्थको महत्त्व नबुझेर टाढा-टाढा भौंतारिनु भन्दा वास्तविकतालाई उद्घाटन गरी यसको समयोचित विकास सँगसँगै देश विदेशसम्म प्रचारप्रसार गर्नु आजको आवश्यकता हो ।

✡✡✡✡

पौलस्त्य पुलहाश्रम म्याग्दी

कालीगण्डकी र कालञ्जर क्षेत्रका केही भागहरू



भाग-२

गलेश्वरधाम

गलेश्वर दिव्यधाम

उच्चा कालञ्जर शिखरको काखमा फैलिएको ।
शैलश्रेणी, विपिन हरिया फाँटले घेरिएको ॥
यै हो आध्यात्मिक भुवनको उत्तराखण्ड एक ।
बुझ्दै जाँदा अविदित कुरा छन् यहीँ रे अनेक ॥

यै माटोमा गिरिवरसुता–को गला हो झरेको ।
वैरागी भैकन शिव स्वयं हो यहीँ नै घुमेको ॥
खोज्दै आए रहुगण स्वयं ज्ञानआभा उज्यालो ।
त्यागेका हुन् जडभरतका सँगले मोहजालो ॥

राजा निष्कल्मष भरतले खोजी निर्वाणमार्ग ।
छाडी आए विभव जगको चित्त पारेर आर्द्र ॥
ज्ञानी राजा जडमय भई हो यहीँ नै घुमेको ।
यौटा सानो हरिणशिशुको मोहमा जेलिएको ॥

सुन्दा वेदध्वनि हृदयमा बग्दछिन् ज्ञानगङ्गा ।
डुब्दा काली विमल जलमा देह नै हुन्छ चङ्गा ॥
पुण्यात्माका प्रिय वचनले मिल्छ उत्साह ऊर्जा ।
छुट्छन् सारा कलुष मनका तामसी मोह – पर्दा ॥

छाडी पैलो भुवनभरको श्रेष्ठ यो मुक्तिधाम ।
मान्छे ! तीर्थस्थल किन कहाँ खोज्दछौं रे तमाम ॥
मेरो भित्री हृदय अहिले भन्छ यै चारधाम ।
योभैं अर्को परमगतिको छैन ठाउँ धरामा ॥

मानौ सर्वोपरि भुवनको शान्तिको मार्ग खोजी ।
कैल्यै कैल्यै पनि नसकिने सार सौन्दर्य रोजी ॥
घुम्छन् रम्छन् विविधपनमा देव तेत्तीस कोटी ।
ए ! मान्छे हो पुग न पुग हे ! हेर हे एक चोटी ॥

लेखकको अन्तरङ्गका तरङ्गहरू (२०६४) बाट

✡✡✡✡

गलेश्वर धाम

१. परिचय

पौरस्त्य आर्ष ग्रन्थहरूमा पूर्वी समुद्रदेखि पश्चिम समुद्रसम्म, हिमालयदेखि विन्ध्याचल पर्वतसम्म फैलिएको विस्तृत भूमिलाई आर्यावर्त भनिएको छ । आर्यावर्तको एउटा भूभागलाई हिमत्वखण्डले समेटेको छ । यही हिमवत्खण्डलाई शास्त्रहरूले देवभूमि, पुण्यभूमि, सिद्धभूमि, तपोभूमिका रूपमा उल्लेख गरेका छन् । यो भूमि मुक्तिका अधिष्ठाता भगवान् मुक्तिनाथ, कैलाशपति भगवान् शिव अनि शान्तिका अग्रदूत भगवान् बुद्धको प्रिय भूमि हो भने समस्त मानव जातिको साझापन र समन्वयको दिव्य भूमि पनि हो । एकातिर यही भूमिबाट सप्तगण्डकीका सात धाराहरू निस्किएर समस्त भारतवर्षलाई आप्लावित गरेका छन् भने अर्कोतिर उत्तुङ्ग हिमाल, सुरम्य पर्वत श्रृङ्खला, गहिरा गल्छी र हृदयहारी ताल तलैयाहरूले हरेक व्यक्तिलाई लोभ्याइरहेका छन् । यहाँको रहस्यमय भौगोलिक अवस्थिति, लोभलाग्दो प्राकृतिक छटा, विस्मयकारी जैविक विविधता, अनुकरणीय सामाजिक धार्मिक र सांस्कृतिक सहिष्णुताका आफ्नै मौलिक विशेषता छन् । यो भूमि पर्यटनप्रिय मनुष्यहरूका लागि पर्यटनको प्रमुख गन्तव्यको केन्द्र हो, अध्येता अनुसन्धाताहरूका लागि अध्ययन अनुसन्धानको रहस्यमय पाठशाला हो, तत्त्ववेत्ता साधकहरूका लागि आध्यात्मिक शक्ति, जीवनविश्रान्ति अनि मोक्षको धाम पनि हो । यिनै विविध वैशिष्ट्यले भरिएको मुक्तिक्षेत्रको अभिन्न अङ्ग हो गलेश्वर क्षेत्र ।

मुक्तिक्षेत्रको प्रवेशद्वारका रूपमा रहेको यस क्षेत्रलाई शास्त्रहरूमा आदिप्रयाग, पुलहाश्रम, त्रिवेणीधाम, भरतक्षेत्र, शालग्राम चक्रतीर्थ भनिएको छ भने लोकमा गलेश्वर धाम भन्ने गरिएको छ। यो धाम मुक्तिक्षेत्र कालञ्जर पर्वत अन्तर्गतको अर्को आश्चर्यकारी भूमि हो । यस धामसँग सांख्याचार्य महायोगी कपिल, जैनधर्मका आदिनाथ ऋषभदेव, ब्रह्माजीका मानस पुत्र पुलस्त्य, पुलह अनि ज्ञानयोगी जडभरत र राजा रहुगणका पावन उपाख्यानहरू जोडिएका छन् । यहाँ यही पुण्यभूमिको सङ्क्षिप्त इतिवृत्त प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

२. भौगोलिक अवस्थिति

गलेश्वर धाम गण्डकी प्रदेश धवलागिरि अञ्चलको म्याग्दी जिल्लामा पर्दछ । नेपालको कूल क्षेत्रफलमा म्याग्दी जिल्लाले २२९७ वर्ग कि.मि. ओगटेको छ। पूर्वमा कास्की र पर्वत, दक्षिणमा बागलुङ, पश्चिममा बागलुङका केही स्थलहरू र रुकुम रोल्पा अनि उत्तरमा मुस्ताङ जिल्ला यसका छिमेकी सिमाना हुन् । यहाँ वि.सं. १२४६ तिर कालु थापाले ताकम राज्य स्थापना गरी राज्यशासन सञ्चालन गरेका थिए । उनकै शाखा सन्तानहरूले ३०० वर्षसम्म शासन गरेको यस ठाउँमा वि.सं. १४४५ पछि कर्णाली प्रदेशका मल्ल राजा आनन्द वमका नाति डिम्ब मल्लले थापाहरूलाई हटाई ढोलठानमा राज्य केन्द्र बनाएर शासन चलाएको इतिहास भेटिन्छ । हालको बेनी बजार त्यति बेलाको ग्रीष्मकालीन सदरमुकाम थियो । यो राज्य बहादुर शाहका पालामा एकीकृत नेपालमा विलय भएको उल्लेख छ (भट्टराई २०७४/०७५ पृ ३९६)।

जिल्लाको सदरमुकाम बेनी बजारदेखि २ कि.मि. उत्तरमा पर्ने गलेश्वरधाम नेपालकै प्रसिद्ध तीर्थस्थल हो । साबिकको घतान गा.वि.स मा रहेको यो धाम संघीय संरचनाअनुसार बेनी नगरपालिकाको वडा नं. ९ मा समेटिएको छ। अक्षांश २८°२२°३०°उत्तरमा र ८३°३४ पूर्वी देशान्तरमा अवस्थित बेनी नगरपालिका समुद्री सतहबाट ८९९ मि.- २३०० मिटरसम्मको उचाइमा फैलिएको छ (नगरपालिकाको कार्यालय वस्तु वि. पृ. २) । पूर्वमा पर्वत जिल्लाको जलजला गा.पा., उत्तरमा म्याग्दीको रघुगङ्गा अनि पश्चिममा मङ्गला गा.पा र दक्षिणमा बागलुङ न.पा. पर्दछन् । पूर्व र पश्चिमतर्फ अग्ला अग्ला पहाड उत्तरबाट दक्षिण बग्दै गरेकी कालीगण्डकी र पश्चिमबाट दक्षिणतर्फ प्रवाहित मङ्गला नदीका बीचमा पर्ने यो ठाउँ खोंचमा भए पनि रमणीय छ । पोखराबाट ८१ कि.मि. को दूरीमा रहेको यस ठाउँबाट मुक्तिनाथ ९९ कि.मि. को दूरीमा पर्दछ । प्राचीन कालदेखि नै भोट र मधेशको व्यापारिक नाकाका रूपमा रहेको यो ठाउँ हालमा पनि व्यापारिक केन्द्रकै रूपमा विकसित छ । त्यसभन्दा पनि बढी धार्मिक पर्यटन र पौराणिक दृष्टिले यसको महत्त्व देश विदेशसम्म फैलिरहेको छ ।

३. पौराणिक सन्दर्भ

पौराणिक वाङ्मयले शालग्रामवाहिनी कालीगण्डकी र देवगङ्गा भागीरथीसङ्गमपर्यन्तको भूमिलाई शालग्राम क्षेत्रका रूपमा व्याख्या गरेको छ । गण्डकी र गङ्गाका बीचको यो विशाल भूभागभित्र आ-आफ्नो पृथक् पहिचान र मौलिक महत्त्व बोकेका मुक्तिक्षेत्र, रुरुक्षेत्र, देवघाट, त्रिवेणीजस्ता तीर्थस्थलहरू विद्यमान छन् । तिनीहरूको शीर्षस्थान मुक्तिक्षेत्र हो । यसै मुक्तिक्षेत्रको प्रवेशद्वारमा पर्ने गलेश्वर चक्रतीर्थ प्रसिद्ध पुण्यस्थली हो । श्रीमद्भागवतमहापुराण, स्कन्दपुराण, पद्मपुराण, वाराहपुराणहरूमा यस क्षेत्रलाई पुलहाश्रमका रूपमा चिनाइएको छ । पुराणहरूमा गलेश्वर शब्दको स्पष्ट उल्लेख नभए पनि भौगोलिक अवस्थिति, पौराणिक उपाख्यान र सनातन लोक व्यवहारले पुलहाश्रम र गलेश्वर धाम एक अर्कासँग सम्पृक्त छन् भन्ने प्रमाणित गर्दछन् । वाराहपुराणका अनुसार भगवान् विष्णु गण्डकीका पुत्रका रूपमा रहनुभएको र भगवान्कै सान्निध्यले गर्दा गण्डकीमा ब्रह्मादि देवता, ऋषि, महर्षि, वेद, यज्ञ र सारा तीर्थहरूको नित्य निवास छ । यही भएकोले कालीगण्डकीलाई पवित्र महानदी भनिएको पाइन्छ । यिनै महानदीलाई केन्द्र बनाएर यसक्षेत्रमा आदिम कालदेखि अर्वाचीन कालसम्म सिद्धर्षि, राजर्षि, देवर्षिहरूले तपस्या गरेका रहस्यहरू भेटिन्छन् । यहाँ गलेश्वर र पुलहाश्रमका सम्बन्धमा पौराणिक वाङ्मयले सङ्केत गरेका प्रसङ्गहरूको उपस्थापन गरिन्छ -

३.१ वाराहपुराण

वाराहपुराणका अनुसार मानस नाम गरेको आदि कल्पमा ब्रह्माजीका मानस पुत्र पुलस्त्य र पुलहले देवनदी देविका र गण्डकीका सङ्गममा तपस्या गरेर सृष्टि गर्ने सामर्थ्य प्राप्त गरेका थिए भन्ने उल्लेख छ -

यत्र सा परमा पुण्या गण्डकी भुक्तिमुक्तिदा ।
अपरा देविका नाम्ना गण्डक्या सह सङ्गता ।।
पुलस्त्यपुलहौ पूर्वं तेपाते परमं तपः ।
यत्र सृष्टिविधानार्थं कृत्वाश्रमपदं पृथक् ।
सृष्टेर्विधानसामर्थ्यं यत्र लब्धं ततःपरम् ।।

(वाराहपुराण १४४/११२-१४)

यहाँ गण्डकी भनेर चक्रनदी कालीगण्डकीलाई र देविका भनेर रहुगङ्गा र कालीगण्डकी सङ्गममा रहेको गुप्त गङ्गालाई सङ्केत गरिएकोहो ।

यदा च भरतो राजा पुलस्त्यस्याश्रमान्तिके ।
स्थित्वा पर्यचरद् विष्णुं त्रिजलेशमपूजयत् ।।
ततः प्रभृति तस्यासीत् भरतेन इति स्फुटम् ।
पुनश्च मृगदेहान्ते जडः स भरतोऽभवत् ।।
तेनैव पूजितो ह्यस्माद् त्रिजलेश इति स्मृतः ।।
यस्य सम्पूजनाद् भक्त्या योगसिद्धिः प्रजायते ।।

(वाराहपुराण१४४/१३७-३९)

माथि बताइएकै प्रसङ्गलाई हिमवत्खण्डले पनि वर्णन गरेको पाइन्छ । पुलत्स्य पुलहको तपस्थलीकै नामबाट म्याग्दीमा प्रसिद्ध हुन आएको पुला भन्ने क्षेत्रको नाम सार्थक देखिन्छ । गण्डकीमाहात्म्यले पनि यही प्रसङ्गलाई प्रमाणित गरेको देखिन्छ । (गण्डकीमाहात्म्य १/२७-२८, ८/१९-२१)

३.२ विष्णुपुराण

स्वायम्भुव मनुका पवित्र वंशमा उत्पन्न प्रतापशाली पुरुष प्रियव्रतका दश पुत्रमध्येका जेठा आग्निन्ध्र (जो जम्बूद्वीपका अधिपति थिए) उनले आफ्नो राजपाट छोराहरूलाई सुम्पिएर शालग्राम क्षेत्रको पुलहाश्रममा तपस्या गरेको कुरा वर्णित छ -

वर्षेष्वेतेषु तान् पुत्रान्नभिसिच्य स भूभिपः ।
शालग्रामं महापुण्यं मैत्रेय तपसे ययौ ।।(विष्णुपुराण २/१/२३-२४)

यिनै आग्निन्ध्रका पुत्र नाभिबाट उत्पन्न भगवान्का अवताररूप ऋषभदेवले पनि जीवनको उत्तरार्धमा यही पुण्यस्थलीमा आई तपःसाधना गरेका थिए-

अभिसिच्य सुतं वीरं भरतं पृथिवीपतिः ।
तपसे स महाभागः पुलहस्याश्रमं ययौ ।। (पूर्ववत् २/१/२९)

३.३ श्रीमद्भागवतमहापुराण

आफ्ना पिता, पितामहादिले अवलम्बन गरेको जीवनादर्शलाई अनुसरण गरी महायोगी राजर्षि भरत पनि भगवत् आराधनाका निमित्त यही पुलहाश्रम गलेश्वरमा पुगेको वर्णन पाइन्छ -

एवम् वर्षायुतसहस्रपर्यन्तावसितकर्मनिर्माणावसरोऽधिभुज्यमानं स्वतनयेभ्यो रिक्थं पितृपैतामहं यथादायं विभज्य स्वयं सकलसम्पन्निकेतात् स्वनिकेतात् पुलहाश्रमं प्रवव्राज । (श्रीमद्भागवतमहापुराण ५/७/८)

पुराणहरूमा राजर्षि भरतले यही शालग्राम क्षेत्रका पुलहाश्रम, कालीगण्डकी र कालञ्जरमा तीन जन्म बिताएर मुक्त भएको रोचक प्रसङ्गको चर्चा पाइन्छ । राजर्षि भरतको तीन जन्मसँग सम्बद्ध चरित्रलाई श्रीमद्भागवतमहापुराण (५/७-१५ अ.) विष्णुपुराण (द्वि.अं, अ-१३-१५) हिमत्वखण्ड (९/६७-६९) हरूले आ-आफ्नै शैलीले प्रस्तुत गरेका छन् ।

मृतस्तत्रैव क्षेत्रस्य प्रभावाद् ब्राह्मणोऽभवत् ।
सर्वज्ञ सर्वदोषज्ञो जडवत्भावमाचरत् ।
तदापि सोऽवसत् तत्र त्रिवेण्यां पुलहाश्रमे ।
नित्यं समर्चयद् देवं त्रिजलेशं महामतिः (हिमवत्खण्ड ९/६७-६९)

गण्डकीमाहात्म्यले पनि यही प्रसङ्गलाई उद्घाटन गरेको छ (गण्डकी माहात्म्य ९/६०-७०) ।

श्रीमद्भागवतमहापुराणमै धर्मराज युधिष्ठिरलाई देवर्षि नारदले मानव धर्म र गृहस्थाश्रमीका कर्म कर्तव्यहरू बताउने क्रममा मानवकल्याणका लागि शुभ कर्म गर्दै गङ्गादि नदी र पुण्य देशको आश्रय तथा तीर्थहरूको सेवन गर्नुपर्ने उपदेश दिएका छन् । त्यस क्रममा कुरुक्षेत्र, गया, प्रयाग, वाराणसी, मधुपुरी, पम्पासर, बिन्दुसरोवर, नैमिषारण्य, प्रभास, कुशस्थली आदि तीर्थस्थलहरूको महत्त्वजस्तै पुलहाश्रमको महत्तालाई वर्णन गर्दै यसलाई पुण्यधामका रूपमा चिनाइएको छ -

यत्र यत्र हरेरर्चा स देशः श्रेयसां पदम् ।
यत्र गङ्गादयो नद्यः पुराणेषु च विश्रुताः ।।
सरांसि पुष्करादीनि क्षेत्राण्यर्हाश्रितान्युत ।
कुरुक्षेत्रं गयशिरः प्रयागः पुलहाश्रमः ।
एते पुण्यतमा देशा हरेरर्चाश्रिताश्च ये ।
एतान् देशान् निषेवेत श्रेयस्कामो ह्यभीक्ष्णशः ।।

(श्रीमद्भागवतमहापुराण ७/१४/२९,३०,३३)

कौरवपाण्डहरूको युद्धबाट उदासीन भई गङ्गा यमुनादि तीर्थहरूको भ्रमण गर्दै नैमिषारण्य पुगेका बलरामद्वारा सूतजीको हत्या भएपछि त्यस हत्याको दोष मेटाउन शौनकादि ऋषिहरूले बलरामलाई प्रायश्चित्तसहित तीर्थाटन गर्न लगाएका थिए । बलराम ऋषिआज्ञानुसार ब्रह्मद्रोही बलबल दानवको वध गरी पापमोचनका लागि कौशिकी, सरयू, गङ्गा, गोदावरी, रेवा, आदि नदीहरूमा स्नान तर्पण र देवपूजन गर्दै पवित्र पुलहाश्रममा आएको वर्णन छ । यस वर्णनले पनि पुलहाश्रमको पौराणिक महत्त्वलाई प्रकट गर्दछ -

अथ तैरभ्यनुज्ञातः कौशिकीमेत्य ब्राह्मणैः ।
स्नात्वा सरोवरमगाद् यतः सरयुरास्रवत् ।।
अनुस्रोतेन सरयूं प्रयागमुपगम्य सः ।
स्नात्वा सन्तर्प्य देवादीन् जगाम पुलहाश्रमम् ।। (पूर्ववत् १०/७९/९-१०)

३.४ श्रीमद्देवीभागवत

श्रीमद्देवीभागवतमा सांख्यशास्त्रका प्रवर्तक कपिलमुनिले आमा देवहूतिलाई सांख्यदर्शनको उपदेश दिएर यही पुलहाश्रम क्षेत्रमा आई बाँकी समय यापन गरेको प्रसङ्ग उपस्थापन गरिएको छ -

कपिलोऽपि महायोगी भगवान् स्वाश्रमे स्थितः।
देवहूत्यै परं ज्ञानं सर्वाविद्यानिवतर्कम् ।।
सविशेषं ध्यानयोग्यमध्यात्मज्ञाननिश्चयम् ।
कापिलं शास्त्रमाख्यातं सर्वाज्ञानविनाशनम् ।।
उपदिश्य महायोगी स ययौ पुलहाश्रमम् ।
अद्यापि वर्तते देवः सांख्याचार्यो महाशयः ।।
(श्रीमद्देवीभागवत ८/३/१७-१९) ।

३.५ मुक्तिक्षेत्रमाहात्म्य

गलेश्वरधाम हरि र हर दुवैको प्रियस्थल हो । यहीं जलेश्वररूप शिवले भगवान् विष्णुको, भगवान् विष्णुले जलेश्वर शिवको आराधना गरेको रहस्य खुल्दछ । यहीं नै भगवान् विष्णुको आयुध सुदर्शनचक्रको प्रथम प्राकट्य भएको थियो भन्ने पौराणिक सन्दर्भ भेटिन्छ –

शालग्रामे परे क्षेत्रे यदाहं सुभगे स्थितः ।
तत्र ज्ञात्वा जलेशेन स्तुतोऽहं वसुधे ! महि ।।
ततो भक्तकृपावेशात् क्षिप्तवाँस्तत्सुदर्शनम् ।
प्रथमं पतितं यत्र तत्र तीर्थं ततोऽभवत् ।।
भक्तसंरक्षणार्थाय मयाज्ञप्तं सुदर्शनम् ।
यत्र यत्र भ्रमति तत्तत्र तत्राङ्किताः शिलाः ।।
एवं तद् वै भ्रमाक्षिप्तं सर्वं चक्रमयन्त्वभूत् ।

(मुक्तिक्षेत्रमाहात्म्य पृ. ६९-७०)

३.६ गण्डकीमाहात्म्य

आदिकालमा गजग्राहको उद्धारका निम्ति भगवान् विष्णुले छाडेको चक्र घोटिनाले शिलाहरू चक्राङ्कित भएका र ती चक्राङ्कित शिलामध्ये गलेश्वर परिसरको शिला पनि एक हो भन्ने सङ्केत गरिएको छ -

चक्रसंघटनात् तत्र चासन् चक्राङ्किताः शिलाः ।
पतितं प्रथमं यत्र तत्र खातमभूद्धरे ।
तदेवं चक्रतीर्थन्तु तीर्थानामुत्तमोत्तमम् । (गण्डकीमाहात्म्य ९/५४-५५)

३.७ शिवमहिम्नःस्तोत्र

भगवान् विष्णुले शिवप्रसन्नताका लागि नित्य एक हजार कमलपुष्प अर्पण गर्नुहुन्थ्यो । कुनै दिन एउटा कमल फूलको कमी हुँदा उहाँले आफ्नो नेत्रकमल नै अर्पण गर्नुभयो । भगवान् विष्णुले गरेको यस किसिमको अतिशय भक्तिका कारण श्री विष्णुलाई शिवबाट सुदर्शनचक्र प्राप्ति भएको वर्णन आउँछ र त्यो ठाउँ यही चक्रतीर्थ थियो भन्ने कुरा निम्न श्लोकले सङ्केत गर्दछ -

हरिस्ते साहस्रं कमलबलिमाधाय पदयो-
र्यदोकोने तस्मिन् निजमुदहरन्नेत्रकमलम् ।
गतो भक्त्युद्रेकः परिणतमसौ चक्रवपुषा
त्रयाणां रक्षायै त्रिपुरहर जागर्ति जगताम् ।। (शिवमहिम्नःस्तोत्र १९)

यो सुदर्शन चक्र जहाँ जहाँ पुग्थ्यो त्यहाँ भगवान् चक्रमय शिलाका रूपमा रहनुभएको रहस्य मिल्दछ । आज पनि यहाँको विशाल शिलामा सयौं चक्रशिला

भेटिन्छन् भने भक्तवत्सल भगवान् चक्रहरि राधाकृष्णको मन्दिर पनि निर्मित छ ।

३.८. मेघदूत खण्डकाव्य

महाकवि कालिदासले मेघदूत खण्डकाव्यमा पनि हिमालयका काखमा अवस्थित विशाल शिलामा शिवका चरणचिह्नको दर्शन मिल्दछ र त्यस शिलाको प्रदक्षिणामात्रले शिवगणमा प्राप्त भइन्छ भन्ने वर्णन गरेका छन् । उनको वर्णनले पनि यही गलेश्वर चक्रशिलाको सङ्केत गर्दछ -

तत्र व्यक्तं दृषदि चरणन्यासमर्धेन्दुमौलेः
शश्वत्सिद्धैरुपचितबलिं भक्तिनम्रः परीयाः ।
यस्मिन् दृष्टे करणविगमादूर्ध्वमुद्धूतपापाः
कल्पिष्यन्ते स्थिरगणपदप्राप्तये श्रद्धधानाः।। (मेघदूत पूवार्ध ५९)

३.९ देवभूमि भारत एवम् आध्यात्मिक नेपाल

इतिहासविद् योगी नरहरिनाथले (रहुगङ्गा) धौलीगङ्गा र कालीगङ्गाको पवित्र सङ्गम भएको गलेश्वरधाम प्रसिद्ध सिद्ध तपस्थली भएको उल्लेख गरेका छन् । यसलाई रहुगण तीर्थ पनि भनिन्छ । यहाँ सुर, असुर, नरनारी सिद्ध ऋषिमुनिहरूका आराध्य भगवान् गलेश्वर महादेव विराजमान हुनुहुन्छ । यही गलेश्वर धामको सन्निधिमा पुलस्त्य पुलह ऋषिले तपस्या गरेका थिए । यही नै पुलस्त्यका पुत्र विश्रवाबाट रावण, कुम्भकर्ण, विभीषण र कुबेर जन्मिएका थिए । यसै ठाउँमा पछिल्लो समयमा योगीन्द्र ईश्वरानन्दले पनि योगसाधनाद्वारा आफूलाई प्रसिद्ध तुल्याएका थिए । यस हिसाबले यो क्षेत्र पौराणिक महत्त्वको सिद्धभूमि रहेको बुझिन्छ -

गलेशे धवला-काली-सङ्गमे मङ्गलालये
स राजर्षी रहुगणस्तपस्तेपे प्रजाप्रियः ।।
रहुगणस्य तीर्थेऽस्मिन् गलेश्वर-महेश्वरः ।
सुराऽसुरनरैःसेव्यः सिद्धर्षिगणसेवितः ।।
चतुर्विंशति वर्षाणि गलेश्वरगुहागतः ।
ईश्वरानन्दयोगीन्द्रो योगसाधनमाचरत् ।।
तस्माद् गलेश्वराभिख्या लोके ख्यातिमुपागता ।
नानादेवगणा भान्ति तीर्थे रहुगणेर्चिताः ।।

अत्रैव कालिका कूले पश्चिमेऽस्ति गुहा गिरौ ।
तेपतुः सुचिरं यत्र पुलस्त्यपुलहावृषी ।।
रावणः कुम्भकर्णश्च विभीषणकुबेरकौ ।
यत्र विश्रवसो जाताः सुताः कठिनकोमलाः ।।
पुलहाश्रम इत्येष पुलाऽद्य गद्यते जनैः ।
अगस्त्यपुलहादीनां कथात्र प्रथिता भुवि ।।
राखु-राज्ञीप्रपा ग्रामो मुक्तिनाथस्य गौष्ठिक : ।
अल्पोर्ध्वं कृष्णगण्डक्या बन्धोऽरमुडिना कृतः ।।(योगी, २०३८: पृ. ५७)

उल्लिखित पुराणप्रमाण, ऐतिहासिक सन्दर्भ, भौगोलिक अभिलक्षण एवम् विद्वान् महात्माहरूका अनुसन्धान, अनुभव र ज्ञानका सन्दर्भहरूले समेत गलेश्वर धामको पौराणिक महत्त्वलाई पुष्टि गर्दछन् ।

४. नामकरण

गलेश्वरधामको नामकरणका सम्बन्धमा अनेक तर्क विश्वास र किंवदन्तीहरू पाइन्छन् । गलेश्वर नामको आधार भनेकै स्कन्दपुराणमा उल्लिखित सतीदेवीसँग सम्बन्धित उपाख्यान हो । जसअनुसार आफ्ना पिता दक्षप्रजापतिले गरेको ब्रह्मसत्र (एक किसिमको विशाल महायज्ञ)मा पुगेकी सतीदेवीले आफ्नो बेवास्ता र पति शिवको निन्दाबाट दुःखित भई योगाग्नि उत्पत्ति गरी जीवन बिसर्जन गरेकी थिइन् । आफ्नी अर्धाङ्गिनीको वियोगले विक्षिप्त बनेका भगवान् शिव सतीदेवीको नश्वर शरीरलाई काँधमा बोकी पृथ्वी घुम्नु भयो । जहाँ जहाँ शक्तिस्वरूप सतीदेवीका अङ्गहरू पतन हुँदै गए ती सबै ठाउँमा पीठहरू उत्पत्ति भए । तिनै अङ्गहरूका नाममा पीठहरूका नाम रहन गए । जसमध्ये कालीगण्डकीका तीरमा उनको गलापतन भएकोले त्यसैका आधारमा गलेश्वर नाम रहन गएको भन्ने विश्वास गरिन्छ । यही सन्दर्भलाई **नेपाली बृहत् शब्दकोश** (पृ.३१२) **स्वामी ज्ञानानन्द सरस्वती** (गलेश्वर विराट् महायज्ञ स्मारिका पृ.८) इतिहासविद् **दिलबहादुर क्षेत्री** (गलेश्वर शिवालय एवम् पुलहाश्रम क्षेत्र सङ्क्षिप्त परिचय पृ.७) साहित्यकार **प्रेम छोटा** (धवलागिरिका केही सांस्कृतिक पक्षहरू पृ.६१) ले उल्लेख गरेका छन् ।

गालवऋषिसँग सम्बद्ध भएर पनि गलेश्वरको नामकरण

भएको हुन सक्छ । गालव (जसको वर्णन हरिवंशपुराण अ. २७ र देवीभागवत ७/१०/४१-४२ मा पाइन्छ) । गालव ऋषिले परापूर्वकालमा यही ठाउँमा आएर अमृतकुण्ड तयार गरी दैनिक हवनसहितको यज्ञानुष्ठान सम्पन्न गरेका थिए । उनले यही यज्ञका माध्यमबाट आराध्यदेव भगवान् शिवको दर्शन प्राप्त गरेका थिए । अहिले बनेको यज्ञ कुण्डकै नजिक विशाल पत्थरका बीचमा केही गहिरो खाडल देखिनु र यज्ञमर्यादाअनुसार पूर्व आग्नेय कोणमा त्यो कुण्डाकारको खाडल देखिनुले पनि यसलाई पुष्टि गर्दछ । यिनै गालव ऋषिले उपासना गरिएका ईश्वर भएको हुँदा गालवेश्वर नाम रहन आएको र कालान्तरमा अपभ्रंश हुँदै गलेश्वर हुन गएको विश्वास गरिन्छ । वैकुण्ठवासी स्वामी श्रीधराचार्य, ब्रह्मलीन १००८ चेतानन्द सरस्वतीले गालव ऋषिको नामबाट गलेश्वरको नामकरण युक्ति सङ्गत मान्नुहुन्थ्यो, भने १००८ तारानन्द गिरि महाराज (गायत्रीघाट गलेश्वर) ले पनि यस तर्कलाई उपयुक्त बताउनुहुन्छ ।

कुनै समयमा यस क्षेत्रको नाम गर्भेश्वर पनि थियो भन्ने केही अभिमत भेटिन्छन् । ९ रोपनी बराबरको विशाल शिलाको बीचमा अवस्थित ज्योतिर्लिङ्गलाई गर्भेश्वरका रूपमा आराधना उपासना गर्दा भक्तहरूको मनोवाञ्छा पूर्ण हुँदै आएको हुँदा यसलाई गर्भेश्वर भनिएको किंवदन्ती प्रसिद्ध छ।

ज्ञानयोगी राजर्षि भरतले कालीगण्डकीका तटमा अवस्थित पुलस्त्य पुलहाश्रममा भगवान् विष्णु र शिवको उपासना गर्दथे । उनले काली रहुघाट र मङ्गला (म्याग्दी) नदीका पावन जलबाट रुद्राभिषेक गर्दथे । तीन नदीको जलार्पण गरिने ईश्वर भएकोले त्रिजलेश्वर भनियो । उनले यही गण्डकीका तटवर्ती क्षेत्रमा भरत, मृगभरत र जडभरतका रूपमा तीन जन्म बिताएका पनि थिए । तीन जन्मसम्ममा उनलाई भगवान्को दर्शन मिलिरह्यो त्यसैले यसको नाम त्रिजन्मेश्वर पनि हुन सक्ने अनुमान गर्न सकिन्छ । राजर्षि भरतले अन्तिम जन्ममा जडवत् बनेर पनि आफ्ना आराध्य देवलाई प्राप्त गरेको हुँदा जडका पनि ईश्वर भएकाले जडेश्वर भनिएको तर्क गरिन्छ । गलेश्वर क्षेत्रलाई त्रिजलेश र कतै त्रिजलेश्वर पनि भनिएको पाइन्छ । यो क्षेत्र हरिहरात्मक क्षेत्र हो । यो शालग्राम क्षेत्र हरि विष्णु र

हर शिव दुवैको सहचर्यात्मक महत्त्वको भूमि हो । शिवतत्त्व र विष्णुतत्त्व एक अर्कामा अभिन्न पनि हुन् । भगवान् विष्णु जलका अधिष्ठाता हुन् भने शिव जलद्वारा प्रसन्न हुने भगवान् हुन् । पूर्वोक्त तीन नदीका ईश त्रिजलेश विष्णु र त्यही जलधाराद्वारा पूजिने ईश्वर त्रिजलेश्वर अर्थात् शिव हुन् । भरतले जलेश विष्णु र त्रिजलेश्वर शिव दुवै भगवान्को दर्शन प्राप्त गरेका हुन सक्छन् । त्यसैका आधारमा जलेश्वर वा त्रिजलेश्वर पनि भनियो होला । **टीकाराम पन्थी** (केही जनश्रुतिहरू पृ.८६) र **नलराज शास्त्री नेपाल** (भगवती गण्डकीका चार तीर्थराज प्रयाग पृ. ५५-५७) ले पनि यही सन्दर्भलाई विवेचना गरेका छन् ।

गलेश्वरधामलाई त्रिवेणीधाम पनि भन्न सकिने आधारहरू छन् । दृश्य रूपमा यहाँ कालीगण्डकी र रहुगङ्गाको सङ्गम छ भने तिनीहरूको दोभानका बीचमा कहिल्यै नसुक्ने गरी पानी निस्किरहने अर्की पावन गङ्गा छन् जसलाई सरस्वती देविका र गुप्तगङ्गा पनि भनिन्छ । यिनै तीन देवनदीहरूको सङ्गम भएको यो क्षेत्रलाई त्रिवेणी भनिएको हो । सायद यही भएर ईश्वरानन्द बाबाले अध्यात्म साधनाको लागि यस क्षेत्रलाई रोज्नु भए होला । यही त्रिवेणीभन्दा २ कि.मि.दक्षिणतर्फ बेनी बजारमा कालीगण्डकीसँग मङ्गला मिसिन्छिन् । यही नदीलाई म्याग्दी भनिन्छ । धौलागिरि हिमाल मूल स्रोत भएको यसलाई म्याङ थरका मगर राजाको नाम

र दी खोला जोडेर म्याग्दी नामकरण गरिएको हो (भट्टराई, २०७४/०७५:पृ ३९६) । यसरी कालीगण्डकी र म्याग्दीको सङ्गमले यहाँ अर्को वेणी तयार भएको छ । यस वेणीमा पनि केही प्रसिद्ध देवालय र शक्तिपीठहरू विद्यमान छन् । जसमा पर्वतका राजा मलयवमद्वारा १७४३ मा स्थापित शिवालय छ । विभिन्न कलाले भरिएको ढुङ्गाद्वारा निर्मित यो मन्दिर आफैमा आकर्षक छ । वरको विशाल रूख नै गजुरका रूपमा रहेको यस मन्दिरको जीर्णद्धार २०४१ मा गरिएको थियो । बजारको पश्चिमपट्टि पाखामा महारानी स्थान छ । मन्दिर नभएको यो पीठ ज्यामरुककोटे राजा भर्तिवमकी महारानीको स्मृतिमा स्थापित भएको हो भन्ने किंवदन्ती छ । (रेग्मी, २०५६: पृ. ६२) यहाँ दर्शन पूजा गर्दा सकल मनकामना सिद्ध हुने विश्वास गरिन्छ । बेनी बजारकै मध्य भागमा एउटै परिसरभित्र शिव र लक्ष्मीनारायणका मन्दिर रहेका छन् । मन्दिरका चारै सुरमा पाञ्चायनसहित विभिन्न देवीदेवताहरूका प्रतिमाहरू राखिएको हुँदा यहाँ सबै देव देवीहरूप्रतिको समान आस्था झल्किन्छ । वि.सं. १९०७ मा निर्मित यस देवालयले काली र मङ्गलाको दोभानमा रहेको बेनीलाई पुण्यस्थलका रूपमा विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको प्रतीत हुन्छ ।

५. गलेश्वर क्षेत्रका देवस्थलहरू

गलेश्वर क्षेत्र भन्नाले कालीगण्डकीको पश्चिम र रहुगङ्गाको दक्षिण भागमा अवस्थित ९ रोपनीको विशाल चक्र शिला एवम् त्यस परिसरको दायाँबायाँ भागको क्षेत्रलाई जनाउँछ । त्यसो भएपनि लोकले म्याग्दीका गलेश्वर शिवालय, गायत्री घाट र पर्वतको जलजला-२ मा पर्ने राम मन्दिर समेत सम्बोधन गर्ने हुँदा यहाँ तिनीहरूको वस्तुस्थितिको चर्चा गरिन्छ -

५.१ शिवालय क्षेत्र

गलेश्वर चक्रशिलाको वास्तविक ऐतिहासिक तथ्य पत्ता लगाउन कठिन छ । यो चक्रशिला सृष्टिकै उषाकालको हुनुपर्छ अथवा कालीगण्डकीको प्रवाह खिइँदै जाँदा भूगर्भभित्र रहेको यो आश्चर्यलाग्दो चट्टान देखिएको हुनुपर्छ । मानवनिर्मित भौतिक संरचनाहरू फेरिए होलान् तर यसको प्राकृतिक स्वरूप फेरिएको छैन । यो अनादि कालदेखि यस्तै थियो र अनन्तसम्म यही रूपमा रहिरहने छ । यस शिलाका परिसरमा बनेका

संरचनाहरूमा केही विकास र परिवर्तनहरू हुँदै आएका छन् । यहाँको मूल मन्दिर आजभन्दा २०० वर्ष अगाडि बनेको हो भन्ने जनविश्वास छ । यहाँ सर्वप्रथम नाथ भनिने कुनै एक सज्जनले शिवजीको पूजा चलाएका थिए । पछि हरिनारायण गिरिले खरले छाएर मन्दिरको आकार दिएका थिए । त्यसपछि राखु पिप्लेका हस्तबहादुर मल्लले आफ्नो बेपत्ता भएको छोरा भेटिएमा मन्दिर बनाउने भाकल गरेका र छोरा भेटिएको हर्षले भाकल पूरा गर्न ढुङ्गाको छानो भएको एक तले मन्दिर निर्माण गरेको बताइन्छ । समयसँगै बिस्तारै जन आकर्षण बढ्दै जाँदा वि.सं. २०२१ मा जि.वि.स. म्याग्दी र घतान गाउँपञ्चायत अनि शिवालयको आयआर्जनबाट तीनतले मन्दिर निर्माण भएको थियो । त्यसको धेरै समय पछाडि म्याग्दी पात्लेखेत जन्म भई काठमाडौं ताहचल निवासी समाजसेवी राधाकृष्ण पराजुलीले वि.सं. २०५३/५४ मा रू.२०,००,०००/- बीस लाखको निजी लगानीमा प्यागोडा शैलीको व्यवस्थित र आकर्षक मन्दिर निर्माण गरेको देखिन्छ । त्यसै गरी रघुगङ्गा गा.पा.१ भगवतीका समाजसेवी मुक्तिनाथ सुवेदीद्वारा रू. ५,११,०००/-को खर्चमा यज्ञशाला निर्माण गरी हस्तान्तरण गरेको त्यहाँको शिलालेखले बताउँछ । उहाँहरूको यो समर्पण भावसँगसँगै शिवालय क्षेत्रको रूपै फेरिएको छ भने २०५६ मा गलेश्वर विराट् महायज्ञ सम्पन्न भएपश्चात् गलेश्वरधामका रूपमा परिणत हुँदै आएको छ यसै परिसरमा बेनी निवासी भगवान् श्रेष्ठद्वारा निर्मित लक्ष्मीनारायण मन्दिर र स्वामी श्रीधराचार्यद्वारा राधाकृष्ण मन्दिर निर्माण भएका हुन् । यस मन्दिरको जीर्णोद्धार गरी २०७३ मा शिखर शैलीमा नयाँ मन्दिर निर्माण गरिएको छ । मन्दिरका चारै कोणमा विभिन्न देवीदेवताहरूको कलात्मक मूर्तिहरूको स्थापना र दक्षिण भारतीय शैलीका कलाकृति यस मन्दिरका विशेषता हुन् ।

यहाँ २०२१ सालमै वेद विद्याश्रम स्थापना भएको थियो । त्यो केही समय चलेर बन्द हुन पुगेको थियो भने २०४३ सालमा शालग्राम गण्डकी वेदविद्याश्रमका नाममा पुनः सञ्चालनमा आएको थियो । २०४५ सालतिर पडिक्तकारले पनि यसै गुरुकुलमा वेद व्याकरणको अध्ययन गरेको थियो । शिवालय क्षेत्रको गहना र धवलागिरि अञ्चलको

र दी खोला जोडेर म्याग्दी नामकरण गरिएको हो (भट्टराई, २०७४/०७५:पृ ३९६) । यसरी कालीगण्डकी र म्याग्दीको सङ्गमले यहाँ अर्को वेणी तयार भएको छ । यस वेणीमा पनि केही प्रसिद्ध देवालय र शक्तिपीठहरू विद्यमान छन् । जसमा पर्वतका राजा मलयवमद्वारा १७४३ मा स्थापित शिवालय छ । विभिन्न कलाले भरिएको ढुङ्गाद्वारा निर्मित यो मन्दिर आफैमा आकर्षक छ । वरको विशाल रूख नै गजुरका रूपमा रहेको यस मन्दिरको जीर्णद्धार २०४१ मा गरिएको थियो । बजारको पश्चिमपट्टि पाखामा महारानी स्थान छ । मन्दिर नभएको यो पीठ ज्यामरुककोटे राजा भर्तिवमकी महारानीको स्मृतिमा स्थापित भएको हो भन्ने किंवदन्ती छ । (रेग्मी, २०५६: पृ. ६२) यहाँ दर्शन पूजा गर्दा सकल मनकामना सिद्ध हुने विश्वास गरिन्छ । बेनी बजारकै मध्य भागमा एउटै परिसरभित्र शिव र लक्ष्मीनारायणका मन्दिर रहेका छन् । मन्दिरका चारै सुरमा पाञ्चायनसहित विभिन्न देवीदेवताहरूका प्रतिमाहरू राखिएको हुँदा यहाँ सबै देव देवीहरूप्रतिको समान आस्था झल्किन्छ । वि.सं. १९०७ मा निर्मित यस देवालयले काली र मङ्गलाको दोभानमा रहेको बेनीलाई पुण्यस्थलका रूपमा विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको प्रतीत हुन्छ ।

५. गलेश्वर क्षेत्रका देवस्थलहरू

गलेश्वर क्षेत्र भन्नाले कालीगण्डकीको पश्चिम र रहुगङ्गाको दक्षिण भागमा अवस्थित ९ रोपनीको विशाल चक्र शिला एवम् त्यस परिसरको दायाँबायाँ भागको क्षेत्रलाई जनाउँछ । त्यसो भएपनि लोकले म्याग्दीका गलेश्वर शिवालय, गायत्री घाट र पर्वतको जलजला-२ मा पर्ने राम मन्दिर समेत सम्बोधन गर्ने हुँदा यहाँ तिनीहरूको वस्तुस्थितिको चर्चा गरिन्छ -

५.१ शिवालय क्षेत्र

गलेश्वर चक्रशिलाको वास्तविक ऐतिहासिक तथ्य पत्ता लगाउन कठिन छ । यो चक्रशिला सृष्टिकै उषाकालको हुनुपर्छ अथवा कालीगण्डकीको प्रवाह खिइँदै जाँदा भूगर्भभित्र रहेको यो आश्चर्यलाग्दो चट्टान देखिएको हुनुपर्छ । मानवनिर्मित भौतिक संरचनाहरू फेरिए होलान् तर यसको प्राकृतिक स्वरूप फेरिएको छैन । यो अनादि कालदेखि यस्तै थियो र अनन्तसम्म यही रूपमा रहिरहने छ । यस शिलाका परिसरमा बनेका

संरचनाहरूमा केही विकास र परिवर्तनहरू हुँदै आएका छन् । यहाँको मूल मन्दिर आजभन्दा २०० वर्ष अगाडि बनेको हो भन्ने जनविश्वास छ । यहाँ सर्वप्रथम नाथ भनिने कुनै एक सज्जनले शिवजीको पूजा चलाएका थिए । पछि हरिनारायण गिरिले खरले छाएर मन्दिरको आकार दिएका थिए । त्यसपछि राखु पिप्लेका हस्तबहादुर मल्लले आफ्नो बेपत्ता भएको छोरा भेटिएमा मन्दिर बनाउने भाकल गरेका र छोरा भेटिएको हर्षले भाकल पूरा गर्न ढुङ्गाको छानो भएको एक तले मन्दिर निर्माण गरेको बताइन्छ । समयसँगै बिस्तारै जन आकर्षण बढ्दै जाँदा वि.सं. २०२१ मा जि.वि.स. म्याग्दी र घतान गाउँपञ्चायत अनि शिवालयको आयआर्जनबाट तीनतले मन्दिर निर्माण भएको थियो । त्यसको धेरै समय पछाडि म्याग्दी पात्लेखेत जन्म भई काठमाडौं ताहचल निवासी समाजसेवी राधाकृष्ण पराजुलीले वि.सं. २०५३/५४ मा रू.२०,००,०००/- बीस लाखको निजी लगानीमा प्यागोडा शैलीको व्यवस्थित र आकर्षक मन्दिर निर्माण गरेको देखिन्छ । त्यसै गरी रघुगङ्गा गा.पा.१ भगवतीका समाजसेवी मुक्तिनाथ सुवेदीद्वारा रू. ५,११,०००/-को खर्चमा यज्ञशाला निर्माण गरी हस्तान्तरण गरेको त्यहाँको शिलालेखले बताउँछ । उहाँहरूको यो समर्पण भावसँगसँगै शिवालय क्षेत्रको रूपै फेरिएको छ भने २०५६ मा गलेश्वर विराट् महायज्ञ सम्पन्न भएपश्चात् गलेश्वरधामका रूपमा परिणत हुँदै आएको छ यसै परिसरमा बेनी निवासी भगवान् श्रेष्ठद्वारा निर्मित लक्ष्मीनारायण मन्दिर र स्वामी श्रीधराचार्यद्वारा राधाकृष्ण मन्दिर निर्माण भएका हुन् । यस मन्दिरको जीर्णोद्धार गरी २०७३ मा शिखर शैलीमा नयाँ मन्दिर निर्माण गरिएको छ । मन्दिरका चारै कोणमा विभिन्न देवीदेवताहरूको कलात्मक मूर्तिहरूको स्थापना र दक्षिण भारतीय शैलीका कलाकृति यस मन्दिरका विशेषता हुन् ।

यहाँ २०२१ सालमै वेद विद्याश्रम स्थापना भएको थियो । त्यो केही समय चलेर बन्द हुन पुगेको थियो भने २०४३ सालमा शालग्राम गण्डकी वेदविद्याश्रमका नाममा पुनः सञ्चालनमा आएको थियो । २०४५ सालतिर पडित्तकारले पनि यसै गुरुकुलमा वेद व्याकरणको अध्ययन गरेको थियो । शिवालय क्षेत्रको गहना र धवलागिरि अञ्चलको

नमूना गुरुकुल बनेको त्यो विद्यालय केही समय नामशेष हुन पुगे पनि २०७० बाट पुनः सञ्चालनमा अएको छ।

विगतमा स-साना कुटी, अव्यवस्थित बस्ती, साँघुरो बाटो, सुरक्षा पर्खालको अभाव, जीर्ण मन्दिर, यज्ञशाला र धर्मशालाको अभाव, तीर्थयात्रीको आवागमनमा कठिनाइ, जनशक्तिको कमी, स्रोतसाधनको अपर्याप्तता, आर्थिक विपन्नता, प्रचार प्रसारको शून्यता, प्रशासनिक निकायको उदासीनता यस्तै यस्तै केही आन्तरिक केही बाह्य कठिनाइहरूसँगै जुध्दै र विगतका अनुभवहरूबाट पाठ सिक्दै यसको बृहत्तर विकास गर्नुपर्छ भन्ने उद्देश्यले वि.सं. २०५८ सालमा **गलेश्वर शिवालय क्षेत्र विकास समिति**को गठन भएको पाइन्छ। यस कोषले यस क्षेत्रको भौतिक, सामाजिक र आर्थिक पक्षलाई समेटी तत्कालीन अल्पकालीन र दीर्घकालीन गुरुयोजना तयार पारेर तत्कालीन अन्तर्गत मठ मन्दिरको जीर्णोद्धार, तीर्थस्थलको प्रचारप्रसार, यज्ञयागादिबाट प्राप्त हुने आम्दानीको पारदर्शिता एवम् बैंकिङ् कारोबारको व्यवस्था मिलाएको छ भने अल्पकालीन योजनाअन्तर्गत पुजारी आवास, पैदल मार्गको स्तरोन्नति, शौचालयको व्यवस्था, व्यवस्थित वृद्धाश्रमको निर्माण, सि.सि क्यामेरा जडानजस्ता कामहरू सम्पन्न गरेको छ। यसैगरी दीर्घकालीन योजनामा ज्येष्ठ नागरिक आश्रम, सत्सङ्ग भवन, यात्री निवास, बहु उद्देश्यीय पार्कनिर्माण संस्कृत विद्यालयको समुचित व्यवस्थापन, धार्मिक सभाको आयोजना लगायतका कार्यहरू गरेको देखिन्छ। क्षेत्र विकास कोषको स्थापनापछि अहिलेसम्म साना ठूला गरी ४४ वटा आयोजना पूरा भएको बुझिन्छ। यी आयोजना पूरा गर्न दाताहरूबाट ४,००,००,०००/- (चार करोड,) नेपाल सरकारबाट ३,००,००,०००/- (तीन करोड) र शिवालय क्षे.वि. कोषबाट ३,००,००,०००/-(तीन करोड) लगानी भएको देखिन्छ (महेश पराजुली, रुद्रबहादुर के.सी,)।

वर्तमानमा चक्रशिला परिसरमा मूल शिवालय, लक्ष्मीनारायणको मन्दिर, राधाकृष्ण मन्दिर, हवन कुण्ड, यज्ञशाला, निर्मित छन् भने गणेश, शिव, हनुमान्, नटराज, दुर्गा भवानी, लक्ष्मीनारायण, कामधेनु गाई, शेषशायी विष्णु र १०८ ज्योतिर्लिङ्ग सुशोभित छन्। चक्रशिलाका बाहिरी भागमा शालग्राम गण्डकी वेद विद्याश्रम, शिवालय अन्तर्गतको सुविधासम्पन्न यात्रीनिवास,

अन्नक्षेत्र, वृद्धाश्रम, पाकशाला, ज्येष्ठ नागरिक आश्रम, औषधालय राधाकृष्ण मन्दिरअन्तर्गतको धर्मशाला र सन्त सेवाश्रम विद्यमान छन् । अन्नक्षेत्र, ज्येष्ठ नागरिक र संस्कृत विद्यालयको व्यवस्थापन शिवालय क्षेत्र विकास कोषले गर्दै आएको छ । ज्येष्ठ नागरिक आश्रम ५० जना वृद्धवृद्धा १० जना एकल महिलाको आश्रय बनेको छ । यिनीहरूलाई निशुल्क गास, वास, कपासको सेवा प्रदान गर्दै आएको छ भने संस्कृत विद्यालयमा आवासीय रूपमा रहेका २५ जना ब्राह्मण वटुहरूको खर्चसमेत यसै कोषले बेहोर्ने गरेको देखिन्छ । यसका अतिरिक्त मुक्तिनाथ जाने तीर्थयात्री र अनाथ, अशक्त, साधु सन्तहरूको आवास र भोजन प्रबन्ध अन्नदान क्षेत्रअन्तर्गत भइरहेको छ ।

रामानुज सन्त सेवाश्रमको सम्पूर्ण खर्च राधाकृष्ण मन्दिरबाट सञ्चालन हुँदै आएको छ । यी सबैको लागि हुने खर्च प्रबन्धको मुख्य स्रोत दानदातव्य हो । दानवीरहरूको उदारता भक्तहरूको सहयोग, सज्जनहरूको सेवा भावले नै अहिलेसम्म यी संस्थाहरूले जीवन पाएका छन् । त्यसो त शिवालय क्षेत्रका नाममा ६० रोपनी गुठी जग्गा देखिन्छ तर श्रमअनुसार को उब्जनी नहुँदा त्यसको प्रभावकारिता देखिँदैन भने राधाकृष्ण मन्दिरका नाममा रहेको जग्गाको पनि सही सदुपयोग हुन सकेको छैन । दानदातव्यबाट

प्राप्त सहयोग आकाशवृत्तिजस्तै हो । तसर्थ यी विशाल संस्थाहरूको सही व्यवस्थापनका निमित्त भरपर्दो अक्षय कोषको व्यवस्था हुनुपर्ने देखिन्छ ।

५.१. गायत्रीघाट

गलेश्वर शिवालय क्षेत्रदेखि उत्तर वायव्य कोणमा कालीगण्डकी र रहुगङ्गाको ठिक दोभानमा रहेको गायत्री ध्यानाश्रम म्याग्दी जिल्लाको रहुगङ्गा गा.पा.३ मा अवस्थित छ । ब्रह्मयोगी ईश्वरानन्द बाबाले यहीं बसेर गायत्रीको उपासना गरी अष्टसिद्धि प्राप्त गरेको हुँदा यस ठाउँको गायत्री ध्यानाश्रम नामकरण गरिएको हो । १७५ वर्ष पुरानो पछिल्लो इतिहास रहेको यो क्षेत्र गायत्री उपासनाका निम्ति नेपालभर प्रसिद्ध छ । भौतिक विकासभन्दा पनि आध्यात्मिक चिन्तनमा रमाउने बाबा

ईश्वरानन्दको जीवनदर्शनबाट प्रभावित भएका उहाँका शिष्य प्रशिष्य १००८ दण्डी स्वामी र १००८ स्वामी चेतानन्द सरस्वतीका जीवनकालमा यस आश्रमको जति विकास र आकर्षण बढेको थियो वर्तमान समयमा त्यति हुन सकेको देखिँदैन । गायत्री माताको पुरानो र नयाँ १/१ मन्दिर ईश्वरानन्द र दण्डी स्वामीका मूर्ति भएका मन्दिर, यज्ञकुण्ड, बाबाको पर्णकुटी अनि एउटा यात्री निवास यहाँका भौतिक संरचना हुन् । पञ्चपल्लवका रूखहका सुन्दर छहारी, शान्त एकान्त प्रकृति, काली र रहुगङ्गाको पावन तटमा सुशोभित यस आश्रममा पुग्दा जो कोहीलाई साँच्चिकै तपोभूमि हो भन्ने अनुभूति हुन्छ । गलेश्वरबाबा ध्यानाश्रम समितिमार्फत सञ्चालनमा आएको यस आश्रमको नाममा १४ रोपनी जग्गा गुठी छ (क्षेत्री, २०५६ : पृ.३५) । यसका अतिरिक्त दानदातव्यबाट प्राप्त हुने सहयोग नै सञ्चालनको मुख्य स्रोत रहेको देखिन्छ ।

५.२. राममन्दिर

गलेश्वर शिवालय क्षेत्रको ईशानकोण गायत्री ध्यानाश्रमको पूर्व, कालीगण्डकी र रहुगङ्गा मिसिएको दोभानको ठिक सम्मुख कालीगण्डकीका तीरैमा अवस्थित राममन्दिर पर्वत जिल्लाको जलजला गा.पा वडा नं. २ मा पर्दछ । पर्वत खुर्कोटमा जन्मिएका रामानन्द सम्प्रदायबाट दीक्षित आबाल ब्रह्मचारी केशवदास वैरागीको सक्रियतामा वि.सं.२०४५मा निर्मित राम मन्दिरले कालीका पूर्वीतटबाट समग्र गलेश्वर क्षेत्रको शोभा बढाइरहेको छ । प्रत्येक रामनवमी र शारदीय नवरात्रमा नियमित **वाल्मीकीय रामायण, रामचरितमानस**को पाठ पारायण एवम् अखण्ड रामनाम सङ्कीर्तन यस आश्रमका विशेषता हुन् । विभिन्न यज्ञ यागादि र भक्तहरूको दानदातव्यबाट अक्षयकोष खडा गरी सञ्चालनमा आएको राममन्दिर परिसर एउटा साधना क्षेत्रका रूपमा विकास हुँदै गएको छ । राममन्दिरका नाममा १५ मुरी धान फल्ने खेत अचल सम्पत्तिको व्यवस्थापन भए पनि बदलिँदो समयमा त्यसबाट आयआर्जन गरेर आश्रम सञ्चालन गर्न निकै कठिनाइ छ । समग्र गलेश्वर क्षेत्रका गहना बनेका शिवालय क्षेत्रका अपेक्षा राम मन्दिर र गायत्री ध्यानाश्रमको त्यति विकास हुन सकेको छैन । यी दुवै आश्रमहरू उदार दाता र त्यागी महापुरुषहरूको पर्खाइमा बसेको अनुभूति हुन्छ ।

(यस मन्दिरको विशेष चर्चा कालञ्जरका सिद्धस्थलमा गरिएको छ)

६.साझा समन्वयको भूमि

गलेश्वरधाम शैवमार्गी र वैष्णवमार्गीहरूको उदात्त समन्वयको भूमि हो । यहाँ एकातिर स्वयम्भू चक्रशिलाका विविध आकार प्रकारका चक्राङ्कित अभिलक्षणहरूले शिव र विष्णुका अनेक रूपलाई व्यक्त गरेका छन् भने अर्कातर्फ एकै परिसरमा भव्य शिवालय, लक्ष्मीनारायण एवं दक्षिणभारतीय शैलीमा निर्मित चक्रहरि राधाकृष्ण भगवान्को दिव्य मन्दिर सुशोभित छन् । के शैव के वैष्णव के शाक्त के गाणपत्य सबै भक्त भागवत् हरूले एक अर्को मन्दिरको दर्शन नगरेसम्म आफ्नो अभीष्ट अपुरो रहेको अनुभव गर्दछन् । उर्ध्वपुण्ड्राङ्कित र त्रिपुण्ड्रधारी महात्मा साधुसन्त, विद्वान् विदुषी भक्त भक्तिनीहरूको भक्ति, पर्व, महोत्सव, यज्ञ यागादिमा हुने सद्भाव

सहयोग साहचर्य एवं निस्वार्थ सेवाका भावहरूले गर्दा पनि यहाँ जो कसैलाई मोहितपारिरहन्छन्। एकातिर **गणेशसहस्रनाम, शिवमहिम्नस्तोत्र, शिवपञ्चाक्षर, रुद्राष्टक, शिवसहस्रनाम, शिवमहापुराण** र **रूद्रसूक्तका** मन्त्रहरू गुञ्जित भईरहन्छन् भने अर्कातिर **वेंकटेशस्तोत्र, आलवन्दारस्तोत्र, विष्णुसहस्रनाम, विष्णुपुराण, श्रीमद्भागवतमहापुराण र पुरुषसूक्त**का पाठपारायण भइरहेका हुन्छन्। बालाचतुर्दशी, शिवरात्रि, कृष्णाष्टमी, ठूली एकादशी, वैकुण्ठ चतुर्दशी, अक्षय तृतीया, रामनवमी, बुद्धपूर्णिमा, धनुर्मास, चतुर्मास आदि विशिष्ट तिथि पर्वहरूमा सबै खाले भक्तहरूको उपस्थिति रहने गर्दछ। के आर्य के मङ्गोल के गृहस्थी के वानप्रस्थी रागी वा विरागी सबैका लागि यो पुण्यभूमि सामाजिक एकता, धार्मिक सहिष्णुता र समन्वय एवं श्रद्धा र आस्थाको केन्द्र बनेको छ।

७. यज्ञभूमि

गलेश्वरधाम यज्ञभूमि हो। सभ्यताको विकास र जीवजगत्को कल्याणमा यज्ञको विशिष्ट महत्त्व रहेको देखिन्छ। यहाँ पौराणिक कालमा कति कति यज्ञ भए होलान् अनुमान मात्र गर्न सकिन्छ। जहाँ जहाँ ऋषि-मनीषीहरू बस्तछन् त्यहाँ यज्ञकर्मको निरन्तरता भइ नै रहन्छ।

अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसम्भव :।
यज्ञाद् भवति पर्जन्यो यज्ञ कर्मसभुद्भव :।। (श्रीमद्भगवद्गीता ३/१४)

यही भाव र भावनाले प्रेरित भएका महापुरुषहरूले अर्वाचीन कालमा पनि विभिन्न उद्देश्यका साथ यज्ञ, महायज्ञ र विराट् महायज्ञ सम्पन्न गरेका छन्। ती मध्ये २०४३ सालमा षडाचार्य स्वामी श्रीधराचार्यको निर्देशनमा भएको धनधान्याचल महायज्ञ र डा. रामानन्द गिरि, स्वामी ज्ञानानन्द सरस्वतीको संरक्षकत्व र स्वामी आत्मानन्द गिरि महाराजहरूको अध्यक्षता एवं समाजसेवी राधाकृष्ण पराजुली लगायतका व्यक्तित्वहरूको सक्रियतामा भएको गलेश्वर विराट् महायज्ञ २०५६ बढी उल्लेखनीय छन्। यी महायज्ञ र अन्य थुप्रै यज्ञ यागादिले गलेश्वरको रूपै फेरिदिएका छन्। सुन्दर कलात्मक भव्य शिवालय, यज्ञशाला, धर्मशाला, सन्तग्राम (वृद्धाश्रम) अन्न क्षेत्रको प्रबन्ध शालग्राम गण्डकी वेदविद्याश्रमको निरन्तरताजस्ता लोककल्याणकारी कार्यहरूका

आधार भनेकै यिनै यज्ञ महायज्ञ हुन् । अहिलेको गलेश्वर क्षेत्रले प्राप्त गरेका उपलब्धि यिनै हुन् । यज्ञमार्फत यस क्षेत्रको व्यापक प्रचार प्रसार हुन गएको छ । यहाँ वि.सं.२०५८ मा गठित गलेश्वर शिवालय क्षेत्र विकास कोषले केवल धार्मिक पक्षलाई मात्र नभएर समाज सेवामा समेत अग्रणी भूमिका खेल्दै आएको छ । बालाचतुर्दशी शिवरात्रि एवं साउने सोमवारका विशेष तिथिहरूमा प्रतिदिन ३,००,००० बराबरको आय भएको देखिन्छ (समाधान राष्ट्रिय दैनिक साउन ३०, २०७५) ।

८. तपस्थली

कालीगण्डकी, रहुघाट र मङ्गलाका पवित्र जलधाराहरूले सिञ्चित यो भूमि तपस्थलीका रूपमा रहेको कुरा पुराणका प्रसङ्गहरूले स्पष्ट पारेका छन् । यो ठाउँ स्वयं सप्तर्षिहरूको पनि आश्रयस्थल थियो भन्ने कुरा ब्रह्मयोगी ईश्वरानन्द बाबाका अनुभव र उहाँका भनाइहरूबाट पनि स्पष्टिन आउँछ । किनभने उहाँ कुनै पनि ठाउँमा १२ वर्ष मात्र बस्नुहुने तर यस ठाउँमा किन २१ वर्षसम्म बस्नुभयो भन्ने भक्तहरूको जिज्ञासामा आफूले यस ठाउँमा ब्रह्ममुहूर्तमा गौरीशङ्करका साथ सप्तऋषिको दर्शन गर्न पाएकोले यहीं बसेको भन्ने प्रसङ्गले पनि यो स्थल दिव्यात्मा ऋषिहरूको आश्रय स्थल हो भन्ने ज्ञात हुन्छ । अहिले पनि गलेश्वर धामदेखि पश्चिमोत्तर गाउँमा रिखार भन्ने ठाउँ छ । जहाँ ऋषितर्पणीका दिन सप्तर्षिहरूको विशेष पूजा अर्चनाका साथ यज्ञोपवीत अभिमन्त्रित गरिन्छ र लगाइन्छ । यी र यस्तै यस्तै अन्य वैशिष्ट्यहरूले गर्दा यो क्षेत्र वीतरागी सन्त र महात्माहरूले विचरण गर्ने पुण्यभूमि सिद्ध भएको छ । अन्नपूर्ण, धवलागिरि, नीलगिरि, माछापुच्छ्रेजस्ता हिमालयहरूका काखमा अवस्थित यस पावन भूमिका पहाड कन्दरा वृक्ष लहरा, गाउँ बस्ती खोला नाला सबै सबैमा दिव्यताको आभास हुन्छ ।

९.गलेश्वरधामका महापुरुषहरू

गलेश्वर धामको दिनानुदिन प्रसिद्धि बढ्दै जानुमा यहाँका तपस्वी, साधु सन्त महात्माहरूका लीला चरित्र र तिनीहरूले गरेका तपसाधना पनि कारण बनेका छन् । यहाँ तिनै प्रतिनिधि पात्रहरूको सङ्क्षिप्त चर्चा गरिन्छ-

९.१ गलेश्वर बाबा

गलेश्वरधामका महापुरुषहरूमध्ये वीतरागी सन्त ईश्वरानन्द बाबाको नाम अग्रपङ्क्तिमा आउँछ । बाबाका बारेमा अनेकौं रोचक जनश्रुतिहरू भेटिन्छन् । योगसाधना र वेदमाता गायत्रीका आराधनाले गर्दा उहाँ साँच्चिकै सिद्धिप्राप्त महापुरुष हुनुहुन्थ्यो भन्नेमा कसैको दुई मत छैन । कुनै पनि व्यक्ति आफ्नो जन्म, कर्म र व्यवहारको उदात्तताले नै महान् बन्दछ । महान् बनेका पुरुष कुनै देश विशेष र वर्ग विशेषको नरहेर सबैका साझा पुरुष बन्दछन् । उहाँ पनि त्यस्तै असाधारण क्षमताका हुनुहुन्थ्यो ।



गलेश्वर बाबा मेची अञ्चल ताप्लेजुङ जिल्लाको दोखु गाउँ अन्तर्गत बाँसबोटे ठाउँमा भारद्वाज गोत्रीय निरौला थरका ज्योतिर्विद् पिता हरिलाल र माता मनमाया-(रन्धता) का ज्येष्ठ सपुत्रका रूपमा जन्मनुभएको थियो (पराजुली, २०५६: पृ.५) । बाबाको जन्म मिति र उमेर ठ्याक्कै यही हो भन्ने प्रमाणहरू भेटिँदैनन् । जन्म तिथि मिति जे जति भए पनि उहाँ शतायु वर्ष प्राप्त गरेका महापुरुष हुनुहुन्थ्यो भन्नेमा उहाँका अनुयायी भक्त, जिज्ञासु र अनुसन्धाताहरूको कथन छ । उहाँको ११ वर्षको कलिलो उमेरमै पहिलो विवाह भएको थियो भने उहाँले १३ वर्षमा अर्को विवाह गर्नुपरेको थियो । दैवी प्रेरणा, पारिवारिक संस्कार वा अन्तरात्माको इच्छा दुई विवाह गरेर पनि उहाँ अन्ततः वीतरागी भई आजन्म त्यागी भैरहने विचारका साथ घर बार छाडी भारतवर्षका पवित्र तीर्थधामहरूको यात्रामा निस्कनुभएको थियो (पूर्ववत् पृ.५) । लगभग १४/१५ वर्षसम्म भारतको यात्रामा रमाउनुभएका

बाबा अन्तमा आफ्नै जन्मभूमि नेपालमा फर्कनुभयो । तीर्थस्थलहरूको भ्रमण योगसाधना अनि गायत्रीको उपासनालाई नै जीवनका अभिन्न अङ्गका रूपमा लिनुहुने बाबा नेपालका गोकर्ण, गोसाइकुण्ड, शिवपुरी, देवघाट आदि प्रसिद्ध तीर्थ धामहरूमा भ्रमण गर्दै आखिरमा मुक्तिनाथ भगवान्को दर्शन गरी फर्कने क्रममा देवनदी कालीगण्डकी र रहुगङ्गाको दोभानमा रूखका छहारीमै राती विश्राम गर्नुभएको थियो ।

त्यही रात ईश्वरानन्द बाबाका अगाडि आएर कुनै दिव्यात्माले "यो भूमि ऋषि महर्षि र सिद्धहरूको पावनभूमि हो यहाँ देवत्वको वास छ, यही पवित्र भूमिमा गरिएका कर्महरू अमोघ हुन्छन् । तिमी यहीं बसेर साधना गर" भनेको हुनाले उहाँ यसै ठाउँमा खिर्राको रूखमुनि त्रिशूल गाडेर बस्न थाल्नु भएको थियो । उहाँका साथमा सानो कमण्डलु, शङ्ख, डम्बरू मात्र थिए । केबल कौपीनधारी नङ्गा बाबाका चरित्र भने विचित्रका थिए । धुनी जगाइ बस्ने, खरानी धस्ने, गिठा भ्याकुर खोजेर खाने, गायत्री जप्ने, योग गर्ने उहाँका दैनन्दिन व्यवहार थिए । न कसैको आशा, न कसैको भरोसा, न कुनै शत्रु न त कुनै मित्रु शान्त एकान्त भूमिमा आफैंमा मगन मस्त रहेका बाबाले जगाएको धुनीको धुवाँ टाढा टाढा पुग्न थालेपछि गाउँलेहरू आएर बाबासँग नजिकिँदै गएछन् । बाबाको असली साधुपन, त्याग, उदारता अनि शीतल र मिजासिलो व्यवहारबाट प्रभावित भएका राखु पिप्लेका सज्जनहरू मिलेर स्व.देवीप्रसाद सुवेदीका अगुवाईमा एकै दिनमा गोलाकारको कुटी निर्माण गरिदिएका थिए । त्यही कुटीमा बाबाले साधना गर्नुहुन्थ्यो ।

अन्यत्र १२/१२ वर्ष बस्ने गरे पनि बाबाले यहाँ २१ वर्ष बिताउनु भएको थियो । कहीं कतै भिक्षाटन नगर्नु, यथालाभमा सन्तुष्ट रहनु, मृगचर्ममा बस्नु, अहोरात्र गायत्री जप्नु, सबैका प्रति शीतल व्यवहार गर्नु, ब्राह्मणहरूलाई देवता भनेर सम्बोधन गर्नु, पर्वअनुसारका यज्ञ यागादि सम्पन्न गर्नु, कन्याहरूलाई भोजन गराउनु, उहाँका व्यवहार थिए भने भूत भविष्यका कुराहरू देखेझैं गरेर बताउनु, भावी समृद्धि वा विपत्तिको अग्रिम सूचना दिनु, पानीका प्रवाहमा धेरै बेरसम्म डुबुल्की लगाइरहनु, छिनमै देखिनु, छिनमै अलप हुनु, खरानी फुकेकै भरमा जटिल रोगहरूको निदान गराइदिनु, पछाडि लुकाएर वा छलेर, ढाँटेर

गरेका कुराहरूको बेलीबिस्तारका साथ यथार्थ बताइदिनु आदि इत्यादि उहाँका असाधारण सिद्धि वा क्षमता थिए । उहाँको साधु सन्त, पण्डित महाजन, साहू, सज्जन, विद्वान् विदुषी, दीन दुःखी सबैसँग समदृष्टि रहन्थ्यो । उहाँमा योगबल, तपोबल र आत्मबल सबै थिए । बाबालाई भेट्न व्यक्तिले केही न केही लिएर आउँथे बाबाले पनि कसैलाई खाली हात पठाउनु हुन्थेन । वास्तवमा उहाँ पुराणमा वर्णन गरिएका ऋषिजस्तै हुनुहुन्थ्यो । (वि.सं. २०००-२०२१) २२ वर्षसम्म अविराम साधना गरेर उहाँ अन्तमा नेपालको प्रसिद्ध तीर्थस्थल देवघाट धाममा प्रस्थान गर्नुभएको थियो ।

स्वयं हि तीर्थानि पुनन्ति सन्तः भनेझैं उहाँले यस भूमिलाई पवित्र बनाउनुभयो । बाबा देवघाट धाममा पनि योगध्यान आत्मचिन्तनमै रमाउँदै यज्ञयागादिका माध्यमले लोककल्याणकारी कर्म गर्दै ऋषि जीवन बिताएर २०३२ ज्येष्ठ शुक्ल द्वितीया, मङ्गलवारको राती १२.०० बजे ब्रह्मलीन हुनुभएको थियो । बाबाको सङ्क्षिप्त इतिवृत्तलाई योगी नरहरिनाथले यसरी चित्रण गरेका छन्-

डोटी-निरौली-मूलोत्थ-भाण्डागारिक-वंशजः ।
भारद्वाजो मेचि-ताप्लेजुङ्गजन्मा महातपाः ।
ईश्वरानन्द-योगीन्द्रो गलेश्वरतया श्रुतः ।
ब्रह्मचारी मिताहारी द्वाविंशतिसमा इह ।।
तपस्तप्त्वा साग्र-शतवर्षायुः शिवमभ्यगात् ।
वेदविद्यालयो यत्र कल्पवासिजनाः शतम् ।
त्रयस्त्रिंशत्कोटिदेवाः शालग्राम-शिलामयाः ।
अद्यापि यत्र राजन्ते देवघट्टस्थली शुभा (योगी,२०३८ :पृ.४२) ।

५.२ दण्डीस्वामी महाराज

दण्डीस्वामी महाराज माथि वर्णित ईश्वरानन्द बाबाका सत् शिष्य हुनुहुन्थ्यो । आफ्ना गुरुले देखाएको योग साधनालाई अवलम्बन गर्नुहुने स्वामी बाबाका उत्तराधिकारीका रूपमा रहनुभयो । उहाँ धेरै समय पुराणवर्णित प्रसिद्ध कालञ्जर क्षेत्र हम्पालको धुरीमा रहेको शिर्पु भन्ने ठाउँमा रहनुहुन्थ्यो । कहिले गलेश्वर, कहिले हम्पाल, कहिले देवघाट, कहिले पशुपति

क्षेत्रमा घुमिरहनुहुने उहाँले गुरु ईश्वरानन्दको सत्सान्निध्यलाई प्राप्त गरेपछि काली तटमा रहेको आफ्ना गुरुदेवको तपस्थली गायत्रीघाटलाई विकसित गर्न ठूलो योगदान गर्नुभएको थियो । उहाँलाई लक्ष्मीनन्दन ब्रह्मचारी, हम्पाले ब्रह्मचारी, दरखोले ब्रह्मचारी पनि भनिन्थ्यो । उहाँ सन्न्यास मर्यादाअनुसार दण्ड ग्रहण गरेपछि दण्डी स्वामीका नामले प्रख्यात हुनुभयो । शुभ्र श्वेत दाढी, हँसिलो अनुहार, टिपिक्क मिलेका दन्तलहर, मधुर मुस्कान, सफा र चम्किलो गेरु वस्त्रको पहिरन उहाँका शारीरिक आकर्षण थिए । रामायणादि ग्रन्थहरूमा वर्णित योगीझैं लाग्ने उहाँ विद्या, विनय र व्यवहारले समेत ऋषिकल्प हुनुहुन्थ्यो भन्ने बुझिन्छ । त्यसैले त गुरु ईश्वरानन्दले आफ्नो जीवनको अन्त्यावस्थामा भक्तहरूलाई हम्पाले ब्रह्मचारी दण्डीस्वामी नै आफ्नो उत्तराधिकारी बन्न सक्ने बताउनु भएको थियो (स्वामी कृष्णानन्द गिरि) । दण्डी स्वामीले आफ्ना गुरुदेवले गायत्री साधना गरेर सिद्धि प्राप्त गरेको जानेर यस ठाउँलाई गायत्री ध्यानाश्रमका रूपमा परिणत गर्दै २०३६ साल आश्विन नवदुर्गाका अवसरमा गायत्री मन्दिर र गुरुमूर्ति स्थापना गर्नुभएको थियो । पछि २०६० मा नयाँ मन्दिर बनाएर २०६१ पौष १-११ सम्म धान्याचल गरी गायत्रीको प्राणप्रतिष्ठा गरिएको छ । जसमा पङ्तिकार शिवमहापुराणको वक्ता रहेको थियो । जे होस् यो ध्यानाश्रमको पृष्ठभूमि निर्माण गर्न र यस क्षेत्रमा अध्यात्मको जागरण फैलाउँन दण्डीस्वामी महाराजको ठूलो देन छ । (दण्डीस्वामीको विशेष चर्चा कालञ्जर सिद्ध तपस्थलीमा गरिएको छ)

५.३ स्वामी श्रीधाराचार्य

गलेश्वरधामको आध्यात्मिक उन्नतिमा स्वामी श्रीधराचार्यको महनीय योगदान छ । उहाँ वि.सं. १९९७ श्रावण ८ गते मङ्गलवारका दिन बागलुङ जिल्लाको कुडुले फेदीमा आत्रेय गोत्रीय पौडेल वंशका पिता भूमीश्वर र माता खगेश्वरी पौडेलका चार पुत्रमध्ये कनिष्ठ पुत्रका रूपमा जन्मनु भएको थियो । उहाँको राशिगत नाम सोमनाथ भएपनि उहाँ वैष्णव दीक्षा प्राप्त गरेपछि श्रीधराचार्यका नामले नै प्रसिद्ध हुनुभएको हो ।

साधवो नहि सर्वत्र चन्दनं न वने वने नीति वचनले भनेझैं असाधारण क्षमता भएका र त्यागशील चरित्रका महापुरुषहरू विरलै

भेटिन्छन्, स्वामी श्रीधराचार्य पनि औंलामा गन्न सकिने सन्त पुरुष र नेपालकै विशिष्ट विद्वान् हुनुहुन्थ्यो । उहाँका जन्म, कर्म, संस्कार, आचार, विचार, व्यवहार, शिक्षा दीक्षाका हरेक पक्षहरू आदर्शमय थिए । **व्याकरण**, **साहित्य**, **पुराणेतिहास**, **धर्मशास्त्र**, **रामानुजवेदान्त**, **शाङ्करवेदान्त**मा आचार्य गर्नुभएका स्वामीजी पौरस्त्यवाङ्मयका खानी हुनुहुन्थ्यो । विशेष गरेर नेपालको गुरुकुलीय शिक्षाक्षेत्रको विकास, सन्तसेवा, शालग्राम क्षेत्रको रहस्य प्रकाशन, विशिष्टाद्वैत दर्शनको अतलस्पर्शी व्याख्यान, मुक्ति क्षेत्रको प्रचार प्रसारजस्ता कार्यमा उहाँको विशिष्ट भूमिका रहेको छ । आश्रम, मठमन्दिर, गौशाला, धर्मशाला, अन्नक्षेत्र सञ्चालनका माध्यमले उहाँले गरेका सेवामूलक कार्यहरू आज पनि स्मरणीय छन् । तीमध्ये–

रामानुज वेदविद्याश्रम (गैंडाकोट नवलपरासी २०३८) **मुक्तिनाथ वेदविद्याश्रम** (कुडुले फेदी बागलुङ २०४२) **रंगवेंकटेश मुक्तिनाथ मन्दिर** (कुडुले फेदी बागलुङ २०४४) **श्री वेंकटेश्वर मन्दिर** (भद्राचल, पर्वत २०४२) **शालग्राम गण्डकी वेदविद्याश्रम** (गलेश्वर धाम २०४३) **मुक्तिहरि राधाकृष्ण मन्दिर** (गलेश्वर धाम २०५२) **मुक्तिनाथ अन्नदान क्षेत्र** (गलेश्वर धाम २०४३) **मुक्तिनाथ अन्न क्षेत्र** (घारखोला म्याग्दी २०४९) । यसै



गरी जोमसोम, कागबेनी, रानीपौवाजस्ता दुर्गम भेगमा यस्तै आश्रमहरू सञ्चालन गरी दीन, दुःखी, साधुसन्त, फकीर, जोगी, असहायहरूका सहाय बन्नुभएका श्री स्वामीजीद्वारा सञ्चालन गरिएका निःशुल्क भोजन आवासको प्रबन्ध एउटा दूरदर्शी कार्य थियो । उहाँकै परिकल्पनाबाट प्रारम्भ भएका अन्नक्षेत्रमार्फत आज पनि दैनिक सयौं यात्रीहरूले त्यो सुविधा पाएका छन् । श्री स्वामीज्यूमा समाजसेवाका अतिरिक्त स्रष्टा, द्रष्टा व्यक्तित्व थिए । उहाँका देववाणी संस्कृत र राष्ट्रभाषा नेपालीमा मौलिक अनुदित र टीकाग्रन्थ

गरी दर्जनभन्दा बढी कृतिहरू सिर्जित छन् । तीमध्ये **मुक्तिक्षेत्रमाहात्म्य, सहस्रगीतिमञ्जरी, उपदेशरत्नमाला, मनोदूती काव्यमञ्जरी, शालग्रामाचार्य जीवनवृत्त, नित्यानुष्ठान चन्द्रिका, हिन्दूधर्ममा प्रपत्तियोग**जस्ता कृतिहरू मुख्य छन् ।

तपःसाधना, स्वाध्ययन, लोकोपकार अनि परमार्थचिन्तनलाई नै जीवनको लक्ष्य बनाउँदै त्यसैमा कालक्षेप गर्नुहुने स्वामीजी **योगेनान्ते तनुत्यजाम्** भनेझैं जीवनको उत्तरार्धमा निस्पृह भएर कालीगण्डकीको तीर ढोडेनी गुफा फर्सेमा नित्यानुष्ठान गरिरहेकै बेला ५९ वर्षको उमेरमा २०५६ कार्तिक १८ गते ब्रह्मरन्ध्रबाटै प्राणोत्सर्ग गरी वैकुण्ठवासी बन्नु भएको थियो । एउटा व्यक्ति तर संस्था बन्नुभएका, वैकुण्ठवासी भएर पनि सहृदय सज्जनहरूका हृदयमा रहनुहुने स्वामीजीलाई लोकले अहिले पनि यसरी सम्झना गर्दछ -

स्वाचार्य श्रीधरं शान्तं षडाचार्य यतिं गुरुम् ।
श्रीनिवासं मुक्तिनारायणं रामानुजं भजे ।।(गोविन्दाचार्य, २०७१: पृ.१)
शालग्रामस्य माहात्म्यं येन लोके प्रचारितम् ।
शालग्रामस्य सेवायै येन जीवनमर्पितम् ।।
श्री शालग्रामभक्ताय श्रीशालग्रामसेविने
श्री शालग्रामशिष्याय श्रीधरस्वामिने नमः ।। (रेग्मी,२०७१ : पृ. ३६१)
यौटा व्यक्ति परन्तु लाख जनको आफै बनी आश्रय
गाउँ गाउँ पुगेर कष्ट सहँदै खोलेर विद्यालय ।
त्यस्तै साधु र भक्त, सन्तहरूको आशाभरोसा बनी
गर्नुभो हितचिन्तना जगतको निस्वार्थको जीवनी ।।(रेग्मी, २०६४: पृ. २७)

५.४ मुक्तिनाथ बाबा

स्वामी कमलनयनाचार्य (मुक्तिनाथ बाबा) गलेश्वर धामको समृद्धिसँग जोडिएका अर्का महापुरुष हुनुहुन्छ । उहाँ वि.सं. २०२३ ज्येष्ठ ११ गते बागलुङ जिल्लाको भान्सा गाउँमा माता कौशल्या देवी र पिता जयनारायण आचार्यका पुत्रका रूपमा जन्मनुभएको हो ।

नेपालका देवस्थल, तीर्थस्थलहरूको संरक्षण संवर्धन, सनातन वैदिक धर्मसंस्कृति, पौरस्त्य सभ्यताको नवजागरण एवं नेपाली राष्ट्रियताको

उद्‌बोधनमा समर्पित बाबाले यही गलेश्वरधामलाई साधनाक्षेत्र बनाउनुभएको थियो । आफ्ना गुरु स्वामी श्रीधराचार्यका त्यागमय जीवनदर्शनबाट प्रेरित उहाँले गलेश्वर चक्रशिलाकै परिसरमा रहेको शालग्राम गण्डकी वेदविद्याश्रममा अध्यापन गराउँदाका समय (वि.सं. २०४३) देखि एक दशक लामो समयसम्म मौनव्रत, सत्यव्रत, मिताहार, फलाहार, निराहारका व्रत र यज्ञानुष्ठान सम्पन्न गर्दै आफूलाई अध्यात्म क्षेत्रमा समर्पित गर्नुभएको थियो । वेदव्याकरणको अध्यापन, गुरुकुलको व्यवस्थापन, राधाकृष्ण मन्दिरको निर्माण, सन्त सेवा सञ्चालन, गाउँ गाउँमा भक्तिमय वातावरण निर्माण, कालीगण्डकीको महिमा प्रकाशनजस्ता उहाँका अनुकरणीय कार्य थिए । अहिलेको गलेश्वर क्षेत्रको प्रचार प्रसार वर्तमान स्वरूप र संरचनाको पृष्ठभूमिमा उहाँको त्याग समर्पण पनि अविस्मरणीय अङ्ग बनेको छ । विशेषतः कालीगण्डकी र मुक्तिक्षेत्रको विश्वव्यापी प्रचारप्रसारमा केन्द्रित भएकै हुनाले उहाँलाई लोकले मुक्तिनाथ बाबा भन्ने गर्दछ ।

अध्यात्मबाटै राष्ट्रको उन्नति गर्न सकिन्छ । स्व संस्कृति र संस्कार देशका पहिचान हुन् । सदाचार, सद्‌विचार, सत्कार्यबाट समाजमा परिवर्तन ल्याउन सकिन्छ, नेपालीहरू बहिर्मुख होइन अन्तर्मुख हुनुछ, परापेक्षी होइन स्वावलम्बी बन्नुछ, यसैबाट राष्ट्रको विकास सम्भव छ भन्ने बाबाका चिन्तन व्यवहार र कर्महरू राष्ट्रियताकै समृद्धिमा समेत केन्द्रित छन् । उहाँका ज्ञान, साधना र चिन्तन राष्ट्र विकासकै अभियानसँग सम्बद्ध छन् । कतिपय अतिमानुष कार्यले उहाँलाई सिद्धपुरुषका रूपमा उभ्याएका छन् । नेपाल र भारतका विभिन्न तीर्थस्थलहरूमा एकै मिति तिथि मुहूर्तममा १३१ विश्वशान्ति विराट् महायज्ञ सम्पन्न गर्नु, प्रत्येक वर्ष मुक्तिनाथ महोत्सवको आयोजना गर्नु, धार्मिक जागरण ल्याउनु, यज्ञका कर्मबाटै मठ, आश्रम, गुरुकुल, गौशाला, धर्मशाला,

औषधालय आदि सञ्चालन गरी मानवसेवा र देश सेवामा लाग्ने बाबाको चरित्रले उहाँलाई आध्यात्मिक जगत्का राष्ट्रवादी सन्तपुरुषका रूपमा परिचित गराएको छ । बाबाका शुभसङ्कल्पमा सञ्चालित दर्जनौं सेवामुखी संस्थाहरूध्ये भक्तपुर श्रीवनको **पञ्चमहालक्ष्मी मन्दिर** नवलपरासीको त्रिवेणीमा अवस्थित **गजेन्द्रमोक्ष धाम** र गुरुकुल बागलुङको **पञ्चकोट सर्वसिद्धिधाम** राष्ट्रिय स्तरमै प्रसिद्धि पाएका संस्था हुन् । यी संस्थाहरू आन्तरिक र बाह्य धार्मिक पर्यटनका प्रमुख गन्तव्यका केन्द्र बनिरहेका छन् । यसरी सिद्धक्षेत्र गलेश्वर धामको पवित्र भूमिबाट धार्मिक सांस्कृतिक जागरणको अभियानमा लागेका बाबा अध्यात्म क्षेत्रका वन्दनीय पुरुष बन्न सफल हुनुभएको छ । आफ्ना उदात्त कार्य र सेवामय चरित्रका कारण काव्यका वर्ण्य विषय बनिसकेका बाबालाई **मुक्तिनाथ बाबा** महाकाव्यमा यसरी सम्झना गरिएको छ -

रक्षा गर्नुछ यो भन्दै धर्मधाम सबैतिर ।
यज्ञ यागादि गर्ने ती प्रज्ञा चक्षु सबैतिर ।।
नाम काम सबै तिम्रो एकताको दियो बनी ।
झुल्किन्छ दिव्य भै राम्रो धर्मवीर भयौ तिमी ।।

(भट्टराई २०७१: पृ.११६)

यो धर्तीको घरवरपरी यज्ञशाला उतारी
सारा माटो झलझल बनोस् ज्ञानगङ्गा छहारी ।
भन्दै बाबा अतुलमय ती यज्ञका साथ डुल्छन्
माटोको त्यो अमर ममता राष्ट्र बुझ्दै समाल्छन् ।।

(पूर्ववत् पृ.१९४)

५.५ गलेश्वर क्षेत्रको विकासमा सक्रिय व्यक्तिहरू

गलेश्वर धामको आध्यात्मिक विकासमा ब्रह्मलीन स्वामी डा.रामानन्द गिरि, स्वामी आत्मानन्द गिरि, स्वामी ज्ञानानन्द सरस्वती, ब्रह्मलीन स्वामी चेतानन्द सरस्वती महाराजहरूको महनीय भूमिका रहेको छ । उहाँहरूकै पद चिह्नलाई पछ्याउँदै केशवदास ब्रह्मचारी, ऋषि प्रपन्नाचार्यहरूले गरेका कार्यहरू पनि स्मरणीय छन् । अन्नक्षेत्रको व्यवस्थापन एवम् सञ्चालनमा पं.भीमनाथ

पराजुली र चन्द्रेश गिरिको सक्रियता छ भने समाजसेवी राधाकृष्ण पराजुलीद्वारा प्रारम्भ भएको भौतिक समुन्नतिको आधारशिलालाई मुक्तिनाथ सुवेदी, भगवान् श्रेष्ठ र एन.आर.एन संस्थाले पनि ठूलो टेवा दिएको पाइन्छ। १०८ शिवलिङ्ग, धर्मशाला र यज्ञशालाको निर्माण लगायत गलेश्वरको बृहत्तर विकासमा क्षेत्र विकास कोषका पूर्व अध्यक्ष महेश पराजुलीको क्रियाशीलता, माधवप्रसाद रेग्मी, रुद्रबहादुर के.सी., रामजी सुवेदीहरूको सेवा समर्पण अनुकरणीय देखिन्छन् । यसका अतिरिक्त स्थानीय साधु सन्त, विद्वान्, विदुषी एवम् व्यपारीहरूको पनि यस धामको समुन्नतिमा महत्त्वपूर्ण योगदान रहेको छ।

१०.धार्मिक सांस्कृतिक महत्त्व

हिमत्वखण्ड नेपालको मुक्तिक्षेत्रअन्तर्गत पर्ने गलेश्वर क्षेत्रका हरेक गाउँ नगरहरू कुनै न कुनै विशेषताले भरिएका देखिन्छन् । गणेश, देवी, सूर्य, शिव, विष्णु यी पाञ्चायन देवतामध्ये कुनै न कुनै देवी देवताहरूका मन्दिर नभएका ठाउँ छैनन् । पञ्चदेवोपासना नहुने कुनै घर छैनन् । सभ्य सुसंस्कृत आर्षपरम्पराबाट अनुप्राणित यहाँको जनजीवन निकै लोभ लाग्दो र अनुकरणीय देखिन्छ । जति नै दुःख आपत् परे पनि धर्म कर्म नछोड्नु, सबैको दुःखमा द्रवित हुनु र सुखमा प्रसन्न रहनु, सहिष्णुता र सद्भावको भावना हुनु, पर्व मेला महोत्सवमा रमाउनु, श्रम र पसिनामा विश्वास गर्नु, ईश्वरप्रति आस्था रहनु, इमान्दारिता र स्वाभिमानलाई नै आदर्श ठान्नुजस्ता यहाँका व्यक्तिहरूका विशेषता हुन् । यी र अन्य यस्तै यस्तै विशेषताहरू भेटिनुमा तीर्थस्थलको भक्तिमय परिवेश, पुराण प्रवचनको प्रभाव, पुण्यशील चरित्रका सन्त महात्माहरूको संगत आदि कारण हुन सक्छन् । धर्म र संस्कृति समाजका पहिचान हुन् । यहाँ यी दुई तत्त्व एक अर्कामा अन्तरघुलन भएर रहेका देखिन्छन् । यहाँको जनजीवन धर्म संस्कृतिसँग जोडिएर रहेको छ । यहाँका घाट, वेणी, मठ मन्दिर, आश्रम, पाटीपौवा र चौताराहरू जीवन व्यवहारका अभिन्न अङ्ग बनेका छन् । धार्मिक दृष्टिले यहाँ कालीगण्डकी, रहुगङ्गा र प्रच्छन्न रूपले रहेकी सरस्वती नदीको सङ्गम छ। भारतमा रहेको गङ्गा, यमुना सरस्वतीको सङ्गममा रहेको तीर्थराज प्रयागराजजस्तै यसलाई नेपालको आदि प्रयागको रूपमा पुराण वाङ्मयले परिभाषित गरेको छ। प्रयागले सामान्यतया

भारतको इलाहवाद नगर नजिकै पर्ने तीर्थलाई बुझाए पनि विषेश नदीहरूको वेणी र घाटलाई पनि बुझाएको पाइन्छ । जस्तै अलकानन्द र भागीरथीको सङ्गम **देवप्रयाग,** अलकानन्द र मन्दाकिनीको सङ्गम **रूद्रप्रयाग,** अलकानन्द र पिण्डरगङ्गाको सङ्गम **कर्णप्रयाग,** अलकानन्द र नन्दाको सङ्गम **नन्दप्रयाग,** भागीरथी र श्यामगङ्गाको सङ्गम **श्यामप्रयाग** भागीरथी र नीलगङ्गाको वेणी **गुप्तप्रयाग** आदि भारत वर्षमा दर्जनौं प्रयागहरूको अवस्थिति भेटिन्छ (कल्याण पुराण कथाङ्क पृ.१२६) । प्रकृष्टो याग फलं यत्र जहाँ याग अर्थात् यज्ञको फल प्राप्त हुन्छ, जहाँ देवनदीहरूको सङ्गम रहन्छ त्यस ठाउँलाई प्रयाग भन्न सकिन्छ । अर्को सन्दर्भमा **यस्मिन्जुह्वन्स्वकं पापं नरकं न प्रपश्यति प्रयाग इति (मत्स्यपुराण १११ /१)** । जहाँ स्नानादि कर्महरू गर्दा पापहरू पखालिएर साधकलाई नारकी गति भोग्नु पर्दैन त्यस्तो ठाउँ प्रयाग हो भन्ने मान्यताले पनि गलेश्वर धाममा मिसिन आउने कालीगण्डकी, रहुगङ्गा र सरस्वती नदीको सङ्गम एउटा विशिष्ट प्रयाग बन्न गएको छ ।

परापूर्व कालदेखि नै यहाँ स्नान दान पुण्यादि गर्दा मुक्ति मिल्दछ भन्ने जनविश्वास रहेकोले यसको धार्मिक महत्ता कति छ भन्ने कुरा यस तीर्थस्थलमा देखिने उर्लंदो जनलहरले नै बताउँछ । एउटै नदीमा गरिएको स्नानबाट मान्छेले रोग, शोक र भयबाट मुक्ति पाउँछ, ऊ कल्मषरहित हुन्छ, अनि अन्तमा सद्गति प्राप्त गर्दछ भन्ने समाजको धार्मिक विश्वास छ भने त्रिवेणीमा स्नान गर्दा अनन्त फल प्राप्ति हुन्छ भन्ने शास्त्र वचन छ । यस अर्थले पनि त्रिवेणी सङ्गम रहेको यस क्षेत्रको धार्मिक महत्त्व बढेको छ । पूर्वोक्त ऋषि, मनीषी, वीतरागी सन्त महात्मा, महापुरुषहरूको प्रिय तपस्थली भएकोले पनि यो धाम धार्मिक विशेषताले भरिएको सिद्ध हुन्छ । टाढा टाढाबाट आएर विषेश किसिमका अनुष्ठानहरू गर्नु, कालीगण्डकीका तीरमा देहविसर्जन गरे सिधै स्वर्ग जान पाइन्छ भन्ने विश्वास राख्नु, मनोकामना सिद्धिका लागि महिनौंसम्म व्रत उपवास गर्नु, घर परिवार त्यागेर कल्पवास बस्नका लागि यही ठाउँलाई रोज्नु, तीर्थयात्री, साधु सन्त, वैदिक वटुहरूलाई भोजन गराउनु लगायतका कर्महरूलाई धर्म कर्मसँग जोडेर हेरिएको पाइन्छ । विभिन्न पर्व र उत्सवसँग जोडिएर आउने वर्षदिन भरिका सङ्क्रान्ति, विशेष तिथि, सूर्य चन्द्र ग्रहण, अयन परिवर्तन आदिका

सन्दर्भमा यही तीर्थस्थललाई आधार बनाइनुले समेत यस ठाउँको धार्मिक महत्त्वलाई प्रस्तुत गर्दछन् ।

धार्मिक आस्थासँग जोडिएको गण्डकी स्नानले एकातिर यहाँका व्यक्तिहरूमा देखिने पुण्यकर्मप्रतिको गहिरो विश्वासलाई प्रकट गर्दछ भने अर्कातिर जलसम्पदा एवं प्रकृतिप्रतिको सम्मान भाव राख्ने वैदिक धर्मानुयायीहरूको सभ्य संस्कृतिको सङ्केत गर्दछन् । विषेश गरेर नववर्षारम्भको सङ्क्रान्ति, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, हरिशयिनी एवं हरिबोधनी एकादशीका दिन यहाँ गण्डकी स्नान गर्नेको भीड लाग्दछ भने हरिबोधनी एकादशी, भीष्मपञ्चक, चतुर्मास व्रत समाप्तिका अवसरमा टाढाटाढाबाट बाजागाजासहित भजन कीर्तन गर्दै रङ्गीविरङ्गी फूलमाला र धजा पतकाले सिंगारिएको तोरणलाई श्रद्धा आदरका साथ डोलामा राखेर ल्याइन्छ र भक्तिपूर्वक गण्डकीको पूजाआजा गरी तोरण टाँगिन्छ । त्यति बेला सयौं तोरणले सिंगारीएकी गण्डकीलाई देख्दा जो कुनै पनि व्यक्ति पुलकित हुन्छ, शिर श्रद्धाले झुक्दछ , हृदयमा भक्तिका अनन्त भावलहरहरू उर्लन्छन् भने मनमा अपार आनन्दको अनुभूति हुन्छ । ब्राह्मण, क्षेत्री, नेवार, मगर, गुरुङ, थकाली, छन्त्याल आदि वर्ण समुदायका व्यक्तिहरूको साझा गन्तव्यको भूमि बनेको यस ठाउँमा यी पर्व महोत्सवहरूले एकातिर धार्मिक परम्पराको निरन्तरता दिएका छन् भने भजन कीर्तन, झाँकी, नृत्य आदिका माध्यमबाट उदार र समन्वयात्मक मौलिक लोकसंस्कृतिको महत्त्वलाई बढाइरहेका छन् ।

बालाचतुर्दशी गलेश्वरधामको प्रसिद्धको अर्को कारण हो । यस अवसरमा यहाँ आफ्ना दिवंगत पितृको उद्धारका कामनाले नेपालका विभिन्न जिल्लाहरूबाट आएर भक्तहरूले शतबीज छर्ने गर्दछन् । त्रयोदशी तिथिमा रातभर जाग्राम बसी हरिकीर्तनका साथ अखण्ड बत्ती बाली भोलिपल्ट शतबीज छर्ने र दानपुण्य गर्ने प्रचलन विगतमा भन्दा बढेर गएको छ । यो पर्व प्रत्यक्षतः धर्मकर्मसँग सम्बद्ध देखिए पनि अप्रत्यक्षतः यस समयमा देखिने भेषभूषा, भाषा, भाषिका, चालचलन गीत सङ्गीतले नेपाली समाजको

बहुविध संस्कृतिको झलक दिन्छन् भने व्यापार र पर्यटनका क्षेत्रमा समेत टेवा पुऱ्याएका हुन्छन् ।

बालाचतुर्दशीजस्तै शिवरात्रि पनि गलेश्वरको विशेष पर्व हो । शिवधुनी जगाएर रातभर जाग्राम बस्नु, माना बराबर पीठोबाट बनेको विशेष पक्वान्न (रोट) चढाउनु यस क्षेत्रका व्यक्तिहरूको परम्परा नै बनेको छ । अक्षय तृतीया अर्थात् परशुराम जयन्ती पर्वले पनि विशेष महत्त्व राख्दछ । यस दिन गरिएको दानपुण्यको फल अक्षय हुन्छ भन्ने विश्वासका साथ टाढाटाढाका जिल्लाहरूबाट आएर सर्बत र सातु बाँड्ने प्रचलन बढ्दो छ । यसले दान, पुण्य नगरी नहुने कर्म हो भन्ने धारणाको विकास गरेको छ । साउने सोमवार शिवजीको विशेष वार हो । यस दिनमा शिवलिङ्ग माथि जलधारा लगाइयो भने शिव प्रसन्न हुन्छन् भन्ने मान्यता छ । धर्मप्राण नेपाली समाजले जसरी देशभर यसको अवलम्बन गरेको छ त्यसै गरी प्रतिवर्ष यहाँको शिवालयमा भक्तहरूको छिचोली नसक्ने घुइँचो लाग्ने क्रम जारी छ । यसले एकातिर हिन्दूधर्मप्रतिको आस्थालाई बढाएको छ भने अर्कोतर्फ धार्मिक महोत्सवको रूप लिँदै गएको छ ।

धनुर्मास अर्थात् पौष महिना भगवान् विष्णुको विशेष महिना हो । यस महिनामा गलेश्वर परिसरमै रहेको चक्रहरि राधाकृष्ण मन्दिरमा विशेष उत्सव हुन्छ । यस महिनाको यो उत्सवले एउटा नव आयाम थपेको छ ।

११.पर्यटकीय विशेषता

कालीगण्डकी प्रस्रवण क्षेत्रले एकातिर धार्मिक पौराणिक महत्त्वका कारण समस्त वैदिक धर्मावलम्बीहरूको आस्थाको प्रतिनिधित्व गरिरहेको छ भने अर्कातिर यो क्षेत्र सुशीतल जलप्रवाह, भौगोलिक वैचित्र्य, एवम् प्राकृतिक सम्पदाका कारण विश्वकै पर्यटनप्रिय मानवहरूका लागि गन्तव्यको प्रियक्षेत्र भइरहेको छ । यही कालीगण्डकी प्रस्रवणको एउटा मुख्य केन्द्रको रूपमा रहेको गलेश्वरधामले आन्तरिक र बाह्य पर्यटकहरूलाई लोभ्याइरहेको छ । पौराणिक, धार्मिक, प्राकृतिक र सांस्कृतिक महत्त्व बोकेको विश्वदुर्लभ विशाल चक्रशिला नै यसको आधार हो । यहाँ यातायातको पहुँच

पुगेसँगै दिनप्रतिदिन आन्तरिक र बाह्य पर्यटकहरूको लोभ लाग्दो उपस्थिति देख्न पाइन्छ। मुख्यतः यो क्षेत्र मुक्तिनाथ दामोदरकुण्डजस्ता शीर्ष तीर्थस्थलहरूको प्रवेशद्वारको रूपमा रहेको हुँदा बढी मात्रामा धार्मिक पर्यटकहरू भित्रने गर्दछन् । शैक्षिक तथा विभिन्न संघसंस्थाहरूको भ्रमण अवलोकन, अध्ययन र, भौगोलिक सांस्कृतिक प्राकृतिक रहस्यहरूको अन्वेषणकर्ताहरूका लागि पनि यो क्षेत्र रोजाइको विषय बन्न थालेको छ। यहाँ विशेष पर्व उत्सवहरूमा हुने मेला महोत्सवका माध्यमले पनि हजारौंको संख्यामा पर्यटकहरू भित्रिरहेका हुन्छन् । धार्मिक सांस्कृतिक पक्षले मात्र नभएर यो क्षेत्र व्यापार प्रवर्धन र नेपाल भ्रमणका लागि पनि एउटा प्रमुख गन्तव्य बन्न सक्ने देखिन्छ। यस क्षेत्रलाई कालीगण्डकी करिडोर सम्पन्न भएपछि कोरला नाका हुँदै चीनको मानसरोवरसम्म जाने तीर्थयात्रीहरूको विश्रामस्थलका रूपमा विकास गर्न सके अहिलेको सङ्ख्यामा तेब्बर वृद्धि हुने अनुमान गर्न सकिन्छ।

यहाँ गलेश्वर क्षेत्रका अतिरिक्त पर्यटनका अन्य केन्द्रहरू पनि छन् तर तिनको सही सूचना प्रवाह नहुँदा टाढाटाढाबाट आएका यात्रीहरू त्यसै फर्कने गरेको पाइन्छ। त्यसैले गलेश्वरको पर्यटकीय विशेषतालाई बुझाउनका लागि छिमेकी जिल्ला र गाउँ नगरका दर्शनीय स्थलहरूसँग जोड्न आवश्यक छ। **गलेश्वर पुलहाश्रम** अनि **कालञ्जर** क्षेत्र एक अर्काका परिपूरक हुन् । भरतले तपस्या गरेको पुलहाश्रम, स्नान गरेको कालीगण्डकी अनि मृग भएर घुमेको कालञ्जर पर्वत र त्यस वरपरका पर्यटकीय स्थलहरूको समेत उत्तिकै महत्त्व छ। गलेश्वरको पूर्वी भागमा अवस्थित नेपालको इतिहासमै प्रसिद्ध मल्लाजको ऐतिहासिक दरबार एवम् त्यस क्षेत्रमा रहेका गिद्धेश्वर, सर्षकमाए, फलामे डाँडा, शिर्पु, हम्पाल, जलजला, धाईरिङ्ग भूमे आदि, दक्षिण पश्चिमतर्फ रहेका पुलहाश्रम, जगन्नाथ मन्दिर, टोडकेको स्वर्गद्वारी आश्रम एवम् उत्तरतर्फ राखु भगवती कोटजस्ता धार्मिक ऐतिहासिक महत्त्वका स्थलहरूका बारे जानकारी गराउन आवश्यक छ।

१२.विकासका सम्भावना

कुनै पनि ठाउँको विकास चेतना, जागरण, परिश्रम, उद्यम आदि क्रियाकलापमा निर्भर रहन्छ । विकास भनेको विगतको भन्दा वर्तमान, वर्तमानभन्दा भविष्य क्रमशः सुधारोन्मुख हुँदै यथास्थितिबाट माथि उठेर सम्भावनाको खोजी गरी तदनुरूपको कार्य गर्नु हो । विकासका दृष्टिले गलेश्वरधाम प्रशस्त सम्भावना बोकेको क्षेत्र हो । यो क्षेत्र आफैमा विशिष्ट स्थल भएकोले यसको आफ्नै किसिमको बहुआयामिक विकास हुन सक्ने देखिन्छ । यहाँ सम्भावना र विकासका लागि अपनाउनुपर्ने उपाय प्रस्तुत गरिन्छ -

१२.१.अलौकिक तीर्थस्थलका रूपमा विकास

माथि नै चर्चा गरिसकियो कि यो क्षेत्र संसारकै दुर्लभ र विस्मयकारी चक्रशिला भएको पावन स्थल हो । प्रकृतिको वरदान भनौं अथवा नेपालीहरूको सौभाग्य ९ रोपनीको क्षेत्रफलमा फैलिएको एउटै विशाल चट्टान, चट्टानमाथि पौराणिक वाङ्मयमा निर्दिष्ट अनेक अभिलक्षणहरू भेटिने शालग्रामका विचित्र आकृतिहरू त्यसैमा समुत्पन्न स्वयम्भू हिरण्यगर्भ, अनि माटोरहित पत्थरकै बीचमा कहिल्यै नसुक्ने जलकुण्ड त्यसैमा देखिने पीपलको वृक्ष, हरि विष्णु र हर शिवको एकत्वको भूमि यस्तै यस्तै विशेषताले भरिएको यो दिव्यभूमि सृष्टिको अनुपम नमूना हो भने कहिल्यै नरित्तिने नसिद्धिने प्राकृतिक सम्पदा पनि हो । यस सम्पदालाई विश्वकै अलौकिक तीर्थस्थलका रूपमा विकास गरी विश्व सम्पदासूचीमा सूचीकृत गर्न सके यसको बृहत्तर विकासको ढोका खुल्ने सम्भावना छ ।

१२.२.आध्यात्मिक साधनाको केन्द्र

श्रीमद्भागवतमहापुराण, वाराहपुराण, स्कन्दपुराण आदि पौराणिक वाङ्मयका अनेक ग्रन्थहरूमा वर्णित गलेश्वर पुलहाश्रमका पावन परिसरमा जीवन उत्सर्ग गरेका ज्ञानगुरु राजर्षि जडभरत, साङ्ख्यशास्त्रका प्रवर्तक महर्षि कपिल अनि राजा रहुगणका त्याग साधना र उदारताको सही व्याख्या गरी अध्यात्म साधनाको केन्द्रका रूपमा विकास गर्न सकिन्छ । जसबाट द्वन्द्व, कलह र अशान्तिले छट्पटिएको मानव समाज आत्मिक सुख

शान्ति प्राप्त गरी लोककल्याणको मार्गमा उन्मुख हुनसक्ने देखिन्छ ।

१२.३.गण्डकी प्रदेशका चार धाममध्ये विशिष्ट धामका रूपमा विकास

भारतका चार धाम बदरीनाथ, जगन्नाथ, रामेश्वर, द्वारका र नेपालका चार धाम मुक्तिक्षेत्र, वराहक्षेत्र, पाशुपतक्षेत्र, रुरुक्षेत्रजस्तै गण्डकीका त्रिवेणी, देववघाट, मुक्तिनाथ र गलेश्वर यी चार तीर्थस्थलमध्येको गलेश्वर धामलाई एउटा विशिष्ट धामका रूपमा विकास गर्न सकिने देखिन्छ ।

१२.४.प्रमुख पर्यटकीय गन्तव्य

निर्माणाधीन कालीगण्डकी करिडोर गलेश्वर क्षेत्र हुँदै जोमसोमतर्फ जाने हुँदा यस ठाउँलाई पर्यटकहरूको विश्रामस्थलका रूपमा विकसित गरी आन्तरिक बाह्य पर्यटकहरू भित्राउन सकिने सम्भावना छ । गलेश्वर धामका तीन त्रिकोणमा रहेका गलेश्वर शिवालय क्षेत्र, गायत्री ध्यानाश्रम र राममन्दिर लाई तीन तिरैबाट जोडी परिक्रमा मार्ग बनाएर धार्मिक पर्यटकहरूको आकर्षण बढाउन सकिन्छ ।

गलेश्वर धामसँग अन्तरसम्बन्ध रहेका कालञ्जर क्षेत्रभित्रका सर्षकमाए, गिद्धेश्वर, हम्पाल, शिर्पु र पुलहाश्रमतर्फका पौलस्त्य आश्रम, जगन्नाथ मन्दिर, टोड्के पात्लेखेत अनि उत्तरी भेगमा अवस्थित राखु भगवतीसम्म रज्जुमार्ग निर्माण गरी अग्ला अग्ला पर्वत शिखरहरूमा रहेका धार्मिक, प्राकृतिक र ऐतिहासिक स्थलहरूको भ्रमण र दृश्यावलोकनको आनन्द प्राप्त गर्न सकिने देखिन्छ ।

१३.निष्कर्ष

नेपालका अन्य तीर्थस्थलहरूझैँ कालञ्जर क्षेत्रअन्तर्गतको गलेश्वर धाम पनि एउटा महनीय तीर्थस्थल हो । धार्मिक सांस्कृतिक र पर्यटकीय महत्ताका प्रशस्त सम्भावनाहरू हुँदाहुँदै पनि जुन रूपले यस धामको विकास हुनपर्ने हो त्यति हुन सकेको छैन । धार्मिक, पौराणिक सन्दर्भले मात्र होइन प्राकृतिक, भौगोलिक, पर्यावरणीय र पर्यटकीय विलक्षणताले पनि यो क्षेत्र समस्त पृथ्वीतलका दुर्लभ भूमिहरूमध्येको आश्चर्यकारी भूखण्ड हो भन्न अत्युक्ति हुँदैन । कुनै पनि ठाउँको महत्त्वबोध गर्न बाहिरी दृष्टि मात्र पर्याप्त हुँदैन त्यहाँ सूक्ष्म निरीक्षणको आवश्यकता रहन्छ । अर्थात् भनौं त्यस ठाउँको

समग्र गवेषणले मात्र वास्तविकतालाई बुझ्न सकिन्छ । गलेश्वर धामको दृश्यजगत् र संवेद्य जगत्लाई एकैसाथ आत्मसात गर्दै जाँदा यहाँ हरेक द्रष्टालाई एकातिर आर्ष सभ्यताको आलोक फैलिएको जस्तो लाग्छ भने अर्कातिर छुट्टै किसिमको नयनाभिराम प्रकृतिको काखमा पुगेको अनुभव हुँदै जान्छ । आदिकालका ज्ञानयोगी राजर्षि भरत हुन् अथवा राजा रहुगण आदि तपसी पुलस्त्य पुलह हुन् अथवा साङ्ख्याचार्य महायोगी कपिलमुनि, पछिल्लो समयका सिद्धपुरुष गुरु ईश्वरानन्द (गलेश्वर बाबा) हुन् अथवा तपोममूर्ति दण्डीस्वामी महाराज त्यसैगरी ज्ञानमूर्ति षडाचार्य स्वामी श्रीधराचार्य हुन् अथवा सन्तपुरूष चेतानन्द सरस्वती एवम् अन्यान्य देशविदेशका धार्मिक तीर्थयात्री हुन् अथवा वीतरागी योगी सन्न्यासी, घुमन्ते फकिर हुन् अथवा कल्पवासी वृद्धवृद्धा यी सबै पुण्यात्माहरूको, अध्येता अनुसन्धानहरूको प्रिय भूमि हो । त्यागी, योगी, साधक, साधिका, सन्त, महात्मा, विद्वान् विदुषीहरूको साधना र ज्ञानको दिव्य तपस्थली बनेको यस धामको हिजो जति महत्त्व थियो आज पनि त्यत्तिकै महत्त्व बढिरहेको छ । यहाँको पौराणिक आख्यानको आफ्नै विशेषता छ भने भूबनोट एवम् शान्त सुन्दर प्रकृतिको अर्कै महत्ता छ । यस क्षेत्रलाई केवल धर्म संस्कृतिसँग साधना र उपासनासँग मात्र सीमित गर्नुहुँदैन । अपितु यस क्षेत्रका बहुविध विशेषताहरूको खोजी र पहिचान हुनुपर्ने देखिन्छ । त्यसो भएमा यो क्षेत्र म्याग्दी जिल्लाको मात्र नभएर समग्र गण्डकी प्रदेश अनि देवभूमि नेपालकै उत्कृष्ट गन्तव्यको भूमि बन्न सक्ने निश्चय गर्न सकिन्छ ।

सन्दर्भस्रोत

आचार्य , आनन्द अरुण (सन् २००६), सन्त दर्शन, काठमाडौं ओशोतपोवन ।

आचार्य, चक्रपाणि (वि.सं.२०७५), 'त्रिदण्डी श्री पराङ्कुशाचार्य स्वामीको जीवन चरितामृत' त्रिदण्डी श्री पराङ्कुशाचार्य दिव्याभिनन्दन ग्रन्थ, नवलपरासी : गैडाकोट शुकदेव भागवत आश्रम ।

कण्डेल, दामोदर (वि.सं २०६८), जीवको पुकार, प्रकाशक स्वयं चितवन : नारायणगढ ।

कल्याण, पुराणकथाङ्क (वि.सं.२०४६) गोरखपुर : गीताप्रेस पृ.१२६ ।

कल्हण, (सन् २००४) राजतरङ्गिणी, व्या. रामतेज शास्त्री पाण्डे, दिल्ली : चौखम्बा

सं. प्रतिष्ठान।
कान्तिपुर राष्ट्रिय दैनिक, कार्तिक ८, २०७५।
कालिदास, (वि.सं.२०१२) मेघदूत, व्या.दयाशङ्कर शास्त्री, वाराणसी : चौखम्वा सुरभारती।
कूर्मपुराण (सन् १९८६), (द्वितीय खण्ड) सम्पा.पं.श्रीराम शर्मा आचार्य, वरेली : संस्कृति संस्थान ।
क्षेत्री, दिलबहादुर (वि.सं.२०५६), गलेश्वर शिवालय तथा पुलहाश्रम क्षेत्र संक्षिप्त परिचय, म्याग्दी : गलेश्वर शिवालय क्षेत्र विकास समिति।
गरुडमहापुराण (सन् २०१२), पुनमुद्रण सं. दिल्ली : जवाहर नगर नागपब्लिशर्स।
गलेश्वर विराट् महायज्ञ स्मारिका, (२०५६), म्याग्दी : गलेश्वरक्षेत्र विकास कोष।
गाउँ विकास योजना (वि.सं. २०७५), पर्वत : जलजला गाउँपालिका लामाखेत।
गोविन्दाचार्य, (वि.सं.२०७१) 'श्रीधराचार्य स्वामीज्यूको जीवन चरित्र' स्वामी श्रीधराचार्य स्मृतिग्रन्थ (२०७१), अखण्डज्योति बाबा स्वामी श्रीजीच्यारिटेवल ट्रस्ट तीर्थस्थल विकास राष्ट्रिय समिति।
जि.वि.स.पर्वत, (वि.सं.२०७०) जिल्ला पर्यटन विकास गुरुयोजना, कुस्मा : जि.वि.स.पर्वत तथा पर्वत विकास समाज काठमाडौं
पद्मपुराण (सन् १९८४), सम्पा. नागशरण सिंह. दिल्ली : जवाहरनगर नाग पब्लिशर्स।
पन्थी, टीकाराम (२०४२), केही जनश्रुतिहरू, गुल्मी : तम्घास किरण पुस्तकालय।
पराङ्कुशाचार्य (वि.सं. २०७२), श्री रहस्यरत्नमाला, नवलपरासी : गैडाकोट शुकदेव भागवत आश्रम ।
पराजुली, ठाकुर (वि.सं.२०५६) 'गलेश्वरका सन्त र वहाँको गलेश्वर आश्रम' गलेश्वर विराट् महायज्ञ स्मारिका, म्याग्दी : गलेश्वरक्षेत्र विकास कोष।
पराजुली, कृष्णप्रसाद (वि.सं.२०७६) कालञ्जरवर्णनम्, अप्रकाशित।
पराजुली, बालकृष्ण (वि.सं.२०५७)उपयोगी कर्मकाण्डमाला, दो.सं., पोखरा : विन्ध्यवासिनी पुस्तक भवन।
पुरुषोत्तममासमाहात्म्य, टीकाकार एकदेव उपाध्याय, वाराणसी : बम्वई पुस्तक भवन।
पोखरेल, बालकृष्ण र अन्य (२०५५), नेपाली बृहत् शब्दकोश, काठमाडौं :नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

पौडेल, जयदेव (प्रकाशक र मितिनभएको) गोरखाख्यायिका महाकाव्य, पर्वत।
पौडेल, षडानन्द (वि.सं.२०७२), मोहनबहादुर मल्लका उपन्यासमा सामाजिक यथार्थवाद, बागलुङ : दीअ प्रकाशन।
प्रेम छोटा (वि.सं. २०४४), धवलागिरिका केही लोक संस्कृतिहरू, पुलचोक : साझा प्रकाशन।
प्रेम छोटा (वि.सं. २०७०),धवलागिरिको सांस्कृतिक सम्पदा, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।
भट्टराई, ज्ञानेश्वर (वि.सं. २०७४/७५), बृहत् ज्ञानकोश, काठमाडौं : वागबजार आभीष बुक हाउस प्रा.लि।
भट्टराई, सीता (वि.सं.२०७१) मुक्तिनाथ बाबा माहकाव्य, काठमाडौं : ज्ञानदीप शिक्षा सदन।
भट्टाचार्य, तारानाथ तर्कवाचस्पति (सन् २००२), वाचस्पत्यम्, पुनर्मुद्रित सं. दिल्ली : जनकपुरी।
मत्स्यपुराण (वि.सं.२०७२), ग्यारहवाँ पुनर्मुद्रण सं.,गोरखपुर : गीताप्रेस।
महाभारत (वि.सं. २०७०), (चौदहवां संस्करण) गोरखपुर : गीताप्रेस।
योगी, नरहरिनाथ, (वि.सं. २०३८), देवभूमि भारत एवम् आध्यात्मिक नेपाल, काष्ठमण्डप : गोरक्षपीठ, मृगस्थली।
रेग्मी, जगन्नाथ (वि.सं.२०६४) ,अन्तरङ्गका तरङ्गहरू, पोखरा : लेखनाथ साहित्य प्रतिष्ठान।
रेग्मी, जगन्नाथ (वि.सं. २०७०), धवलागिरि खण्डकाव्य, पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान।
रेग्मी, जगन्नाथ (वि.सं. २०७१), 'तस्मै श्री गुरवे नम' स्वामी श्रीधराचार्य स्मृतिग्रन्थ नेपाल : अखण्डज्योति बाबा स्वामी श्रीजीच्यारिटेवल ट्रस्ट तीर्थस्थल विकास राष्ट्रिय समिति पृ. ३६१।
रेग्मी, जगन्नाथ (वि.सं. २०७३ असोज २२), 'कालञ्जरक्षेत्रका अनुद्घाटित रहस्यहरू', आदर्श समाज राष्ट्रिय दैनिक, पोखरा।
रेग्मी, भोला (वि.सं.२०५८) 'म्याग्दी जिल्लाका केही धार्मिक सांस्कृतिक र ऐतिहासिक सम्पदा' गलेश्वर विराट् महायज्ञ स्मारिका, म्याग्दी :

गलेश्वरक्षेत्र विकास कोष, पृ.६२।
रेग्मी, हिरालाल र पन्त सरोज (वि.सं.२०७४), ऐतिहासिक तथा पौराणिक कालञ्जर हम्पाल पर्वत, पर्वत : जिल्ला समन्वय समिति कार्यालय।
लिङ्गमहापुराण (वि.सं.२०७१), (सचित्र हिन्दी व्याख्यासहित) गोरखपुर : गीताप्रेस।
वस्तुगत विवरण (२०७५), म्याग्दी : बेनी नगरपालिका बेनी।
वाराहपुराण (सन् १९८२), सम्पा. हृषीकेश शास्त्री, वाराणसी : चौखम्बा अमर भारती प्रकाशन।
विष्णुपुराण (वि.सं. २०७४), अनु. मुनिलाल गुप्त गोरखपुर : गीताप्रेस।
शर्मा, लीलाधर (सन १९९६), भारतीय संस्कृतिकोश (संशोधन सं.) दिल्ली : मदरसा रोड राजपाल एण्ड सन्स काश्मिरी गेट।
शिवमहापुराण (वि.सं.२०५९)नेपाली भाषानुवाद, काठमाडौं : पशुपतिक्षेत्र विकास कोष सञ्चालक परिषद्।
शिवमहिम्नःस्तोत्र, (वि.सं.२०७०) अनु.रामानन्द गिरि, देवघाट : महेश संस्कृत गुरुकुलम्।
श्रीनिवास मुक्तिनारायण रामानुज जीयर, श्री मुक्तिहरिस्तुतिमञ्जरी, (मिति नभएको) काठमाडौं : श्रीधराचार्य यतिराज प्रकाशन।
श्रीमद्भागवतमहापुराण (वि.सं.२०५८), अठारहवाँ संस्करण, गोरखपुर : गीताप्रेस ।
श्रीमद्देवीभागवतमहापुराण (वि.सं.२०७२), अनु. वेणीमाधव ढकाल काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।
समाधान राष्ट्रिय दैनिक साउन ३०, २०७५, पोखरा, कास्की।
सूक्तिमुक्ताहार, (वि.सं.२०५८) अनु. किञ्जल्क, पोखरा : भैरवटोल भैषज्यसदन।
सूरि, काशीराम (वि.सं.२०५५), गण्डकीमाहात्म्य, अनु. टीकाराम अधिकारी दाङ : म.सं.वि.।
स्यार राजा राधाकान्तदेव (सन्२००२), शब्दकल्पद्रुम, (पुनर्मुद्रण सं.) दिल्ली : जनकपुरी राष्ट्रिय संस्कृत संस्थान।

सन्दर्भ व्यक्ति

अम्बरबहादुर बरुवाल , पोखरा ५ मालेपाटन कास्की।

केशवदास ब्रह्मचारी (पीठाधीश, राममन्दिर) जलजला २ पर्वत।

कृष्णानन्द गिरि (गायत्री ध्यानाश्रम) म्याग्दी ।

कृष्णप्रसाद पराजुली शिशु, जलजला ६ दीप, पर्वत।

कृष्णप्रसाद रेग्मी , जलजला ५ लेकफाँट, पर्वत।

चेतानन्द सरस्वती (गायत्री ध्यानाश्रम) म्याग्दी।

जगन्नाथ आचार्य (प्र.अ. विद्यामन्दिर मा. वि.) बागलुङ।

क्या.टेकबहादुर जि.सी., जलजला ४ माझफाँट पर्वत।

डम्बरबहादुर जि.सी.,जलजला ४ माझफाँट, पर्वत

पं. डिलनाथ रेग्मी, जलजला ४ मिलनचोक पर्वत।

तारानन्द गिरि (गायत्री ध्यानाश्रम) म्याग्दी।

पं. तीर्थराज सुवेदी, देवपुर, पर्वत।

थलबहादुर जि.सी., जलजला ४ माझफाँट पर्वत।

दण्डपाणि रिजाल (समाजसेवी) जलजला ७ पर्वत।

धर्मदत्त रेग्मी, जलजला ५ लेकफाँट पर्वत।

ज्यो.प्रकाशआचार्य, जलजला ७ धाइरिङ पर्वत।

महेश पराजुली, (पूर्व अध्यक्ष गलेश्वर क्षेत्र विकास कोष), पोखरा सृजनाचोक।

पं. मेघनाथ पौडेल, जलजला ४ माझफाँट पर्वत।

रुद्र बहादुर के.सी (अध्यक्ष गलेश्वर क्षेत्र विकास कोष) म्याग्दी।

लीलानाथ असन्तोषी, जलजला ४ माझफाँट पर्वत।

सु.शेरबहादुर खत्री, जलजला ओखरवोट।

हरि प्रपन्न शर्मा कण्डेल, चितवन।

क्या. हर्कबहादुर पुर्जा, पोखरा-३, नदीपुर कास्की।

हीराबहादुर जि.सी., जलजला ५ गैरीगाउँ, पर्वत।

✡✡✡✡



कालञ्जरमा अवस्थित नीलकण्ठेश्वर महादेव मन्दिर र धर्मशाला

गण्डकी गोपाल गौशाला, धाइरिङ्





शिवालय मन्दिर सहसकगाए



मल्लाजको पुरानो ऐतिहासिक दरबार

जलजला-७, खनियाघाटमा अवस्थित शुक्लेश्वर शिवालय

गुप्तेश्वर गुफा, कुस्मा पर्वत

नाम : डा.जगन्नाथ रेग्मी (नवराज)

जन्म : २०३५/१/१०

माता : सरस्वती रेग्मी

पिता : लीलाधर रेग्मी

जन्मस्थान : जलजला –५ लेकफांट , पर्वत

बसोबास : पोखरा महानगरपालिका –५, माछापुच्छ्रेमार्ग, मालेपाटन, कास्की

फोन/मोबाइल : ०६१-४१९४५५, , ९८५६०४८३२१

इमेल : jagan.regmi8@gmail.com

शिक्षा : साहित्याचार्य, एम्. ए. (नेपाली), विद्यावारिधि (Ph.D)

सम्प्रति : उप-प्राध्यापक नेपाल संस्कृत विश्वविद्यालय, वि.सं.वि.पोखरा

प्रकाशित कृति
१) अन्तरङ्गका तरङ्गहरू(कवितासङ्ग्रह) (वि.सं २०६४)
२) चारुचित्र (कवितासङ्ग्रह) (वि.सं २०६७)
३) धवलागिरि (खण्डकाव्य) (वि.सं २०७०)
४) कालञ्जर क्षेत्र र गलेश्वर धाम (पौराणिक विमर्श)

प्रकाशनोन्मुख कृतिः १) काव्यसूक्ति सुधा , २) अन्तर्नाद (कवितासङ्ग्रह)
३) हिमाद्रिमहिम्नः काव्यसौन्दर्यम् (विवेचना)
४) कालीगण्डकी दर्शन (सम्पादन)

सम्पादन
१) अरुणोदय
२) निशान्त
३) अवधारणा
४) प्राज्ञसुरभि
५) स्वामी श्री श्रीधराचार्य स्मृति ग्रन्थ
६) विचार प्रवाह

पुरस्कार/ पदक

- महेन्द्र विद्याभूषण (ख)
- महेन्द्र विद्याभूषण (ग)
- महर्षि कश्यप पदक
- ब्रह्मर्षि वशिष्ठ पदक
- कुलपति पदक
- उपकुलपति पदक
- लीलाबल्लभ पन्त पदक
- अम्बिकालोक पुरस्कार (२०५५
- चेतोनाथ साहित्य पुरस्कार(२०५५)
- अम्बिकालोक पुरस्कार (२०५७
- गीताञ्जली साहित्य रत्न पुरस्कार (२०७३)
- विद्यावारिधि (पीएच.डी) विद्वद्वृत्ति विश्वविद्यालय अनुदान आयोग

978-9937-0-6286-2